# संघीय मामिला तथा स्थानीय विकास ले.प. निर्देशानालय

पत्र संख्या: २०७४/७५
च.नं. १०६७ मिति: २०७४।१२।९

विषय: **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुखज्यू,
काठमाडौं महानगरपालिकाको कार्यालय,
काठमाडौं ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस महानगरपालिकाको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४।१२।२ मा छलफल पश्चात् तयार गरिएको पाना ५३ (त्रिपन्न) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

**बोधार्थ तथा कार्यार्थः**
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरवार, काठमाडौंः- प्रतिवेदन संलग्न छ ।

(नारायण मरासिनी)
निर्देशक

# काठमाडौं महानगरपालिकाको कार्यालय
## आर्थिक कारोबारको स्थिति
## २०७३।७४

**वासलात**

1. महानरपालिकाबाट २०७४ आषाढ मसान्तको वासलात देहाय बमोजिम प्राप्त भएको छ :

| विवरण | अनुसुचि | यस वर्षको (रु.) | गत वर्षको (रु.) |
|---|---|---|---|
| **कोष** | | | |
| जगेडा कोष | ०१ | (६८,७११,६५६।९६) | (६८,७११,६५६।९६) |
| संचित वचत□(घाटा) | ०२ | २,४४९,५७७,५१४।६४ | २,५६०,८२५,११९।५९ |
| दीर्घकालिन ऋण | ०३ | ४६१,६११,९४८।०९ | ४६१,६११,९४८।०९ |
| **कुल जम्मा** | | **२,८४,२४,७७,८०५।७७** | **२,९५३,७२५,४१०।७२** |
| **सम्पत्ति** | | | |
| स्थिर सम्पत्ति | ०४ | ८०७,४६५,५४५।२२ | ७४३,९३५,६४८।२२ |
| दीर्घकालिन लगानीहरु | ०५ | २७५,१८९,४९।७१ | २२५,१८९,४९५।७१ |
| **चालु सम्पत्ति** | | | |
| जिन्सी सामानहरु | ०६ | (३६,१४६,२९४।५१) | १,३६२,५५७०४ |
| पेश्की, सापटी तथा धरौटी | ०७ | १९०,१३८,३६२।७८ | १९४,९०८,५८९।७८ |
| नगद तथा बैंक मौज्दात | ०८ | ५४९,६३५,३३८।८० | ४६६,०६७,८३९।८६ |
| अन्तर विभाग हिसाब | ०९ | १,९०४,०१२,४८१।४९ | २,०९०,७६४,७९६।३५ |
| **जम्मा चालु सम्पत्ति(क)** | | **२,६०७,६३९,८८८।५६** | **२,७५३,१०३,७८३।०३** |
| **न्यून: चालु दायित्व** | | | |
| अल्पकालिन धरौटीहरु | १० | २३२,४९५,५३८।८७ | १५९,२५५,११५।७१ |
| अन्य भुक्तानी दिन बाक्की हिसाबहरु | ११ | ६१०,४८१,२५०।३२ | ६०४,४०८,०६६।०० |
| व्यवस्था ह्रास | १३ | ४,८४०,३३४।५३ | ७६८,५०३,५१६।२४ |
| **जम्मा चालु दायित्व(ख)** | | **८४७,८१७,१२३।७२** | **७६८,५०३,५१६।२४** |
| **खुद चालु सम्पत्ति(क-ख)** | | **३,४५५,४५७,०१२।२८** | **३,५२१,६०७,२९९।२७** |
| **कुल जम्मा** | | **२,८४२,४७७,८०५।७७** | **२,९५३,७२५,४१०।७२** |

उपरोक्त कारोबारको पेश भएसम्मको स्रेस्ता, स्वीकृत लेखापरीक्षण योजना अनुसार नमूना छनौट एवं लेखापरीक्षणको सिद्धान्त अनुसार परीक्षण गरी देखिएका व्यहोरा उपर मिति २०७४।१२।२ मा व्यवस्थापन पक्षसंग छलफल गरी कायम भएका व्यहोरा यस प्रकार छन् :

वित्तीय कारोबार (वासलात) को परीक्षणबाट देखिएका व्यहोराहरु

1.1. वासलातमा जगेडा कोषमा गत विगत वर्षदेखि रु.६८७,११,६५६।९६ ऋणात्मक मौज्दात देखाईएको छ । जगेडा कोषभित्र का.म.पा. कोषमा रु.९,७७,३९,५५७।- ऋणात्मक देखाएको छ भने निषेधित कोषमा रु.२९०,२७,९००।०४ मौज्दात रहेको देखिन्छ । निषेधित कोषमा रहेको रु.२,९०,२७,९००।०४ मौज्दात मध्ये धनात्मक मौज्दात कर्मचारी कल्याण कोषमा रु.३०३,७५,४३७६६, प्रजातन्त्र सेनानी सम्मान कोष रु.१०,००,०००।- खेलकुद पुरस्कार कोषमा रु.५,९८,५६५।५८, शहिद परिवार कल्याण कोषमा रु.५९८,५६५।५८ रहेको छ भने श्री गणेशमान ई एन टी हेड नेक से कोषमा रु.३५,४४,६६८।७८ ऋणात्मक मौज्दात रहेको छ। ऋणात्मक मौज्दातको कारण उल्लेख गरेको छैन ।

1.2. महानरगपालिकाको संचित बचत गतवर्ष रु. २५६,०८,२५,११९।५९ रहेकोमा यो वर्ष रु. २४४,९५,७७,५१४।६४ रहेकोले रु. ११,१२,४७,६००।९५ घटेको छ ।

1.3. दीर्घकालीन ऋण गत विगत वर्षदेखि रु.४6,१6,११,९४८।०९ यथावत रहेको छ ।

1.4. यो वर्ष स्थिर सम्पत्ति रु. 6३5,२९,८९७।- र दीर्घकालीन लगानी अन्तर्गत शेयर लगानीमा रु. छ करोडले बढेको छ ।

1.5. चालु सम्पत्ति अन्तर्गत जिन्सी सामान गतवर्ष रु. १३,६२,५५७०४ रहेकोमा यो वर्ष रु. ३७५,०८,८५१।५५ ले घट्न गई रु. ३६१,४६,२९४।५१ ऋणात्मक मौज्दात देखाईएको ५ ।

1.6. अन्तर विभाग हिसाव मिलान नभएको भनि गतवर्ष रु. २०९,०७६४,७९६।३5 देखाएकोमा यो वर्ष रु. १९०,४०,१२,४८१।४९ देखाएको छ । अन्तर विभाग हिसाव सहायोजन गरी हिसाव अद्यावधिक गर्नुपर्दछ ।

| | |
|---|---|
| 1.7. | चालु दायित्व गत वर्ष रु. ७६८,५०३,५१६।२४ देखाएकोमा यो वर्ष रु. ७९३,१३,६०७।४८ थप गर्दा रु. ८४७,८१७,१२३।७२ पुगेको छ । |
| 1.8. | महानगरपालिका अन्तर्गत रहेका हनुमानढोकाको सन्तुलन परीक्षण विवरण अनुसार आय व्यय रु.११४,६३४ हजार नयाँ बजार, चःमती र मनोहरा जग्गा एकीकरण आयोजनाको आय व्यय रु. ४३८,४०९।- हजार महानगरको आय व्यय र वासलातमा समावेश गरेको छैन । |
| 1.9. | वासलातमा विगत वर्षदेखि ऋणात्मक मौज्दात देखाएको, अन्तरविभाग हिसाव मिलान नभएको, जिन्सी सामानहरु ऋणात्मक मौज्दात देखाएको, महानगरपालिका मातहतका आयोजना तथा ईकाईको आर्थिक कारोवार समावेश नगरेको आदि कारणबाट प्रस्तुत वासलातले सही र यथार्थ चित्रण गर्दछ भन्न सकिने अवस्था छैन । |
| 1.10 | आ.व. २०७३।७४ मा २०७३ श्रावण १ गते देखि फाल्गुण मसान्त सम्म(स्थानीय निकायको रुपमा) र २०७३ चैत्र १ गते देखि २०७४ आषाढ मसान्त सम्मको (स्थानीय तहको रुपमा) छुट्टाछुट्टै वासलात, आय व्याय विवरण र अनूसूचि सहितको वित्तीय विवरणहरु तयार गरेको भएतापनि नगद प्रवाह विवरण तयार नगरेकाले संचालन खर्च, सम्पत्ति तथा लगानीमा गनदको स्थिति एकिन हुन सकेन । वित्तीय विवरणहरुको लेखापरीक्षणको क्रममा देखिएका व्यहोराहरु निम्नानुसार प्रस्तुत गरिएको छः |
| 2. | **जगेडा कोष रु.६,८७,११,६५६।९ (गत वर्ष रु.६,८७,११,६५६।९६)** को अवस्था निम्न बमोजिम देखिएको छ । |

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| का.म.पा.कोष | (९,७७,३९,५५७।००) | (९,७७,३९,५५७।००) |
| निषेधित कोष | २,९०,२७,९००।०४ | २,९०,२७,९००।०४ |
| कर्मचारी कल्याणकारी कोष | ३,०३,७५, ४३७।६६ | ३,०३,७५, ४३७।६६ |
| प्रजातन्त्र सेनानी सम्मान कोष | १०,००,०००।०० | १०,००,०००।०० |
| खेलकूद पूरस्कार कोष | ५,९८,५६५।५८ | ५,९८,५६५।५८ |
| शहीद परिवार कल्याण कोष | ५,९८,५६५।५८ | ५,९८,५६५।५८ |
| श्री गणेशमान इ.एनटी हेड नेक सेवा | (३५,४४,६६८।७८) | (३५,४४,६६८।७८) |
| **जम्मा:** | **(६,८७,११,६५६।९६)** | **(६,८७,११,६५६।९६)** |

उल्लेखित कोषहरुमा विगत वर्षहरु देखिनै एउटै रकम अ.ल्या गरिदै आएको देखिन्छ । सञ्चित वचत र (घाटा) लाई छूट्टै शिर्षकमा प्रस्तूत गर्ने गरिएकोले यो कोष के-कसरी सृजना भएको हो र कून प्रयोजनका लागि हो भन्ने यकिन गर्न सकिएन । साथै, का.म.पा.कोष र श्री गणेशमान इ.एन.टी हेड नेक सेवा कोषमा ऋणात्मक मौज्दात रहेको कारण स्पष्ट छैन ।

3\. दीर्घकालिन ऋण रु. ४६,१६,११,९४८।०९ को स्थिति देहाय बमोजिम रहेको छ :

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| ADB बाट प्राप्त ऋण | ३५,५३,९६,६०७।०० | ३५,५३,९६,६०७।०० |
| दीर्घकालिन ऋण अन्य रु. | ४,००,००,०००।०० | ४,००,००,०००।०० |
| दीर्घकालिन ऋण अन्य- बिष्णुमति लिंक रोड | ६,६२,१५,३४१।०९ | ६,६२,१५,३४१।०९ |
| **जम्मा** | **४६,१६,११,९४८।०९** | **४६,१६,११,९४८।०९** |

लेखापरीक्षणको क्रममा उल्लेखित ऋण सम्बन्धि कूनै पनि कागजात प्राप्त नभएकोले ऋण सम्झौताको शर्त तथा वार्षिक ब्याज, सेवा शुल्क र अन्य दायित्व बारे यकिन हून सकिएन । अत : उक्त ऋण सम्बन्धि स्पष्ट प्रमाण पेश गर्नूपर्दछ ।

4\. स्थिर सम्पत्तितर्फ गत वर्ष रु.७०,३५,४६,५३६।६८ भएकोमा यो वर्ष रु.८०,७४,६५,५४५।२२ भई रु.१०,३९,१९,००८।५४ वृद्धि भएकोमा महानगरपालिकाले स्थिर सम्पत्ति खाता राखेको छैन । स्थिर सम्पत्तिको हरेक समुह र उप-समुहको छूट्टै खाता राखी शूरु मौज्दात, यस वर्षको थप तथा अन्तिम मौज्दातको विवरण तयार गर्ने गरेता पनि स्थिर सम्पत्ति खातामा प्रविष्टी गरी सम्पत्तिको परिमाण र मुल्य सहितको वर्षको शूरु मौज्दात, थप(घट) ह्रास कट्टी तथा वर्षान्तमा बाँकी सम्पत्तिको विवरण खूल्ने गरी स्थिर सम्पत्ति खाता तयार नगरिएकोले वासलातमा प्रस्तूत गरिएको स्थिर सम्पत्तिले महानगरको स्थिर सम्पत्तिको सहि र यथार्थ चित्रण गर्छ भन्ने यकिन गर्न सकिएन । समग्रमा महानगरको स्थिर सम्पत्तिको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिन्छ ।

5\. **दीर्घकालिन लगानीहरु :** यस अन्तर्गत निम्न लगानीहरु रहेको पाइयो:

| **विवरण** | **रकम (रु.)** |
|---|---|
| शेयर लगानी | १६,००,००,०००।०० |
| आयोजनालाई ऋण सापटि | ११,१३,८३,६१८।०० |
| टेलिफोन धरौटि | ४,९३,६०७।७१ |
| अन्य धरौटि | ३३,१२,१७०।०० |
| **जम्मा:** | **२७,५१,८९,४९५।७१** |

| | |
|---|---|
| | उपरोक्त लगानीहरु मध्ये टेलिफोन धरौटि एवं अन्य धरौटी दीर्घकालिन लगानीको प्रकृतिको नभएकाले पेश्की, सापटी तथा धरौटि शीर्षकमा देखाउनु पर्ने देखिन्छ । |
| 5.1. | **शेयर लगानी :** यो शिर्षकमा रु.१६,००,००,०००।०० लगानी देखाएकोमा उक्त लगानी साझा यातायातमा गरिएको शेयर लगानी भएको देखिन्छ । उक्त लगानीको शेयर प्रमाणपत्र तथा सो संस्थाको वित्तीय विवरण समेत हामीलाई उपलब्ध हुन नसकेकोले लगानीको अवस्था यकिन गर्न सकिएन । |
| 5.2. | **आयोजनालाई ऋण सापटी :** यो शिर्षकमा रु. ११,१३,८३,६१८।०० ऋण सापटी दिएको देखाएकोमा उपरोक्त ऋण सापटी कून-कून आयोजनाको हो सो को विवरण प्राप्त हून सकेन । ऋण सम्झौता प्राप्त हून नसकेकाले ऋणका शर्तहरुका बारेमा केहि जानकारी नभएकोले केहि कैफियत उल्लेख गर्न सक्ने अवस्था रहेन । यो ऋण सापटी विगत बर्षहरु देखिनै अ.ल्या. गरिदै आएको छ । कून कून आयोजनालाई कति कति ऋण प्रवाह भएको हो सो को पुर्ण विवरण उपलब्ध गराउनूहून आयोजनाको लेखापरीक्षण भएको वित्तीय विवरण उपलब्ध गराउनूहून तथा सम्बन्धित आयोजनाबाट ऋण फिर्ता गरिने सुनिश्चितता सहितको समर्थनपत्र लिनूपर्ने देखिन्छ । |
| 6. | **जिन्सी सामान :** गत वर्ष जिन्सी मौज्दात रु.३,८0,९४,२३6।१३ रहेकोमा यो वर्ष निम्न अनुसार रु.३,6१,४6,२९४।५१ ऋणात्मक रहेको देखियो । |

| जिन्सी सामान | रकम (रु). |
|---|---:|
| निर्माण सामाग्री | ९,६७,५९६।४० |
| मेकानिकल स्टोर्स | २,९२,२०,२३६।९६ |
| साधारण स्टोर्स | (६६,३४,४५४।४२) |
| औषधि स्टोर्स | ३२६।५५ |
| **जम्मा** | **(३,६१,४६,२९४।५१)** |

| | |
|---|---|
| 6.1. | उपरोक्त जिन्सी सामानहरु मध्ये निर्माण सामाग्री र मेकानिकल स्टोर्सको रकम विगत धैरै वर्ष अ.ल्या. हूँदै आएको पाइयो । यि सामानहरुको परिमाण र मुल्य सहितको विवरण प्राप्त हून सकेन । भौतिक परीक्षण सम्बन्धित कूनै प्रतिवेदन प्राप्त नभएकोले सामान अस्तित्वमा रहे नरहेको एंव उपयोगी छ/छैन यकिन हून सकेन । साथै यस वर्ष यि शिर्षकमा कूनै प्रविष्टी नदेखिनूले महानगरपालिकाले यस्ता सामानलाई जिन्सीमा नदेखाई सिधै खर्च लेखांकन गरेको देखिन्छ । |
| 6.2. | **साधारण स्टोर्स :** गत वर्षमा जिन्सी मौज्दात रु. 79,06,076.22 रहेकोमा यस वर्षको अन्त्यमा जिन्सी मौज्दात ऋणात्मक रु. 6,63,34,454.42 रहेको पाइयो । यसरी जिन्सी मौज्दात नकरात्मक रहनूले लेखांकनमा रहेको गम्भिर त्रूटिलाई देखाउँछ । अत: साधारण स्टोर्सको परिमाण र मुल्याङ्कन सहितको विवरण तयार गरी स्टोर मिलान गर्नूपर्ने देखियो । |
| 7. | **पेश्की सापटी तथा धरौटी :** आर्थिक कार्यविधि नियमावली, 2064 को नियम 79 अनुसार तोकिएको समयमा पेश्की फछ्यौंट गनुपर्ने व्यवस्था रहेको छ । महानगरपालिकाले निम्नानुसार रु. १९,०१,३८,३६२।७८ पेश्की तथा धरौटी सापटी बांकी देखिएकोले नियमानुसार असुल फछ्यौट गर्नुपर्ने देखिन्छ । |

| विवरण | रकम (रु.) |
|---|---:|
| **पेश्की तथा धरौटीहरु** | |
| ठेकेदारलाई पेश्की | ६,२३,१२,५५०।७६ |
| जनप्रतिनिधिलाई पेश्की | १४,८८,०००।०० |
| कर्मचारीलाई व्यक्तिगत पेश्की | २,०२,२०६।०० |
| कर्मचारीलाई कार्यक्रम पेश्की | ८७,६८,६१०।८२ |
| उपभोक्ता समिति | ३,११,२५,९९४।२४ |
| विभिन्न क्लब, संस्था र व्यक्तिहरु | १,९६,७,८८२।५४ |
| मन्त्रालय तथा अन्य कर्मचारी | ९७,५१६।०० |
| वर्तमान वडा कार्यालय | ४,८९,७२१।६१ |
| **अग्रीम भुक्तानी** | |
| घर भाडा अग्रीम भुक्तानी | १,८९,१४०।०० |
| बीमा अग्रीम भुक्तानी | ५२,९७१।९९ |
| अन्य अग्रीम भुक्तानी | ४,४५,४६३।४१ |
| **प्राप्त हुनुपर्ने आम्दानीहरु** | |
| घर बहाल कर | (२,०५२।००) |
| फिर्ता आउन बाक्की धरौदी सापदी | २,११,००,०००।०० |
| आम्दानी करारहरु | ४,४२,३०,२२९।२६ |
| अन्य | १२८।१५ |
| **जम्मा:** | **१९,०१,३८,३६२।७८** |

8\. **नगद तथा बैंक मौज्दात :** गत वर्ष बैंक मौज्दात रु. 46,60,67,839.86 भएकोमा यो वर्ष रु. 54,96,35,338.80 भएको देखियो । लेखाको सिद्धान्तअनुसार सबै बैंक मौज्दात बासलातमा देखाउनुपर्ने व्यवस्था भएकोमा देहायका बैंक खाताहरुको मौज्दात रु. ६८,५१,८४,७८१।८२ विगत वर्षहरु देखिनै महानगरको वित्तीय विवरणमा समावेश नगरेकोले नगद तथा बैंक मौज्दातले वर्षान्तमा रहेको वास्तविक बैंक मौज्दातको सहि र यथार्थ चित्रण गर्दैन ।

| क्र.सं. | खाताको विवरण | मौज्दात रकम (रु.) |
|---|---|---|
| १.चालु खर्च | ने.रा. बैंक खा.नं.१२०४७०८००१०२१५२४ | २,८५,४६,८३९।२३ |
| २.धरौटी | ने.रा. बैंक खा.नं.१२०४७०२००१०३०५२४ | ८,५७,६९,५५९।५२ |
| ३.पूर्वाधार | नेबिल बैंक खा.नं.०३०६०१७५००१५५ | ८,९७,३७,३२९।९३ |
| ४.राजश्व | नेबिल बैंक खा.नं.०३०६०१७५००१४८ | ४८,२९,३१,०५३।१४ |
| | **जम्मा:** | **६८,५१,८४,७८१।८२** |

अत: महानगरपालिकाको नाउँमा रहेको सम्पूर्ण खाताहरुलाई वित्तीय विवरणमा समावेश गर्नुपर्ने देखिन्छ ।

8.1. **ऋणात्मक बैंक मौज्दात :** महानगरपालिकाले वित्तिय विवरण तयार गर्दा वासलातमा अधावधिक बैंक मौज्दात समावेश गर्नुपर्नेमा निम्न बैंक मौज्दातहरु धेरै वर्षदेखि ऋणात्मक रहेको र उही रकम अ.ल्या हूँदै आएको पाइयो । तर अधावधिक बैंक स्टेटमैन्ट विवरण माग गर्दा निम्नानुसार मौज्दात रहेको पाईएकोले वास्तविक मौज्दात नदेखाएको पाईयो ।

| क्र.सं. | बैंक खाता | खाता अनुसारको मौज्दात रकम (रु.) | बैंक स्टेटमेन्ट अनुसारको मौज्दात रकम (रु.) |
|---|---|---|---|
| १. | नेपाल ब□लादेश बैंक-२००नं. | (८,३७,९२,५५५।३३) | १४,३८,३८३।९४ |
| २. | नेपाल ब□लादेश बैंक-१९९नं. | (५४,३०,०९८।४१) | ९,६८,२१८।९४ |
| ३. | कृषि विकास बैंक-४४४९४नं. | (६०,६६,१२६।६९) | ०।०। |
| ४. | नेपाल राष्ट□बैंक-११०६९१ | (३,६४,८००।००) | ४,०५,१७८।०१ |
| | **जम्मा:** | **२,०२,४०,२८०।४३** | **१११,८०७८९** |

उपरोक्त बैंक खाताहरु रिकन्साइल गरी वास्तविक मौज्दात निकाली वित्तीय विवरणमा समावेश गर्नुपर्ने देखिन्छ ।

8.2. कतिपय बैंक खाताहरुमा विगत वर्षहरु देखिनै उही मौज्दात अ.ल्या. गरिदै आएको र वास्तविक बैंक मौज्दात फरक रहेकाले सो खाताहरु सञ्चालनमा रहे/नरहेको यकिन गर्न सकिएन:

| क्र.सं. | बैंक खाता | खाता अनुसारको मौज्दात (रु.) | बैंक स्टेटमेन्ट अनुसारको मौज्दात (रु.) |
|---|---|---|---|
| १. | नेपाल ब□लादेश बैंक-१९७नं. | ४,४३,४३५।४१ | ८,६९,३९७।३१ |
| २. | रा.वा.बैंक २८७३ | १२,५००।०० | स्टेटमेन्ट पेश नभएको |
| ३. | रा.वा.बैंक ७९३१/७ | ८६,९९,७५४।९१ | स्टेटमेन्ट पेश नभएको |
| ४. | नेपाल ब□लादेश बैंक-१९६ नं. | २१,४५,२९७।०७ | स्टेटमेन्ट पेश नभएको |
| ५. | कृषि विकास बैंक-निर्माण धरौटी ४४९४० | ८३,४७,२९७।६९ | स्टेटमेन्ट पेश नभएको |
| ६. | रा.वा.बैंक ००४२४०४ बचत खाता | १०,००,०००।०० | स्टेटमेन्ट पेश नभएको |
| ७. | रा.वा.बैंक ००४१६४८ बचत खाता | ५,९८,५६५।५८ | स्टेटमेन्ट पेश नभएको |
| ८. | रा.वा.बैंक ००४१६४९ बचत खाता | ५,९८,५६५।५८ | स्टेटमेन्ट पेश नभएको |
| ९. | रा.वा.बैंक ००४१६४५ बचत खाता | ७,९५,३३५।०८ | स्टेटमेन्ट पेश नभएको |
| १०. | ने.रा.बैंक कर्मचारी कल्याणकोष खाता ३५०१०२□०६२ ग ५ १ | ५०,०००।०० | स्टेटमेन्ट पेश नभएको |
| ११. | कर्मचारी कल्याणकोष खाता ०२०६०१७५००३२ | ४,३२,७८,८९०।८२ | स्टेटमेन्ट पेश नभएको |

उपरोक्त खाताहरुको बैंक हिसाब मिलान गरी यथार्थ मौज्दात वित्तीय विवरणमा प्रस्तुत गर्नुपर्ने देखिन्छ ।

9\. **अन्तर विभाग हिसाव :** महानगरपालिकाले लामो समयदेखि अन्तर विभाग खाताहरु रिकन्साइल नगरेको पाइयो । सिद्धान्तत: यस्ता खाताहरु सम्बन्धित सम्पत्ति, दायित्व आय वा खर्चमा लेखांकन हूनूपर्ने र आपसी लेनदेन वरावर भई वर्षान्तको वापलातमा शून्य मौज्दात रहनूपर्नेमा लामो समयदेखि सो अनूसार खाता रिकन्साइल गरीएको पाइयो । **अत:** अन्तर विभाग हिसावलाई तत्काल रिकन्साइल गरी सम्बन्धित शिर्षकहरुकमा समायोजन गर्नपर्ने देखिन्छ । यस सम्बन्धि विवरण देहाय बमोजिम रहेको छ:

| क्र.सं. | खाता विवरण | रकम(रु) |
|---|---|---|
| १. | अन्तर विभाग खाता (तलब भत्ता) | ३,७९,८४०।७१ |
| २. | अन्तर विभाग खाता (कार्यालय संचालन) | १,०२,५१,९०९।३० |
| ३. | अन्तर विभाग कार्यालय संचालन | (५५,१६,००३।४०) |
| ४. | अन्तर विभाग खाता (पूर्वाधार सुधार) | ५८,७२,२३,९३३।२० |
| ५. | अन्तर विभाग पूर्वाधार सुधार | ३,७७,११,४२०।६९ |
| ६. | अन्तर विभाग खाता (पूजिंगत खर्च) | (१९,३५,७२८।३३) |
| ७. | अन्तर विभाग खाता (राजश्व) | १,२३,०१,४५,७३१।४० |

| | | |
|---|---|---|
| ८. | अन्तर विभाग राजश्व | ११,११,६५,२६४।६८ |
| ९. | अन्तर विभाग खाता (जेष्ठ नागरिक) | (३,२९,९७,१४३।००) |
| १०. | अन्तर विभाग जेष्ठ नागरिक | (२,७३,४६,६४१।०३) |
| ११. | अन्तर विभाग खाता (असहाय भत्ता) | १,१२,६२,०००।०० |
| १२. | अन्तर विभाग खाता (अन्य) | १,३४,३०,८४५।३५ |
| १३. | मर्मत संभार कोष | (७,०४,८५,२६४।०८) |
| १४. | अन्तर विभाग खाता राहत | २,४७,०५,०००।०० |
| १५. | जेष्ठ नागरिक भत्ता | १,०३,३०,६४६।०० |
| १६. | असहाय विधवा भत्ता | ५६,८९,७००।०० |
| | **जम्मा:** | **१,९०,४०,१२,४८१।४९** |

10. **मूल्य ह्रास** : यो वर्ष मूल्य ह्रास कोषमा रु. 4840334.53 देखाएकोमा उक्त रकम विगत वर्षदेखि जिम्मेवारी सार्दै ल्याएको देखिन्छ भने आ.व. 2057/58 देखि स्थिर सम्पत्तिमा ह्रास कट्टी गरेको छैन । सोही वर्षसम्मको ह्रास कट्टी व्यवस्थालाई नै यस अन्तर्गत देखाइएको पाइयो ।

11. **खर्च शिर्षक लेखांकन सम्बन्धमा:** आर्थिक कार्यविधि नियमावली, 2064 अनूसार खर्च लेखाकन गर्दा नेपाल सरकारको खर्च वर्गिकरण तथा व्याख्या अनुसार गर्नुपर्ने व्यवस्था भएकोमा महानगरपालिकाले विभिन्न खर्च लेखांकन गर्दा खर्चको, शीर्षक खर्चको प्रकृति अनूरुप नगरी विभागीय शिर्षक राखी खर्च लेखांकन गरेको पाइयो । अत : नियमावलीको पालना गनूपर्ने देखियो ।

| भौ.न | मिति | खर्च लेखांकन शीर्षक | खर्चको प्रकृति | रकम(रु.) |
|---|---|---|---|---|
| 20338 | 2074.03.28 | साधारण स्टोर्स | Feasibility study report for the installation of directin & commercial information board | 1,49,000.00 |
| 20435 | 2074.03.30 | जन स्वास्थ्य विभागको अन्य कार्य | Community Urban Health Clinic, KMC- Office rent expenses | 90,000.00 |
| 20039 | 2074.01.03 | शहरी योजना | Consulting Services of Human Resource Analysis | 7,41,167.00 |
| 20166 | 2074.02.09 | शहरी योजना | EBPS Pramani Karan Bhawan Nirman for KMC | 1,48,000.00 |
| 20188 | 2074.02.21 | शिक्षा तथा खेलकूद | Donation for conducting Football | 70,000.00 |
| 20167 | 2074.02.09 | जन स्वास्थ्य विभागको अन्य कार्य | Donation to Cancer patient- Radhika kumari Gautam | 50,000.00 |

12. **न्यून प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५(8) मा कार्यालयले कार्यक्रम अनुसार निर्धारित समयभित्र प्रगति भएको छ र कामको गुणस्तर र परिमाण समेत सन्तोषजनक छ भन्ने कुरामा विश्वस्त हुने व्यवस्था छ । महानगरपालिकाले परिषदद्धारा स्वीकृत निम्न बजेट शीर्षकहरुमा नयून प्रगति हासिल गरेको देखिएकोले स्वीकृत बजेट अनुसार खर्च गरी बाञ्छित लक्ष्य हासिल गर्नुपर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| बजेट शिर्षक | बजेट विनियोजन | यथार्थ खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| पुँजीगत सम्पत्ति खर्च | 399785000 | 266302627 | 66.61 |
| तलब पारिश्रमिक | 1569190000 | 469702978 | 29.93 |
| कार्यालय सञ्चालन खर्च | 289600000 | 162709112 | 56.18 |
| पूर्वाधार सुधार तथा अन्य विकास खर्च | 4666207000 | 1611436792 | 34.53 |
| **जम्मा:** | **6924782000** | **2510151509** | **36.25** |

## कानूनको परिपालना

13. **संस्थागत शासन व्यवस्था, वित्तीय जवाफदेहिताको पालना** :- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४5 मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन र निनिहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । सो सम्बन्धमा कार्यालयको वित्तीय जवाफदेखिता तथा उत्तरदायित्व पालनाको स्थिती मूल्यांकन गर्दा निम्नानुसार रहेको पाईयो :
कार्यालयको लक्ष्य तथा कार्यक्रमको बारेमा सेवाग्राहीसंग अन्तरक्रिया कार्य गर्ने गरेको छैन ।

| | |
|---|---|
| | • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको छैन ।<br>• अख्तियारी तथा कार्यक्रम स्वीकृतिको जानकारी समयमा प्राप्त भएको छैन ।<br>• बजेट निकासा समयमा भएको छैन ।<br>• कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको,<br>• शाखा/महाशाखाहरुले सञ्चालन गर्ने कार्यक्रमको बाँडफाँड गर्दा जनशक्तिको अभावले कार्यक्रम सञ्चालन गर्न पर्याप्त समय प्राप्त गरेको छैन ।<br>• सेवा प्रवाह प्रक्रिया वृद्ध तथा अपाङ्गमैत्री रहेको छैन ।<br>• सेवा प्रवाह सुधारको लागि इन्टरनेट वा वेभको माध्यमबाट बैकल्पिक व्यवस्था अपनाएको छैन ।<br>• सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने गरेको देखियो ।<br>• सञ्चालित कार्यक्रमको तोकिएको समयमै अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन आंशिक रुपमा मात्र तयार गर्ने गरेको देखियो ।<br>• कार्यक्रम बजेट स्वीकृत गर्नुपर्नेमा कार्यक्षेत्र (टेवा पर्खाल/एजिङ्ग, ग्राभेल, मेनहोल तथा ढल) बजेट स्वीकृत गर्ने नगरेको,<br>• वार्षिक खरीद योजना बनाउने नगरेको,<br>• उपभोक्ता समितिहरुले खर्चको बिल भरपाई व्यवस्थित गरी राखे नराखेको सम्बन्धमा अनुगमन गर्ने नगरेको,<br>• रु.10 लाखभन्दा बढीको ठेक्का पट्टा गर्दा वीमा व्यवस्था राखी ठेक्का पट्टा नगरेको,<br>• कर्मचारी सरुवा हुँदा लिएका सामान बर बुझारथ गर्ने नगरेको,<br>प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ । |
| | **लेखापरीक्षणबाट देखिएका अन्य व्यहोराहरु** |
| 14. | **तलब सुविधा :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २५० को उपदफा १ मा कर्मचारीको पारिश्रमिकको निर्धारण सम्बन्धित स्थानीय निकायको परिषदबाट हुने, उपदफा २ मा कर्मचारीको तलबमान नेपाल सरकारको निजामती सेवाका कर्मचारीको तलबमानलाई आधार मानी निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६९ (ख) मा स्थानीय निकायको अधिकेत तृतीय वा द्वितीय श्रेणीको पदमा स्थायी नियुक्ति भएको कुनै कर्मचारीको तह मिलान हुन बाँकी रहेको भएमा त्यस्ता कर्मचारीलाई क्रमशः अधिकृतस्तर छैठौ र आठौं तहमा कायम गरिने उल्लेख छ । महानगरपालिकाले कर्मचारीलाई अधिकतम नवौं तहसम्म रहने गरी दरबन्दी संरचना स्वीकृत गरेको छ । उक्त तहमा दिईएको तलब स्केल नेपाल सरकारको कुनै श्रेणीसँग मेल नखाने गरी कायम गरेको देखियो । तर उक्त दरबन्दीहरु मध्ये सातौं, आठौं र नवौं तह राजपत्रांकित कुन स्तरसरह हुने हो सोको व्यख्या नगरी तलब भत्ता भुक्तानी गरेको देखियो । अतः तह र श्रेणीको व्यख्या गरी तबल स्केलमा एकरुपता कायम हुने व्यवस्था गर्नुपर्दछ । |
| 15. | **मालसामान खरीद :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७८(१) मा रु.१० लाख भन्दा बढीको निर्माण कार्य वा अन्य सेवा खरीद गर्दा वोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक १० लाख भन्दा वढी रकमको खरीद गर्नुपर्ने भएमा वार्षिक खरीद योजना वनाई सोको आधारमा वोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले आर्थिक वर्ष २०७३।७४ मा रु.१५२,४६५,२४५।९७ को खरिद गरेकोमा टेण्डरबाट रु.५४३,८०,७८१।३१, सोझै खरिद रु.८,८२,७२,४०२।९८ तथा अन्य विधिबाट रु.७८,१२,०६१।१२ को खरिद गरेको देखिएकोले कानुनको परिपालनामा ध्यान दिनुपर्दछ । |
| 16. | **फूटपाथ अतिक्रमण -** काठमाडौं महानगरपालिकाको लेखापरीक्षणको सिलसिलामा स्थलगत अवलोकन गर्दा भोटाहिटी, असन, इन्द्रचोक, सुन्धारा, रत्नपार्क जस्ता क्षेत्रमा साना व्यापारीहरुले व्यापारको लागि सामान थुपार्ने, ग्राहकहरु जम्मा हुने कार्यले गर्दा पैदल यात्रीहरुको आवागमनमा बाधा पर्न गएको देखियो । यस्ता व्यापारीहरुको लागि निश्चित स्थान तोकी व्यापार गर्न दिने र प्रमुख शहरी क्षेत्रको आवागमनमा सुधार गर्ने गरी महानगरपालिकाले कार्यक्रम ल्याउनुपर्ने देखिन्छ । |
| | **सवारी पार्कीङ्ग -** बढ्दो शहरीकरण, जनसंख्या वृद्धि, बसाई सराईको चाप र सवारी साधनको अत्यधिक वृद्धि काठमाडौं महानगरपालिकाको प्रमुख चुनौतिहरु हुन् । दिनानुदिन बढ्दै गएको सवारी साधनहरुको आवागमन तथा तिनको पार्किङ्ग गर्ने स्थानको अभावले यत्र तत्र पार्किङ्ग गरिएका सवारी साधनको व्यवस्थापनलाई व्यवस्थित बनाउन नगरपालिकाले वैकल्पिक व्यवस्था गर्नुपर्ने देखिन्छ । |
| 18. | **कार्यक्रम अनुदान :** महानगरपालिकाले विभिन्न संस्थालाई कार्यक्रम संचालन गर्ने प्रयोजनको लागि अनुदान उपलब्ध |

| | |
|---|---|
| | गराएको देखियो । यसरी अनुदान दिदा कुन सस्थालाई के कति दिने भन्ने मापदण्ड तय गरेको देखिएन । अतः कुनै पनि संस्थालाई अनुदान उपलब्ध गराउदा निश्चित मापदण्ड वनाई पारदर्शि प्रकिया अवलम्वन गरी अनुदान दिनुपर्ने देखिन्छ । |
| 19. | **कन्टिन्जेन्सी खाता** : नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ९६२, मिति २०७०।१।२४ गतेको परिपत्र अनुसार कार्यालयले निर्माण कार्यमा खर्च गर्ने रकमको छ प्रतिशत रकम कन्टिन्जेन्सी खर्च गर्न पाउने व्यवस्था छ । यसरी कन्टीन्जेन्सी रकम खर्च गर्दा छुट्टै खाता राखी घ प्रतिशत प्रशासनिक र २ प्रतिशत पुँजी निर्माणमा खर्च गर्न मिल्नेमा महानगरपालिकाले कन्टीन्जेन्सी खर्च देखिने गरि छुट्टै खाता राखेको देखिएन । अत कन्टीन्जेन्सी खाता राखी कन्टीन्जेन्सी रकम व्यवस्थीत गरिनु पर्दछ । |
| 20. | **दरवन्दी सम्वन्धमा :** कार्यालयले कामको प्रकृति, कार्यवोझ,अनुसार दरवन्दी व्यवस्थापन गरी सेवा प्रवाह गर्नुपर्दछ । महानगरपालिकाका विभिन्न विभाग तथा वडा कार्यालयहरुमा दरवन्दी व्यवस्थापन असन्तुलित रहेको देखियो । कतिपय वडा कार्यालय हरुमा छ जना सम्म कार्यालय सहयोगी रहेको कतिपय वडा मा १ जना मात्र सहयोगी रहेको देखिन्छ । महानगरपालिकाबाट संचालित मेट्रो एफ.एफ मा करारमै कार्यारत २२ जना कर्मचारी रहेको देखिन्छ । अतः महानगरपालिकाले ओ.एण्ड एम.गरी दरवन्दी व्यवस्थापन कार्यप्रकृति तथा कार्यवोझको आधारमा गर्नुपर्दछ । |
| 21. | **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० (२) र २५ को अनुसुची २ बमोजिम राष्ट्रिय योजना आयोगले तोकेको ढाँचामा भौतिक एवं वित्तिय प्रगति देखिनेगरी  बार्षीक लक्ष्य प्रगति विवरण तयार गर्नु पर्दछ । महानगरपालिकाले कानुनले तोके बमोजिम प्रगति विवरण तयार गरेको देखिएन । यसरी प्रगति विवरण तयार नगरेको हुनाले खर्च अनुसारको उपलब्धी मापन कठिन हुने भएको हुनाले कानुन अनुसार प्रगति विवरण तयार गर्नुपर्ने देखियो । |
| 22. | **आर्थिक सुविधा :** महानगरपालिकाले विभिन्न विभाग तथा निकायमा परिषदको निर्णयअनुसार २५ प्रतिशत देखि ५० प्रतिशत भत्ता उपलब्ध गराउने गरेको देखियो । यसरी सुविधा उपलब्ध गराउँदा कार्यसम्पादन भन्दा पनि हाजिरीलाई वढि प्राथमिकता दिएको देखियो । अधिकतम ५० प्रतिशत भत्ता तोकिएकोमा कतिपय विभागमा त्यस्का अतिरित्त थप भत्ता समेत दिएको देखिन्छ । अतः महानगरपालिकाले आर्थिक सुविधा उपलब्ध गाराउँदा कार्यसम्पादनलाई आधार मानी सुविधा वितरणमा रहेको दोहोरो व्ययभार अन्त गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गर्नुपर्ने देखियो । |
| 23. | **जिन्सी सम्वन्धमा** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ (१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नु पर्नेछ । त्यस्तै उपनियम (२) मा लगत तयार गर्ने र लगत बमोजिमको जिन्सी मालसामान जिम्मा लिने अभिभारा कार्यालय प्रमुखको रेखदेखमा उपलब्धि संचय अधिकृत, भण्डार अधिकृत वा भण्डार सहायकको हुनेछ । उपलब्धि संचय अधिकृत, भण्डार अधिकृत वा भण्डार सहायक नभएको कार्यालयमा यस्तो जिम्मेवारी कार्यालय प्रमुखले तोकेको कर्मचारीको हुने उल्लेख छ । महानगरपालिकाले खर्च भएर जाने तथा खर्च नभएर जाने जिन्सी मालसामानको अभिलेख सफट्वेयरवाट राख्ने गरेको देखियो । खर्च भएर नजाने मालसामानको लगत केवल वार्षिक रुपमा देखिने गरी सफ्टवेयरको व्यवस्थापन गरेवाट महानगरपालिकामा हालसम्म कूल मालसामान कति छ भन्ने लगत समेत रहेको देखिएन । खर्च भएर नजाने मालसामान जिम्मा दिंदा सम्वन्धीत कर्मचारीहरुलाई सहायक जिन्सी खातामा अभलेख राखी बझाउनुपर्नेमा सिधै मागफारमको आधारमा वुझाएकोले कुन कर्मचारीले कहिले देखि कुन मालसामान प्रयोग गरेको हो एकिकृत अभिलेख समेत नभएवाट मालसामान हिनामिना हुने संभावना देखिन्छ । अतः महानगरपालिकाले कानुनको अनुसरण गरी जिन्सी मालसामानको स्पष्ट लगत रख्नुपर्ने देखियो । |
| 24. | **मूल्य अभिवृद्धि कर** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) अनुसार स्थानीय निकाय वा नेपाल सरकारले कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल गरी राजस्व संकेत नं. ११४१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले विभिन्न आय ठेक्का लगाउंदा ऐन अनुसार मुल्य अभिवृद्धि कर असुल गर्ने गरी सम्झौता गरेको देखिएन । जस्तै ल्होत्से वहुउद्देश्य संस्थासँग नयाँ वसपार्कको सम्झौता, साइड वाकर प्रा.लिसँग सुन्धारा व्यवस्थापन सम्वन्धी सम्झौतामा मुल्य अभिवृद्धि कर असुल गर्ने प्रावधान नभएको देखिएको हुनाले कानुन अनुसार सम्झौताहरु पुनरावलोक गरी महानगरपालिकाले गर्ने सम्पुर्ण आय ठेक्कामा मुल्य अभिवृद्धिकर असुल गर्नुपर्ने व्यवस्था गर्नुपर्दछ । |
| 25. | **राष्ट्रिय सभा गृह सञ्चालन सम्वन्धमा** : नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत राष्ट्रिय सभा गृहको प्रयोग, सञ्चालन विधि र मर्मत सम्भार निर्देशिका २०७२ को १.२ अनुसार राष्ट्रिय सभा र सोमा बनेका संरचनाहरुयस निदेशिका बमोजिम सञ्चालन हुनेछन् भन्ने उल्लेख छ । निम्न अवस्थाले गर्दा महानगरपालिकाले नेपाल सरकारवाट तयार गरिएको उक्त निर्देशकाको पालना नगरी परिषदको निर्णयवाट सञ्चालन गरेको देखिएकोले उक्त निर्देशिकाको पालना गरी सभागृह व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ । |
| 25.1 | निर्देशिकाको दफा ३ मा सभा गृह सञ्चालनको लागि सभा गृह हल समेतको सुविधा प्रयोगबाट प्राप्त हुने शुल्क रकम कोषमा जम्मा गर्ने गरी छुटै कोष स्थापना गर्नुपर्ने उल्लेख भएकोमा सो अनुसारको कोष स्थापना नै गरेको देखिएन । शाथै सभागृहवाट कति आम्दानी भयो तथा सञ्चालनमा कित खर्च भयो भनि लेखानै तयार नगरेको देखिएकोले सभागृह |

सञ्चालन प्रमुखलाई जिम्मेवार बनाउनु पर्दछ ।

25.2 निर्देशिकाको दफा ६ अनुसार प्रमुख काठमाण्डौ महानगरपालिकाको अध्यक्षतामा निर्देशक समितिको गठन गरिने र सो समितिको वैठक कम्तिमा ६ महिनामा एक पटक वस्ने उल्लेख भएकोमा सो निर्देशिका अनुसार वैठक वसेको प्रमाण पेश भएन ।

25.3 निर्देशिकाको दफा ८ मा सभागृहको नियमित व्यवस्थापन तथा सञ्चालन गर्न कार्यकारी अधिकृतको अध्यक्षतामा सभा गृह व्यवस्थापन समितिको गठन गरिने र सो समितिको वैठक प्रत्येक महिनामा कम्तिमा एक पटक वस्ने व्यवस्था भएकोमा वैठक वसी व्यवस्थापन तथा सञ्चालन सम्वन्धि कार्य गरेको देखिएन ।

25.4 निर्देशिकाको १२.५ मा सभागृह  सञ्चालनको शुल्कमा नेपाल सरकारको प्रचलित नियम अनुसार लाग्ने मुल्य अभिवृद्धि कर आयोजना आफैले व्यहोर्नुपर्ने उल्लेख भएको महानगरपालिकाले शुल्कमा मुल्य अभिवृद्धिकर असुल गरेको देखिएन ।

## पूर्वाधार निर्माणतर्फ

26. **आयोजना कार्यान्वयन** - नगरपरिषद्बाट पास भएका आयोजना कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । काठमाडौं महानगरपरिषद्को निर्णयानुसार रु. ५५ करोड ६६ लाख ८८ हजारका ५९ आयोजना कार्यान्वयन भएको देखिएन । उक्त आयोजना कार्यान्वयन नहुनुको कारण उल्लेख गरेको देखिएन । परिषदबाट स्वीकृत आयोजना कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| क्र.सं. | विवरण | आयोजना संख्या | स्वीकृत रकम (रु.हजारमा) |
|---|---|---|---|
| 1. | केन्द्रबाट पहिचान गरिएका पूर्वाधार विकास कार्यक्रम | 7 | 36200 |
| 2. | सडक बोर्ड अन्तर्गतका योजनाहरु | 3 | 10000 |
| 3. | केन्द्रबाट पहिचान गरिएका पूर्वाधार विकास कार्यक्रम | 7 | 21600 |
| 4. | एक वडा एक कार्यक्रम अन्तर्गत सञ्चालन गर्ने आयोजना | 11 | 49500 |
| 5. | सडक विस्तार अन्तर्गत सञ्चालन गरिने आयोजना | 31 | 439388 |
| | **जम्माः** | **59** | **556688** |

27. **एकै स्थानमा दुई निकायबाट कार्यक्रम सञ्चालन** - काठमाडौं महानगरपालिका भित्रका सडक विस्तार तथा पूर्वाधार विकास कार्यक्रममा काठमाडौं महानगरपालिका, सडक विभाग तथा सडक विस्तार केन्द्र, काठमाडौं जिल्ला विकास समन्वय समिति र मेलम्ची खानेपानी आयोजना संलग्न रहेको देखिन्छ । यस्तो अवस्थामा कुन निकायबाट कुन कुन सडक निर्माण गर्ने हो समन्वय गरी दोहोरो नपर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । लेखापरीक्षणको क्रममा एकै स्थानमा एकभन्दा बढी निकायबाट ठेक्कापट्टा हुने गरेको देखियो । यसो गर्दा दोहोरो भुक्तानी हुने सम्भावना समेत रहने हुँदा त्यसतर्फ सम्बन्धित निकायहरु सचेत हुनुपर्ने देखिन्छ । एकै स्थानमा दोहोरो ठेक्का भएका उदाहरण यस प्रकार छन् :

| भौ.नं. र मिति | पूर्वाधार | इष्टिमेट (भ्याट बाहेक) | सम्झौता | कार्यसम्पन्न | कारण |
|---|---|---|---|---|---|
| 50030-073/6/17 | का.म.पा.घ तमोर मार्ग र जलढुङ्गा मार्गमा सडक कालो पत्रे ठे.गैरेश्वर नि.से. | 2578386.00 | 1575871.00 | 1203168.07 | तमोर मार्गमा सडक विभागले कालो पत्रे गर्ने कार्य गरेकोले काम घट्न गएको भेरिएशन स्वीकृत छ । |
| 50079-073/6/19 | का.म.पा. धुम्बाराही आशिष मार्गमा ढल निर्माण कार्य उ.स. | 655792.62 | 655792.62 | 248429.54 | उक्त स्थानको केही काम शहरी विकास मन्त्रालयबाट भएकोले काम घट्न गएको । |
| 50031-074/1/17 | 35 वडा सेतीओपि टु सेतीओपि मार्ग | 9901312.56 | 6472802.68 | 2578943.51 | घछ वडा शुभकामना मार्ग चौडा गरी कालोपत्रे गर्ने कार्य ठेक्का सम्झौता भई साइटमा जाँदा सडक डिभिजनले काम शुरु गरेको कारण सेतीओपि टु सेती ओ.पी.मा बोर्ड निर्णयबाट Site परिवर्तन गरी कार्य गराएको । |
| 81013-073/9/20 | १ वडा एराहिटी, नमूना टोलसम्म र नर्सरी चोकदेखि प्रकृति चोकसम्म बाटो मर्मत | 3910080.00 | 2715309.00 | 0 | १४ वडा कुमारी क्लव मार्गमा सडक मर्मत तथा सुधार कार्य गर्न का.म.पा.र ठे.जालपुरी देवी सेवा वीच २७,१5,30९।- मा 0७२।१0।२5 मा सम्झौता भएको । उक्त स्थानमा सडक डिभिजन २ टेकुबाट निर्माण कार्य भइरहेकोले 0७3।२।११ को निर्णयले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सोही बराबरको काम गर्न स्थान परिवर्तन निर्णय भएको । |

28. **मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी :-** मूल्य अभिवृद्धी कर नियमावली, २०५३ को नियम ६(क) मा प्रत्येक कार्यालयले मू.अ.कर भुक्तानीको जानकारी आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । काठमाडौं महानगरपालिकाले यसरी भएको भुक्तानीको जानकारी पठाउने गरेको देखिएन । जसबाट मू.अ.कर भुक्तानीमा पर्याप्त नियन्त्रण हुन सक्ने देखिएन । यसरी भुक्तानी भएको केही उदाहरण यस प्रकार छन् :

| गो.भौ.नं. र मिति | निर्माण व्यवसायी | कामको विवरण | वीजक | भुक्तानी रकम | कूल रकम |
|---|---|---|---|---|---|
| 50056-074/6/18 | के.एण्ड के.जी./त्रिपुरा सुन्दरी जे.भी. | कलङ्की चोक-माउते दोबाटोसम्म कालोपत्रे | | 289391.57 | 2515480.00 |
| 50068-073/6/18 | काष्ठमण्डप/आजिवन जे.भी. | वाइपास-मुड्खु भञ्ज्याङ्ग सडक नि. | दोस्रो बिल ०१/६।१८ | 1767882.89 | 15366982.00 |
| 50086-073/6/20 | विरुवा कन्ष्ट्रक्सन | ३५ वार्ड चन्द्रसूर्य भाग सडक कालो पत्रे | | 279888.44 | 2432876.00 |
| 50123-073/9/22 | सिद्धार्थ/सुर्यशक्ति जे.भी. | वडा नं.९ भिमनिधि मार्ग सडक विस्तार कालोपत्रे | | 1058559.00 | 9201324.00 |

29. **वीमा** - सार्वजनिक खरिद नियमावली, २06४ को नियम ११२ अनुसार रु.१0 लाखभन्दा बढीको सार्वजनिक निर्माण कार्य गर्दा वीमा गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले वीमाको व्यवस्था नगरी निर्माण कार्य सञ्चालन गर्ने गरेको देखियो । यसरी वीमा गर्दा तेस्रो पक्ष तथा निर्माण कार्य क्षेती हुन गएमा थप व्ययभार पर्न सक्ने देखिँदा उक्त व्यवस्था कार्यान्वयन गर्नुपर्ने देखिन्छ । वीमा नगरी कार्य गराएका केही उदाहरण निम्नानुसार छन् :

| | कामको विवरण | इष्टिमेट रकम | सम्झौता रकम | ठेकेदार |
|---|---|---|---|---|
| पूर्वाधार | १४ वडा खड्का गाउँ-पाण्डे मार्ग ढल तथा ग्राभेल | 3882735.36 | 2725617.63 | त्रिपुरा सुन्दरी कन्ष्ट्रक्सन |
| पूर्वाधार | व्लकटप पेभिङ वर्ड | 5106882.97 | 3194950.14 | पशुपतिनाथ कन्ष्ट्रक्सन |
| पूर्वाधार | बालाजु पार्क विकास एवं निर्माण | 38802340.00 | 35529566.00 | सुनकोशी कन्ष्ट्रक्सन |
| पूर्वाधार | सुकेधारा-धोविखोला कालोपत्रे | 10222410.00 | 10222410.00 | विरुवा कन्ष्ट्रक्सन |
| पूर्वाधार | 3४ वडा भिमसेनगोला ढल निर्माण | 7139117.00 | 5417720.00 | वटु सफल/त्रिपुरा सुन्दरी जे.भी. |
| मर्मत कोष | 35 वडा कोटेश्वर मार्ग कालोपत्रे | 15583403.00 | 12201633.00 | वर्ल्ड वाइड कन्ष्ट्रक्सन प्रा.लि. |

30. **ल्याव टेष्ट** - ठेकेदारसंग भएको सम्झौता अनुसार सार्वजनिक निर्माण कार्यको ल्याव टेष्ट गर्नु गराउनु पर्ने व्यवस्था छ । ठेकेदार तथा सौर्य उर्जाका उपभोक्ता समितिले सिल्भर टेष्ट, कम्पेक्सन टेष्ट, फिल्ड डेनसिटि टेष्ट, क्युब टेष्ट तथा सौर्य उपकरणको टेष्ट गरी प्रतिवेदन पेश गर्ने गरेको देखियो । महानगरपालिकाले सो अनुसार निर्माण कार्यको भुक्तानी गर्दा उक्त ल्याव टेष्ट रिपोर्ट अध्ययन गरी भुक्तानी योग्य भए नभएको मूल्याङ्कन गरी भुक्तानी गर्नुपर्नेमा सो बेगर ल्याव टेष्ट संलग्न रहेको भन्ने व्यहोरा उल्लेख गरी भुक्तानी गर्ने गरेको देखियो । त्यसका केही उदाहरण यस प्रकार छन् :

| क्र.सं. | योजनाको नाम | रकम |
|---|---|---|
| 1. | थापाथली-बबरमहल बाटो विस्तार ब्ल्याकटप कार्य | 31086457.00 |
| 2. | वडा नं. 35 कोटेश्वर मार्ग कालेपत्रे | 12201634.00 |
| 3. | कालधारा क्षेत्रपाटी कुस्लेचौर सडक | 6671501.00 |
| 4. | कुमारीस्थान वडा नं. ४ मा ४6 सेट सौर्य जडान | 5083400.00 |
| | **जम्मा:** | **55042992.00** |

31. **ईन्जिनियरिङ सुविधा :** सार्वजनिक खरिद नियमावली, २०६४ एवं सार्वजनिक लेखा समितिको मिति २०६४ को निर्णय अनुसार निर्माण कार्यको बोलपत्र आव्हान गर्दा निर्माण कार्यको आइटम मात्र समावेश गर्नुपर्नेमा कामको परिमाण BOQ मा निर्माण कार्यसंग प्रत्यक्ष सम्बन्ध नभएका रु. ३,५०,०००।- को निम्नानुसार सामान समावेश गरी nfut cg'dfg tof/ u/L

7]Ssf ;Demf}tf u/]sf] sf/0f nfut a9\g uPsf] 5 eg] ah]6 l;4fGt ljk/Lt sfo+ ePsf] 5 . अतः यस्ता सामान ठेक्का पट्टामा समावेश गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

| काम | ठेकदार | सामान | भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| वडा नं. 3४ जनसहयोगी मार्ग | काष्ठमण्डप कन्स्ट्रक्सन | मोटरसाईकल | 300000.00 | |
| बाईपास भव्ञाङ सडक | काष्ठमण्डप आजिभन जे.भी. | अनफोर्सिन आईटम | 50000.00 | |

32. **कर वीजक** - मूल्य अभिवृद्धि कर नियमावली, २05४ को नियम १७ अनुसार रितपूर्वकको कर वीजक जारी गरेर मात्र मूल्य अभिवृद्धि कर असुल गर्न सक्ने व्यवस्था छ । कार्यालयले A4 पेपरमा वीजक प्रिन्ट गरेका निम्न फर्मलाई मूल्य अभिवृद्धि कर समेत भुक्तानी दिएको देखियो । यस्तो कर वीजकबाट दिएको मू.अ.कर रु.1305259.26।- कर कार्यालयमा समायोजन भएको प्रमाण पेश गर्नुपर्दछ ।

| **भौ.नं. र मिति** | **कामको विवरण** | **ठेकेदारको नाम** | **मू.अ.कर रकम** | **कुल भुक्तानी** | **कैफियत** |
|---|---|---|---|---|---|
| 50003-073/5/27 | आर्ट काउन्सील बबरमहल, ट्रस थप्ने कार्य | अन्नपूर्ण महालक्ष्मी निर्माण सेवा | 151365.89 | 1315118.89 | मू.अ.कर रकम भन्ने ठाउँमा छुट रकम लेखेको, वीजक नम्बर डबल छाप लागेको । |
| 5000-073/6/4 | १६ नं. वडा नमूना मार्ग पी.सी.जी. | जय अम्बे एटु जेड निर्माण सेवा | 16632.63 | 142837.44 | वीजक नम्बर सच्चाएको । |
| 50008-073/6/20 | वडा नं.घछ सहयोगी नगर-संगम विन्दु | बङ्गलामुखी नि.से. | 126776.29 | 1101978.53 | अस्पष्ट वीजक नम्बर |
| 50101-073/8/21 | केन्द्रीय कारागार परीसर कालोपत्रे | विश्वजित निर्माण सेवा | 145907.60 | 1268273.74 | डबल छाप बिल नम्बर |
| 50126-073/9/26 | सचेतनामार्ग ढल निर्माण | सेतीदेवी निर्माण सेवा | 88168.21 | 766385.21 | नं.४ वीजक नं.हातले लेखेको । |
| 50128-073/9/27 | का.म.पा.१६ एहिटी प्रवेश भार्गदेखि नमूना टोल सडक मर्मत | के एण्ड के.जी.कन्स्ट्रक्सन | 275890.54 | 2398125.49 | पौषमा १ नम्बर बिल जारी |
| 50154-073/10/21 | वडा नं.२९ पखलती मार्ग स्तरोन्नती | वि.जी.ब्रदर्श कन्स्ट्रक्सन | 199288.71 | 1732278.82 | माघमा १ नम्बर बिल जारी |
| 50110-074/2/26 | सचेतना मार्ग ढल निर्माण | सेतीदेवी निर्माण सेवा | 221004.46 | 1921038.75 | वीजक नम्बर अस्पष्ट उल्लेख |
| 50117-074/3/18 | रानीवारी कल्भर्ड निर्माण | सन्ध्या कन्स्ट्रक्सन | 80224.93 | 697339.75 | आषाढमा नं.१ वीजक जारी |
| | **जम्मा** | | **1305259.26** | **11343376.62** | |

33. **बिल भरपाई** - आर्थिक कार्यविधि नियमवाली, २०६४ को नियम ३६(३) अनुसार बिल भरपाई सहितको लेखा राख्नुपर्दछ । गो.भौ.नं.५००३३ मिति २०७३।०६।१७ बाट नगरपालिका र नवीकरणीय उर्जा प्रशिक्षण केन्द्रबीच सोलार सामग्री टेष्ट गरे बापत रु.३,००,०००।- भुक्तानी दिने सम्झौता अनुसार सामग्री टेष्ट गरेको भनी १5 प्रतिशत कर कट्टा रु.४५,०००।- गरी रु.२,५५,०००।- भुक्तानी भएकोमा केन्द्रले बिल जारी गरेको देखिएन । बिल वेगर यस्तो खर्च भुक्तानी दिन मिलने देखिदैन ।

34. **वाइपास-मुड्कु भञ्ज्याङ सडक निर्माण :-** लागत अनुमान रु.७,६७,८८,३६७- ठेक्का सम्झौता रु.५०७,६७,०९४।- रहेको ठेक्कामा फिल्ड अवस्था र डिजाइन परिवर्तनको कारण रु.६४,४६,०५०।- (१४.३४ प्रतिशत) को भेरिएशन बोर्डबाट स्वीकृत गरी ठे.काष्ठमण्डप/आजिवन जे.भी.संग २०७३।३।१५ सम्म सम्पन्न गर्ने गरी २०७२।८।४ मा रु.५,७२,१३,१४४।- मा सम्झौता भएकोमा यो वर्षसम्म रु.४,०५,८०,९१२।- भुक्तानी भएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन् :

34.1 सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा म्याद थप गर्नु पूर्व निर्माण व्यवसायीले काम समयमै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको थियो वा थिएन सार्वजनिक निकायले दिनुपर्ने कुरा उपलब्ध गराएको थियो थिएन, काबु बाहिरको परिस्थितिबाट काममा ढिलाई भएको हो वा होइन विचार गरेर मात्र म्याद थप गर्न सकिने व्यवस्था छ । महानगरपालिकाले काम सम्पन्न गर्नुपर्ने अन्तिम म्याद २०७३।३।१५ देखि २०७३।१२।३० सम्म नाकाबन्दी, बन्द, हड्ताल कारण उल्लेख गरी २०७३।६।१२ मा म्याद थप गरेकोमा २०७४।६।८ मा दशैं, तिहार, छठ, चिसो र आसफाल्ट प्लान्टको अभाव आदि कारण देखाई बोर्डले २०७४।१।१ देखि २०७४।८।३० सम्म म्याद थप गरेको देखियो । आसफाल्ट प्लान्ट अभावको कारण स्पष्ट छैन ।

| | |
|---|---|
| | वास्तविक अवस्था मूल्याङ्कन नगरी विना हर्जाना म्याद थप गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ । |
| 34.2 | ठेक्का सम्झौता अनुसार लमसम रु.५,००,०००।- बीमा व्यवस्था गरेकोमा २०७४।३।३० सम्म तेस्रो बिल समेतबाट रु.४,०५,८०,९१२।- (७०.९२ प्रतिशत) भुक्तानी भइसकेको छ । ठेकेदारबाट वीमा गरी भुक्तानी लिएको देखिएन । ठेकेदारको ठेक्का फाइल परीक्षण गर्दा २०७३।१०।६ (२०१७-१-१९) मा २०१७-१-१९ देखि २०१७।४।१३ सम्म ३ महिनाको वीमा गरी रु.१,१७,०१६।२३ प्रिमियम तिरेको रसीद संलग्न रहेको देखियो । सम्झौता अनुसार पुरै अवधिको वीमा नगर्ने ठेकेदारलाई सचेत गराई आंशिक अवधि वीमा गरेको आधारमा लमसम वीमा बापतको रु.५,००,०००।- भुक्तानी हुनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । |
| 35. | **बीमा** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । देहाय बमोजिम निर्माण कार्यको वीमा वापत रु. १,३३,११३।- को बिल पेश भएकोमा रु. २ लाख भुक्तफनी भएको छ । |

| भौ.नं. र मिति | विवरण | BOQ (वीमा) | परिमाण | बिल | फरक |
|---|---|---|---|---|---|
| 50003-073/9/22 | का.म.पा.भिमनिधि मार्ग सडक विस्तार तथा कालोपत्रे गर्ने सिद्धार्थ सर्वशक्ति जे.भी. | 100000.00 | 1 Job | 73868.00 | 26132.00 |
| 50007-073/12/31 | वडा नं.३४, १० फुलचोकी-एकता मार्ग, ठे.काष्ठमण्डप कन्स्ट्रक्सन | 100000.00 | 1 Jbb | 59245.00 | 40755.00 |

| | |
|---|---|
| 36. | **मेलम्ची आयोजनाको कारण भेरिएशन** - भौ.नं.५०११६ मिति २०७३।९।१३ का.म.न.पा.११ स्थित बागदरबार मार्गमा ओभरले तथा ढल निर्माण गर्न का.म.न.पा. र रमिता कन्स्ट्रक्सन बीच रु.३३,८,१७५।३७ मा सम्झौता भएकोमा मेलम्ची आयोजनाले पाइपलाइन विस्तार कार्य ढिला गरी गरेको उक्त साइट मिलाएर छाड्नु पर्नेमा उबड खाबड अवस्थामामै छाडेको कारण अनुरोध गर्दा समेत नमिलाएको भन्ने स्थानीय वासीको गुनासोको आधारमा भेरिएशनबाट रिभाइज्ड इष्टिमेट गर्दा १४.१५ प्रतिशत अर्थात् रु.४,७३,९३०।६६ बढ्न गएको देखियो । निर्माण कार्यको समन्वय हुन नसकेको र मेलम्ची आयोजनाले आफ्नो जिम्मेवारी पूरा नगर्दा नगरपालिकाको काममा रु.४,७३,९३०।९६ थप व्यय भार पर्न गएको देखियो । अतः निर्माणकार्यमा समन्वय गरी समयमा सम्पन्न गर्नुपर्दछ । |
| 37. | **असम्बन्धित खर्चः** सार्वजनिक खरिद **नियमावली, २०६४** एवं सार्वजनिक लेखा समितिको मिति २०६९ को निर्णय **अनुसार निर्माण कार्यको बोलपत्र आव्हान गर्दा निर्माण कार्यको आइटम मात्र समावेश गर्नुपर्ने** व्यवस्था छ । कार्यालयले निम्न सामान ठेक्का पट्टामा राख्ने कार्य नियमसम्मत् देखिएन । अतः यस्ता सामान ठेक्का पट्टामा समावेश गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ । |

| भौ.नं.र मिति | कामको विवरण | ठेकेदार | सामानको नाम | BOQ मा असम्बन्धित खर्च |
|---|---|---|---|---|
| 50007-073/12/31 | वडा नं.३४ जनसहयोगी मार्ग बाटो विस्तार | काष्ठमण्डप कन्स्ट्रक्सन | मोटरसाइकल १ | 300000.00 |
| भुक्तानी बाँकी | वाइपास-मुड्कु भञ्ज्याङ सडक | काष्ठमण्डप आजिभन जे.भी. | अनफोर्सिन आइटम | 500000.00 |

| | |
|---|---|
| 38. | **घटी कार्यसम्पादन जमानत** - सार्वजनिक खरिद ऐन, २०६४ को दफा १३७(१) मा १५ प्रतिशतभन्दा घटेर ठेक्का कवोल गर्ने व्यवयायीबाट थप कार्यसम्पादन जमानत लिनुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार देहाय २ ठेक्कामा रु. ३२,६१,२७८।- जमानत लिनुपर्नेमा श्र २२,१२,०००। मात्र लिएकोले रु. १०,४९,२७८।- घटी कार्यसम्पादन जमानत स्वीकार गरेको पाईयो । |

| प्याकेज | जसहयोगी मार्ग बाटो विस्तार | लागत अनुमान | ठेक्का स्वीकृत | लिनुपर्ने जमानत | लिएको | घटी |
|---|---|---|---|---|---|---|
| 247/68-072/73 | वडा नं.३४/१० ठे. काष्ठमण्डप कन्स्ट्रक्सन | 29997849.00 | 22305326.00 | 2301909.64 | 1261000.00 | 1040909.64 |
| 249/68 | शुभकामना मार्ग बाटो विस्तार, ठे.के. एण्ड के./त्रिपुरा सुन्दरी जे.भी. | 9901312.56 | 6472802.68 | 959369.00 | 951000.00 | 8269.26 |

| | |
|---|---|
| 39. | **उपभोक्ता समितिको स्रेस्ता अनुगमन** - स्थानीय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)(ठ) मा उपभोक्ता समितिमार्फत काम गराउँदा उपभोक्ता समितिहरुको खर्चको श्रेस्ता, बील, भरपाई राखे नराखेको अनुगमन गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले उपभोक्ता समितिहरुमार्फत गराएको कामको नापी किताब, कार्यसम्पादन प्रतिवेदन र ठेक्का बिलको आधारमा भुक्तानी गरेको देखियो । सो कामसँग सम्बन्धित खर्चको बील भरपाई उपभोक्ता समितिले राखे नराखेको सम्बन्धमा महानगरपालिकाबाट अनुगमन गर्ने गरेको नदेखिएकोले कर्मचारी खटाई जाँच गरी प्रतिवेदन लिने व्यवस्था गर्नुपर्ने |

देखिन्छ । यसका केही उदाहरण यस प्रकार छन् :

| भौ.नं. र मिति | उपभोक्ता समिति | रकम |
|---|---|---|
| 50016-074/185 | असन कमलादी टोल सुधार समिति | 734633.54 |
| 50048-074/1/11 | स्वागत मार्ग टोल सुधार समिति, पी.सी.सी. ढलान | 2035717.00 |
| 50063-074/1/6 | वनस्थली नयाँवस्ती टोल सुधार समिति | 855284.13 |
| 50131-074/3/19 | वडा नं.६ शिवमन्दीर-शान्ति पार्क, RCC बाटो ढलान | 4302698.63 |
| 50144-074/3/23 | विशालनगर सौर्य बत्ती जडान ३५ सेट | 3867804.35 |

40. **मूल्य अभिवृद्धि कर समायोजन पत्र :** आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३६(८) मा कुनै भुक्तानी दिंदा रीत पुगे नपुगेको भनी जाँगर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले गो.भौ.नं. ५०१०७-०७३।०३।०९ बाट कानून महाशाखामा आल्मुनियम पार्टसन गरे वापत रु. १३९०१३।-(मू.अ.कर समेत) तथा गो.भौ.नं. ५००५९-०७४।०१।२६ बाट गंगामार्गमा ब्लक छाप्ने कार्य गरे वापत रु. ५१४४०४।-(मू.अ.कर समेत) एक निर्माण सेवाको एउटै कर बीजक नं.बाट भुक्तानी गरेको पाईएकोले मूल्य अभिवृद्धि कर समायोजन पत्र पेश हुनुपर्दछ ।

41. **स्रेस्ता पेश नभएको :** काठमाण्डौं वडा नं. १० बुद्धनगर मध्य मार्ग सडक विस्तारको लागि एक ठेकेदारसँग रु. १५०,७५,३३६।- को सम्भौता गरी यो वर्ष अन्तिम ठेक्का बिलबाट रु.६,५९,९५२।१५ भुक्तानी भएकोमा उक्त ठेक्कासँग सम्बन्धित कागजातहरु अदालतमा पेश गरेको भनी लेखापरीक्षणको क्रममा पेश हुन नआएकोले उक्त कार्यको नापी किताब, प्राविधिक मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

42. **अग्रिम कर** - 50066-074/1/28 आय कर ऐन, २०५८ को दफा ८९ अनुसार कट्टा गरेको अग्रिम आयकर सञ्चित कोष दाखिला हुनुपर्दछ । अलौकिक टोल विकास उपभोक्ता समितिलाई रु. ३७,४७,०३४।६१(मू.अ.कर बाहेक) भुक्तानी गर्दा कट्टा गरेको अग्रिम कर दाखिलाको भौचर पेश नभएकोले रु. 56205.52 दाखिला गरेको भौचर पेश हुनुपर्ने देखिन्छ ।

43. **अधुरा आयोजना** - सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम १० मा कुनै पनि पनि सार्वजनिक निकायले आयोजना निर्माणको लागत अनुमान तयार गर्दा सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गर्नुपर्ने र सो अनुसारको काम ठेक्का उपभोक्ता समितिबाट गराउँदा काबु बाहिरको परिस्थिति वा सार्वजनिक निकायले उपलव्ध गराउन पर्ने कुरा उपलव्ध गराउन नसकेमा कारण खुलाई म्याद थप गर्न सक्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार उपभोक्ता समिति मार्फत सञ्चालन भएको तिनकुने पार्क निर्माण आयोजना रु.७५,८८,५९८।९७ मा सम्पन्न गर्ने गरी सम्भौता भएकोमा मुआब्जा विवाद तथा रकम अभावको कारण हालसम्म रु.४१,५,७६५।८ भुक्तानी भई निर्माण कार्य अधुरो रहेको जनाएको छ । आयोजना सम्पन्न नहुँदा लक्षित वर्गले त्यसको प्रतिफल प्राप्त गर्न सक्ने देखिँदैन । बजेटको व्यवस्था मिलाई आयोजना सम्पन्न गर्नुपर्ने देखिन्छ ।

44. **काठमाडौं भ्यू टावर निर्माण** - आर्थिक वर्ष २०६८।६९ को १८ औं नगरपरिषद्को निर्णय अनुसार काठमाडौं महानगरपालिका वडा नं.३१ पूरानो बसपार्कको कित्ता नं. १३७३ क्षेत्रफल २३ रोपनी ५ आना ३ दाम १ पैसा जग्गामा २९ तले बहुउद्देश्यीय भवन निर्माण गर्ने निर्णय भएको छ । सो सम्बन्धमा भएको प्रगति यस प्रकार छ :

44.1 ३ वटा कम्पनीको प्राविधिक र आर्थिक प्रस्ताव प्राप्त भई बोलपत्र मूल्यांकन समितिबाट मिति २०६९ मंसिर २७ गते आर्थिक प्रस्तावमा सबैभन्दा बढी रोयल्टी कबोल गर्ने श्री जलेश्वर, स्वच्छन्द एण्ड बीकोई जे.भी. को प्रस्ताव सिफारिस भई सोही मितिमा स्वीकृत भएको थियो । २०६९ मंसिर २८ गते संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा उक्त परियोजना सम्भौता गर्न सहमती माग गरिएकोमा २०६९ पौष २३ सहमती प्राप्त भएको देखिन्छ ।

44.2 २०६९ मंसिर २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट टावर निर्माण सम्बन्धी कागजात उपलब्ध गराई कार्य रोक्का राख्न लेखी आए अनुसार उपलबध गराएको कागजातहरु सहित ।

44.3 सार्वजनिक लेखा समितिले २०७१।११।४ को पत्र मार्फत् नियम, विधि तथा प्राविधिक रुपले सम्भौता गरी काम अघि बढाउन निर्देशन भएपश्चात २०७१।११।२२ मा दुई पक्षहरु बिच निर्माण कार्यको सम्भौता भई २०७२।७।२५ मा सम्माननीय उप-राष्ट्रपतिबाट शिलन्यास भई कार्यारम्भ भएको देखियो ।

44.4 निर्माण अवधि ३ वर्ष रहेको छ । महानगरपालिकाबाट कुनै रकम भुक्तानी नहुने र Lease अवधि ३० वर्ष रहेको छ । उक्त टावरको आसय पत्र अनुसार २०६८ सालको लागत अनुमान रु.३ अर्ब ७५ करोड रहेको छ ।

44.5 निर्माण सम्पन्न नहुँदासम्म बार्षिक रु.९८ लाख ३३ हजार र निर्माण सम्पन्न (३ वर्ष) पश्चात रु.२ करोड ३५ लाख बार्षिक रोयल्टी बुझाउने प्रावधान रहेको छ । जस अनुसार २०७३ र २०७४ श्रावण महिनामा शुरु सम्भौता अनुसार रकम दाखिला गरिसकेको छ ।

44.6 जम्मा पाईलिङ्ग संख्या ९९३ (४५ मिटर गहिराई र १ मिटर गोलाई) मध्ये २४५ पाइलिङ्गको निर्माण २०७४ आषाढ मसान्तसम्म सम्पन्न भएको जनाएको छ ।

आसयपत्र जारी गर्दा २९ तल्लाको भए पनि भूकम्पका कारण १२ तल्ला पास भएको । तर हाल २९ तल्ला नै स्कीकृती दिन काठमाडौं उपत्यका नगर विकास प्राधिकरण, शहरी विकास मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएको र हाल सम्म स्वीकृत भई नसकेको जानकारी प्राप्त भएको छ । समयमै निर्णय गरी उक्त टावरको निर्माण कार्य सम्पन्न गर्नु गराउनु पर्दछ ।

**जगेडा कोषतर्फ**

45. **रानीपोखरी पुनः निर्माण :-** काठमाडौं महानगरपालिकाले रानी पोखरी निर्माण कार्य (सौन्दर्यता सहित) मू.अ.कर बाहेक रु.१०,०१,१६,९०९।- को लागत अनुमान स्वीकृत गरी २०७२।१०।७ मा बोलपत्र आव्हान गरेकोमा घटीवाला निर्माण व्यवसायी बुल्ड वाइड/कडेल/के एण्ड के.जे.भी.संग २०७३।१।१० मा मू.अ.कर बाहेक रु.६,२९,०४,३५३।- मा सम्पन्न गर्ने सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार निर्माण कार्य २०७३।७।३० सम्ममा सम्पन्न गर्ने उल्लेख छ ।

लागत अनुमानमा रु.३,७२,१२,५५६।- अर्थात् ३७.१७ प्रतिशत घटेर ठेक्का सम्झौता भएको र रु.६,२९,०४,३५३।- निर्माण काम ६ महिनामा सम्पन्न गर्ने गरी सम्झौता भएको देखियो । यसबाट लागत अनुमान तयार गरेको आधार र निर्माण सम्पन्न गर्न दिएको समयप्रति विश्वस्त हुन सक्ने आधार देखिएन ।

निर्माण व्यवसायीले कार्य शुरु गरे पश्चात पुरातत्व विभाग र राष्ट्रिय पुनःनिर्माण प्राधिकणबाट बाधा अवरोध भएको कारण जनाई मिति २०७३।१०।२५ को बोर्डको निर्णयले २०७४।३।१५ सम्म म्याद थप गरेको देखिन्छ । २०७४।३।१५ सम्म तेस्रो रनिङ्ग समेतबाट जम्मा रु.२,०३,८७,८७७।- (३२.४१ प्रतिशत) भुक्तानी भएको छ । निर्माण व्यवसायीले विद्युत पोल र तार विद्युत प्राधिकरणले नहटाएको, विद्युतीय कार्यमा भेरिएशन भएको कारण देखाई मिति २०७४।३।१३ मा २०७४।१०।३० सम्म म्याद थप माग गेको देखिन्छ । म्याद थप सम्बन्धमा नगरपालिकाले कुनै कारबाही गरेको छैन ।

पुरातत्व विभागले पोखरी जिर्णोद्धार कार्य स्वीकृत नक्सा र मापदण्ड तथा पुरातात्वीक सम्वेदनशीलताको प्रतिकूल हुने गरी निर्माण कार्य भइरहेको जनाई च.नं.११२७ मिति २०७४।९।१२ को पत्र र मन्त्रिपरिषद्को २०७४।९।१३ को निर्णयबाट निर्माण कार्य रोक्का आदेश दिए अनुसार नगरपालिकाले मिति २०७४।९।१३ मै निर्माण कार्य स्थगित गर्न ठेकेदारलाई पत्राचार गरेपश्चात निर्माण कार्य रोकिन गई निर्माण कार्य अनिश्चित बन्न पुगेको छ ।

पुरातात्वीक महत्वको निर्माण कार्य गर्दा पुरातत्व विभाग र नगरपालिकाबीच के कसरी निर्माण कार्य अगाडि बढाउने निश्चितता भएपछि ठेक्का पट्टा गर्नुपर्ने र ठेकेदारसंग सम्झौता भई सकेपश्चात काममा बाधा बिरोध नगरी निर्माण कार्यसम्पन्न गर्नुपर्नेमा सो हुन नसक्दा राष्ट्रकै इतिहास बोकेको रानी पोखरीको निर्माण कार्य अनिश्चित बन्न पुगेको छ । यस सम्बन्धमा मन्त्रालय, पुरातत्व विभाग र नगरपालिका पदाधिकारी रहेको संयुक्त सञ्चालन समिति गठन गरिएको महा-नगपालिकाको भनाई रहेको छ ।

**महानगरपालिका पुँजिगततर्फ :**

46. **कर विजक :** मूल्य अभवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले अनुसूची ५ र ५(क) बमोजिम ढाँचामा रितपुर्वकको कर विजक जार गरी पेश गनु पर्ने व्यवस्था छ । कार्यालयले निम्न बमोजिम विजक नम्वर केरमेट गरेको, सच्चाएको तथा हातले लेखेको जस्ता कैफियत देखिएका देहाएका फर्महरुबाट जारी कर विजकको रु. 3,83,210.38 मूल्य अभिवृद्धि कर भुक्तानी दिएको पाइयो । यसरी कैफियत देखिएका कर विजकबाट भुक्तानी भएको मूल्य अभिवृद्धि कर सम्वन्धित आन्तरिक राजस्व कार्यालयबाट समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।

| क्र.सं. | भौ.नं. | मिति | फर्म | | भुक्तानी रकम (मू.अ.कर समेत) | मूल्य अभिवृद्धि कर रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1. | 20382 | 2073/10/13 | वि.एम. सप्लायर्स | 300849500 | 133905. | 15405. | सक्कल विजक पेश नभएको र प्रतिलपिमा विजक स्पष्ट भएन |
| 2. | 20484 | 2073/11/22 | कुण्डलिनी स्टोर्स | 302050550 | 65088. | 7488 | विजक नं. नभएको प्रतिलिपि पेश |
| 3. | ,, | 2073/11/22 | अग्रिम इन्टरप्राईजेज | 30211300 | 117520. | 1350. | ,, |
| 4. | 20337 | 2074/3/13 | इरोज इन्स्टनेमेण्ट प्रा.लि. | 304309290 | 2971098.83 | 341807.38 | विजक नं. ३९४ काटी पुनः ३८५ लेखेको |
| 5. | 20368 | 2074/3/28 | | | 149160. | 17160. | विजक नं. २५ र २६ दुवै लेखेको |
| | | | | | 3436771.83 | 383210.38 | |

47. **अग्रिम आयकर :** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार कार्यालयले २०७३ कार्तिक २ र ३ गतेको भिटामिन ए

| | |
|---|---|
| | कार्यक्रमको खाजा र भत्ता वितरण भनि गो.भौ.नं. २०३६६।०७३।१०।६ बाट विभिन्न ३५ कर्मचारीलाई रु.४,५५,१००।- खर्च लेख्दा कट्टा गरेका १५ प्रतिशत  कर रु.६६,६४०।- कट्टा गरेको तर राजस्व दाखिला नगरी केवल भुक्तान गर्नुपर्ने रकम भनि खर्च लेखेको पाइयो । अतः सो कट्टा कर गरेको रकम रु.६६,६४०।- राजस्व दाखिला हुनुपर्ने देखिन्छ । |
| 48. | **भगिनी सम्वन्ध व्यवस्थापन खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७८(१) मा दश लाख रुपैयाँ भन्दा वढीको निर्माण कार्य वा मालसामान वा अन्य सेवा खरीद गर्दा बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने व्यवस्था छ । कार्यालयलाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट मिति २०७३।१।३ को प.सं. ०७२।७३ च.नं. ५-१-२२० बाट चिनको चङरु शहर र काठमाडौं महानगरपालिकाको विच मिति २०७३।९।८ मा भगिनी सम्वन्ध स्थापना हुने भनि जानकारी गराएको र सो को व्यवस्थान गर्न समेत अनुरोध गरेको पाइयो । कार्यालयले सोही अनुरुप व्यवस्था गर्नको लागि भनि मिति २०७३।८।२० मा केवल एक फर्म (होटल अन्नपुर्ण, दरवारमार्ग) लाई २०७३।९।८ मा भगिनी सम्वन्ध कायम कार्यक्रम र अन्य कार्यक्रम राष्ट्रिय सभागृहमा हुने गरी व्यवस्थापन गर्नुहुन भनि पत्राचार गरेको पाइयो । सो अनुसारको होटल अन्नपुर्णबाट पेश भएको विल बमोजिमको रकमको भुक्तानी गो.भा. २०३७७।२०७३।१०।७ बाट रु.१५,८९,८९१।४७ भुक्तानी दिएको पाइयो । यसरी ऐन नियमको व्यवस्था अनुसार र पर्याप्त समय रहेको अवस्थामा बोलपत्रको माध्यमबाट कार्य नगराई सिधैं एक होटल व्यवसायीलाई कार्यादेश दिनु नियमसम्मत देखिएन । |
| 49. | **सक्कल विल वेगर भुक्तानी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३० मा भुक्तानी लागि प्राप्त विल वा विजक खरीद सम्झौता एवं नियमको प्रावधान अनुरुप छ छैन जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले महानगरीय प्रहरी दिवशको अवसरमा महानगरी प्रहरी कार्यालय रानीपोखरीले कार्यालय अगाडीको वाल लोलाङ निर्माण सेवा गोलढुङ्गा काठमाडौंबाट रङरोगन गरेको भनी भुक्तानीको लागि काठमाडौं महानगरपालिकामा माग गरेको पाइयो । माग गरेको विजक अनुसारको भुक्तानी भनि गो.मा.नं. २०४०६ बाट रु.३,२२,६८३।- भुक्तानी दिएको छ । भुक्तानी दिंदा विजक एवं अन्य कागजातहरु सक्कल पेश हुनुपर्नेमा नभएको एवं विजक नं. समेत स्पष्ट खुलेको पाइएन । सक्कल विल भर्पाइ वेगर भुक्तानी दिएको रकम नियम सम्मत देखिएन । अतः सोको सक्कल श्रेस्ता एवं विजक पेश हुनुपर्ने देखिन्छ । |
| 50. | **अनुगमन प्रतिवेदन :** काठमाडौं महानगरपालकाको लक्ष्यमा आधारित सुविधाद्वारा कर रकम तथा करदाता अभिवृद्धि गर्ने कार्यक्रम, २०७३ को वुंदा नं. ५-१ मा महानगरपालिका १० जना सम्म कर्मचारीहरुलाई अनुगमन जादा खाइपाई आउने शुरु तलव स्केलको ५० प्रतिशत प्रोत्साहन सुविधा एवं मासिक रुपमा ६ पटक भन्दा वढी अनुगमनमा गएमा मासिक २० लिटरसम्म उपलव्ध गराउने व्यवस्था छ । कार्यालयले गो.भौ.नं.२०४०८।०७३।१०।२५ बाट विविधमा रु. ३३,१८,८६६।५० खर्च गरेको मध्ये बुंदा नं. ५.१ को प्रयोजनाको लागि देहायका विभिन्न ९ जना कर्मचारीहरुलाई करकट्टा गरी रु.६,६१,७४६।५० भुक्तानी दिएको पाइयो ।  २०७३ श्रावण देखि पौषसम्मको अनुगमन खर्च लेखेकोमा कुन कुन मितिमा के कति स्थानको अनुगमन गरेको हो सोको प्रतिवेदन पेश गरेको नदेखिएकोले अनुगमनको कार्यक्रम र अनुगमन प्रतिवेदन, से उपर कार्यान्वयन स्थिति पेश हुनुपर्ने देखिन्छ । |
| 51. | **जनशक्ति व्यवस्थापन अनुसन्धान :** काठमाडौं महानगरपालिकामा भविष्यमा संगठनमा आवश्यक पर्ने जनशक्तिको पुर्वानुमान गर्ने र संगठनको वर्तमान जनशक्तिको प्रक्षेपण गर्ने एवं कार्यालय सहायक, कुचिकार, नाइके, सवारी चालक, अपरेटर, हेल्पर, सुपरभाइजर र मेकानिक्सको क्षेत्रमा कार्य गर्ने कर्मचारीको पद मिलान, स्वेच्छिक अवकास र समायोजन समेत समेटर रीपोर्ट तयार गरी सो उपर कम्तिमा ६ पटक महानगरपालिकासंग छलफल गरी सो उपर उठेका राय समेत समेटर प्रतिवेदन (soft copy and Hand Copy) पेश गर्ने गरी रु.१०,९६,१००।- गोरखकाली मनकामना अध्ययन अनुसनधान केन्द्र ( ३००७१२०९६), सानोठिमीसंग मिति २०७३।८।१ मा सम्झौता गरेको पाइयो । सो सम्झौता अनुसार ४५ दिनमा सो कार्यसमपन्न गरी सक्नु पर्नेमा परामर्शदाताको निवेदन अनुसार २०७४।२।२९ सम्म म्याद थप गरेको पाइयो । सो फर्मलाई कार्य सम्पन्न गरेको भनि गो.भौ.नं. २००३९।२०७३।११।०२ बाट रु.७,४१,१६७।- र गो.भौ.नं. २०२०५।०७४।२।२९ बाट रु.३,१७,६४३।- गरी रु.१०,५८,८१०।- भुक्तानी दिएको पाइयो । फर्मबाट कुन कुन मितिमा प्रारम्भिक प्रतिवेदन एवं अन्तिम प्रतिवेदन पेश भयो सो प्रतिवेदन यस सम्बन्धी प्रगति विवरण पेश हुन आएन । अतः सो प्रतिवेदन र कार्यान्वयन अवस्थाको प्रगति पेश गर्नुपर्दछ । |
| 52. | **सामाजिक कार्य र अनुगमन :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १३७ मा नगरपालिकाको कार्यक्षेत्र भित्र संचालन हुने आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा सम्वन्धित नगरक्षेत्रका सरकारी, गैर सरकारी तथा दातृ संस्थासंग आवश्यक समन्वय गरी दोहोरो नपर्ने  सम्झौता गरी कार्यान्वयन गराउनु पर्ने र सो को निर्धारित समयमा कार्य सम्पन्न गरी विल भरपाई एवं प्रतिवेदन पेश भए नभएको सम्वन्धमा नगरपालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस आर्थिक वर्षमा सामाजिक विकास विभाग अन्तर्गत विभिन्न संघ संस्थाहरुलाई रकम अनुदान दिएको सो अनुगमन गर्ने गरेको देखिएन । जसले गर्दा संस्थाहरुले सोही कार्यमा रकम खर्च गरेको छ  र प्रतिफल हासिल गरेको छन् भन्ने आश्वस्ता हुने अवस्था देखिएन । |
| 53. | **नेवा जातिय उत्थान कोष :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम ३३ (१) मा नगर परिषदले आफ्नो कोषमा जम्मा भएको आन्तरिक आयबाट विभिन्न कोषहरु संचालन गर्न सक्ने र सो कोषको खर्चको कार्यविधि  बनाई खर्च गर्न सक्ने व्यवस्था गरेको छ । कार्यालयले पेश गरेको आय व्यय विवरण अनुसार गत विगत वर्ष |

| | |
|---|---|
| | देखि नै नेवा जातिय उत्थान कोष मा मौज्दात रु.४,९०,९८,७०३।७३ र सो को व्याज समेत रु.५,०२,३९,८८।०२ आ.व.को अन्त्यमा मौज्दात देखिन्छ । सो रकम जुन प्रयोजनले कोषको स्थापना भएको हो सो मुताविकको कार्यविधि वनाई कार्यक्रम संचालन गरेको पाइएन । जसले गर्दा लक्षित वर्गमा सेवा पुग्ने अवस्था देखिएन । |
| | **चालु खर्च तर्फ** |
| 54. | **कल्याणकारी कोष :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६५ मा प्रत्येक बर्ष स्थानीय तहका कर्मचारीहरुको उपदानको लागि खाइपाई आएको कम्तीमा एक महिनाको तलव कल्याणकारी कोषमा दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ । महानगरपालिकाले यस आर्थिक वर्षको लागि कल्याणकारी कोषमा भौ.नं. १०१६४/०७४।०२।०५ वाट रु १०९,६७१,८६६।०९- दाखिला गरेको देखियो । नियमावली अनुसार एक महिनाको कूल तलब कति भनि गणनानै नगरी नगर परिषदवाट एकमुष्ठ बजेट पारित गराई कल्याणकारी कोषमा दाखिला गरेको देखियो । |
| 55. | **दैनिक भ्रमण भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ को नियम १४ (१) बमोजिम कुनै पदाधिकारी वा कर्मचारीलाई सरकारी कामको सिलसिलामा विदेशमा भ्रमणमा खटाउनु अघि निर्णय गर्नु पर्ने व्यवस्था छ । |
| 55.1 | कार्यकारी अधिकृत श्री रुद्रसिंह तामाङ सन् २०१६ नोभेम्वर १६ देखी १८ सम्म जापानको Yokohama शहरमा संचालन भएको "The 5th Asia Smart City Conference" नामक कार्यक्रममा सहभागी हुन जादा दैनिक भत्ता र भ्रमण खर्च वापत रु. १,७०,३७४।- शोधभर्ना भुक्तानी दिएकोमा आवश्यक निर्णय समावेश भएको नदेखिएकोले उक्त रकम अनियमीत देखियो । साथै वैदेशिक भ्रमणबाट फर्कने दिनमा दैनिक भ्रमण भत्ता दिन नमिल्नेमा रु १२,५५८।- भुक्तानी लिएकोले उक्त रकम असुल गर्नु पर्दछ । |
| 55.2 | काठमाण्डौ महानगरपालीकाको मिति २०७३।२।३२ को निर्णय अनुसार इन्जीनियर श्री निर्मल राज वराल इजरायल भ्रमणमा जाँदा केवल हवाइभाडा मात्र भुक्तानी गर्ने भनिएकोमा निजको भ्रमण विल अनुसार दैनिक भ्रमण भत्ता वापत रु. १६,०३५।- भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्दछ । |
| 55.3 | **थप व्यायभार** :- १००९१।७३।५।२७ योजना अधिकृत श्री रमेश घिमिरे दक्षिण कोरिया June 28 – July 1 2016 सम्म आयोजना हुने "Cultural Tourism Development in Asia and the Pacifice Region" विषयक कार्यक्रममा सहभागी हुन जाँदा संघिय मामिला तथा स्थानीय विकास समितिको २०७३।३।२ च.नं ५४५ को पत्र र काठमाण्डौ महानगरपालिकाको मिति २०७३।०२।२१ को टिप्पणी आदेशमा कार्यक्रममा सहभागी हुँदा लाग्ने खर्च आयोजकले व्यहोने उल्लेख भएकोमा भिसा शुल्क, दैनिक भत्ता आदी वापत रु २५६०० खर्च लेखेकोले उक्त खर्च अनियमित देखियो । |
| 56. | काठमाडौ महानगरपालिकाको खर्च व्यवस्थापन मापदण्ड, २०७२ मा वैठकमा (वोर्ड वैठक र वजेट तर्जुमा समितिको वैठक वाहेक) आमन्त्रीत सदस्यका रुपमा थप व्यक्तिहरु राख्न पाइने छैन तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा वढीमा ३ जनामात्र आमन्त्रित सदस्यसम्मलाई भत्ता प्रदान गर्न सकिनेछ भन्ने व्यवस्था भएकोमा काठमाण्डौ महानगरपालिकाले विभिन्न वैठकका आमन्त्रीत सदस्यहरुको संख्या र भत्ता वितरण खर्च व्यवस्थापन मापदण्ड विपरित देखियो । पदपुर्ति समितिका पदाधिकारी र वैठक भत्ता वितरणमा आमन्त्रीत सदस्यको संख्या ३ जना हुनुपर्नेमा ४ जनालाई ९ वैठकको भत्ता वितरण गरेकोले १ जनाको रु. १०००।- का दरले रु ९०००।- भत्ता वितरण गर्ने पदाधिकारीबाट असुल गर्नुपर्दछ । |
| 57. | **भाडा कर :** आयकर ऐन, २०५८ को दफा ८८ मा सवारी साधान भाडामा लिदा १० प्रतिशत अग्रीम भाडाकर तिर्नुपर्ने व्यवस्था छ । १०७०१।७३।१०।९ मा मिति २०७३।८।५ देखि ११ सम्म श्री प्रकाश पण्डीत सहित ९ जना वुटवल,पाल्पा सहित विभिन्न जिल्लामा भ्रमण जाँदा गाडी भाडामा लिए वापत रु. ५६,०००।- भुक्तानी भएकोमा भाडाकर वापत रु ५६०० दाखिला नभएकोले उक्त रकम दाखिला गर्नु पर्दछ । साथै गाडी भाडामा लिदा गाडी मालिकसँग सम्झौता गरी ब्लु वुक सहित लेखा राखेको देखिएन । |
| 58. | **मू. अ. कर :-** मुल्य अभिवृद्धिकर ऐन, २०५२ को अनुसूची १ अनुसार कर छुट हुने वस्तु तथा सेवाहरु उल्लेख छ । काठमाण्डौ महानगरपालिकाले विभिन्न सप्लायर्सबाट सामान खरिद गर्दा ऐन अनुसार मूल्य अभिवृद्धि कर समावेश गरेको विल अनुसार भुक्तानी दिएकोले निम्नानुसारका सप्लायर्सलाई भुक्तानी गरेको कर वापतको रकम रु.145,621.50 असुल गर्नुपर्दछ । |

| भौ.नं र मिति | सप्लायर्स | वस्तु तथा सेवा | भुक्तानी गर्नु पर्ने रकम | भुक्तानी भएको रकम | असुली |
|---|---|---|---|---|---|
| 10025/73/12/19 | न्यू शिवम ट्रेडर्स | वुद्धको मूर्ति | 131,250.00 | 148,312.50 | 17,062.50 |
| 10026/73/12/29 | पृथ्वी सप्लायर्स | आँखी झ्याल | 131,100.00 | 148,143.00 | 17,043.00 |
| 10358/73/7/11 | अन्नपुर्ण ईन्टरनेशनल जनरल सप्लायर्स | परेवा | 10,500.00 | 11,865.00 | 1,365.00 |
| 10612/073/9/25 | राज एण्ड रिवाज सप्लायर्स प्रा.ली | आँखी झ्याल र वुद्धको मुर्ति | 5,150.00 | 11,639.00 | 6,489.00 |
| 10618/073/9/ | न्यू शिवम ट्रेडर्स | वुद्धको मुर्ति | 1,650.00 | 1,864.50 | 214.50 |

| | | | | | |
|---|---|---|---|---|---|
| 20 | | | | | |
| 10026/73/12/29 | आर.के. ट्रेडर्स | वुद्धको मुर्ति,आँखीझ्याल,नेपाली गलैचा | 109,600.00 | 123,848.00 | 14,248.00 |
| 10033/73/12/30 | निभा जनरल सप्लायर्स | पशुपतिको मन्दिर,स्यम्भुको मुर्ति | 10,600.00 | 11,978.00 | 1,378.00 |
| 10218/74/02/12 | पृथ्वी सप्लायर्स | आँखिझ्याल काठको टोकन अफ लभ लेखेको | 68,000.00 | 76,840.00 | 8,840.00 |
| 10420/74/3/2 | पृथ्वी सप्लायर्स | गणेशको मुर्ति,वुद्धको मुर्ति, नेपाली गलौचा | 228,950.00 | 258,713.50 | 29,763.50 |
| 10616/74/3/30 | पृथ्वी सप्लायर्स | वुद्धको मुति | 3,500.00 | 3,955.00 | 455.00 |
| 10366/73/7/11 | पृथ्वी सप्लायर्स | वुद्धको मुर्ति | 5,300.00 | 5,989.00 | 689.00 |
| 10366/73/7/11 | पृथ्वी सप्लायर्स | आखि झ्याल | 5,000.00 | 5,650.00 | 650.00 |
| 10371/7/12 | आर.के टेडर्स | वुद्धको मुर्ति | 4,800.00 | 5,424.00 | 624.00 |
| 10372/73/7/12 | पृथ्वी सप्लायर्स | वुद्धको मुर्ति | 42,500.00 | 48,025.00 | 5,525.00 |
| 10228/73/6/10 | आर.के. ट्रेडर्स | आँखी झ्याल | 125,000.00 | 141,250.00 | 16,250.00 |
| 10225/73/6/11 | राज एण्ड रिवाज सप्लायर्स | वुद्धको मुर्ति | 132,500.00 | 149,725.00 | 17,225.00 |
| 10201/73/6/9 | आर.के. ट्रेडर्स | आँखी झ्याल | 60,000.00 | 67,800.00 | 7,800.00 |
| | | **जम्माः** | **1,075,400.00** | **1,221,021.50** | **145,621.50** |

59. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ मा लेखा राख्दा खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । महानगरपालिकाको वोर्ड मिति २०७२।४।१९ को निर्णय अनुसार कानुनी सल्लाहकारहरुको मासिक पारिश्रमिक अतिरिक्त न्यूनतम ५ थान मुद्धा वा वहस/लिखित जवाफ/कानुनी राय/ प्रमुखको निर्णय मस्यौदा वाहेक थप काम गरे वापत त्यस्तो कामको वितरण कानुन महाशाखाबाट प्रमाणीत भई आएपछि प्रतिकाम रु १ हजारका दरले एकमुष्ट रकम मासिक रुपमा उपलब्ध गराउने निर्णय भएकोमा निम्न कानुनी सल्लाहकारलाई १०७१०।७३।१०।१० बाट निम्नानुसारको रु. ३,५८,०००।- भुक्तानी गरेकोमा कामको स्पष्ट विवरण नभएकोले उक्त प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिन्छ ।

| **कानूनी सल्लाहकार** | **रकम** |
|---|---|
| दामोदर खड्का | 167000 |
| टिकाराम भट्टराई | 73000 |
| श्यामजी प्रधान | 118000 |
| **जम्माः** | **358000** |

60. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७६ को उपनियम १ मा फुटकर खरिदमा एकलाख पचासहजार रुपैयासम्मको खर्च भैजाने वा पुँजीगत मालसामान वा निर्माण कार्य वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्न सकिनेछ । तर यस उपनियम वमोजिम निर्माण कार्य गराउँदा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक आर्थिक वर्षमा एक पटक भन्दा वढी पटक गराउन सकिने छैन । महानगरपालिकाले एउटै व्यक्ति वा संस्थावाट एक भन्दा वढि पटक खरिद गरेको देखिएकोले यस्तो खरिदमा नियन्त्रण हुनुपर्ने देखियो ।

61. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६२ मा खरिद योजना तयार गर्दा नै अधिकतम प्रतिस्पर्धाको लागि खरिदलाई टुक्रायाउने वा प्याकेज बनाइने उल्लेख छ । यसरी खरिद कार्य प्रतिस्पर्धि स्वं मितव्ययी हुनुपर्ने भएकोमा महानगरपालिकाले विभिन्न मालसामान सोझै खरिद गरेको समान प्रकृतिको मालसामानमा समेत मूल्यमा निम्नानुसार भिन्नता पाइएकोले रु.१५,५००।- थप व्ययभार पेरेको देखियो । अ:त खरिद कार्यमा अधिकतम प्रतिस्पर्धा गराई मितव्ययीता अवलम्बन गर्नुपर्ने देखियो । जवकी सोहि मालसामान कुण्डली सप्लायर्सले रु २२,०००।- मा (सबैभन्दा न्यूनतम) सप्लाई गरेको पाईएकोले यसलाई आधार लिइएको छ ।

| भौचर नम्वर | सप्लायर्सको नाम | दर | इकाई | जम्मा | बढी व्ययभार | कैफियत |
|---|---|---|---|---|---|---|
| 1029.73.7.4 | आर.के टेडर्स | 36000 | 2 | 72000 | 28000 | 150AH exide |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 10347.73.7.10 | न्यू शिवम् टेडर्स | 36000 | 2 | 72000 | 28000 | 150AnH exide |
| 10025.73.12.29 | न्यू शिवम् टेडर्स | 36000 | 2 | 72000 | 28000 | 150AH exide |
| 10088.74.01.07 | सुनिरा जनरल सप्लायर्स | 43500 | 2 | 87000 | 43000 | 150AH exide |
| 10596.74.3.30 | कुण्डलीनी सप्लायर्स | 22000 | 1 | 22000 | | 150AH exide |
| 10274.73.6.18 | निमा जनरल सप्लायर्स | 36000 | 2 | 72000 | 28000 | 150AH exide |
| hDdf | | | | | 155000 | |

62. **मेट्रो एफ.एम** : महानगरपालिकाले विभिन्न सुचना तथा संचार प्रवाह गर्नको लागि मेट्रो एफ.एम (९४.६ मेघाहर्ज) संचालनमा ल्याएको छ । महानगरपालिकाले मिडिया शाखामा (मेट्रो एफ.एम) कार्यरत करारका २२ कर्मचारीलाई तलव भत्तामा वापत रु ७१,२८,०३०।- वार्षिक खर्च गरेको देखिन्छ । करारका कर्मचारीलाई समेत विभिन्न मन्त्रालय तथा विभागमा काजमा पठाउने गरेको देखियो । राष्ट्रिय सभागृहबाट प्रसारित उक्त एफ.एमले महानगरपालिकाको सुचना वाहेक कुनैपनि सुचना प्रशारण गर्ने गरेको देखिएन । यसरी दैनिक विहान ५:३० देखि राति १० वजेसम्म संचालन हुने एफ.एम.मा संचालित समय अनुसारको कार्यक्रम हुने गरेको देखिएन । विज्ञापन प्रशारण वापत सेवा शुल्क लिई राजश्व वृद्धि गर्नुपर्नेमा विज्ञापन दररेट भएको तर कुनैपनि किसिमको विज्ञापन प्रसारण नगरेकोले आन्तरिक आय साथै एफ.एम.को आय व्ययको लेखा राख्ने कर्मचारी समेतको व्यवस्था भएको देखिदैन । अत: महानगरपालिकाले एफ.एम संचालन गर्दा नविकरण गर्दै व्यावसायीक तवरले संचालन गर्ने तथा एफ.एमलाई आत्मनिर्भर वनाउनुका साथै आय व्ययको लेखा राख्ने कर्मचारीको व्यवस्थापन गर्नेगरी आन्तरिक नियन्त्रण प्रणाली वलियो वनाउनु पर्दछ ।

63. **धरौटी फिर्ता** : सार्वजनिक खरिद नियमावली, २०६४ का नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याए पछि वा त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ । यसै सम्बन्धमा आन्तरिक राजश्व बिभाग नीति बिश्लेषण शाखाको प.सं. 2071.72 च.नं.२३ मिति 2071.7.14 को परिपत्र अनुसार कट्टा गरिएको धरौटी रकम सम्बन्धित पार्टीलाई फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजन पत्र धरौटी फिर्ता माग गर्ने करदाताले रकम भुक्तानीको लागि जारी गरेको बिजक बमोजिमको कारोबार आफ्नो बिक्री खातामा प्रबिष्ट गरेको र सो अनुसार मूल्य अभिबृद्धि कर बिबरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइ सके पछि मात्र धरौटी बापतको रकमको फिर्ता दिने व्यबस्था गर्न परिपत्र गरेकोमा यस महानगरपालिकाले निर्माण कार्यको भुक्तानी दिँदा कट्टा गरेको धरौटी रु.65,71,145.15 फिर्ता दिँदा कर चुक्ता प्रमाण मात्र लिई धरौटी फिर्ता दिएको देखिन्छ । नियम तथा परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण बेगर धरौटी फिर्ता दिने कार्य मनासिब देखिएन । तोकिए अनुसार प्रमाण पेश हुनु पर्दछ ।

| क सं. | गो भौ मिति | धरौटी फिर्ता पाउने | रकम |
|---|---|---|---|
| १ | 40016/073/5/8 | आचार्य निर्माण सेवा | 373440 |
| २ | 40025/73/5/26 | कर्मसिल कन्सट्रक्सन | 26000 |
| 3 | 40026/073/6/4 | न्यू ककनी निर्माण सेवा | 104231 |
| 4 | 40028/073/6/11 | त्रिपुरा सुन्दरी कन्सट्रक्सन | 264000 |
| 5 | 40030/073/6/13 | पुर्ण विनायक कन्सट्रक्सन | 104410 |
| 6 | 40031/073/6/13 | पशुपतिनाथ कन्सट्रक्सन | 26303.75 |
| 7 | 40034/073/6/17 | पशुपतिनाथ कन्सट्रक्सन | 75270 |
| 8 | 40035/073/6/17 | ओम वज्रगुरु कन्सट्रक्सन | 38799.40 |
| 9 | 40036/073/6/17 | सर्वशक्ति महाँमाया निर्माण सेवा | 202379 |
| 10 | 40040/073/6/18 | सर्वशक्ति महाँमाया निर्माण सेवा | 157513 |
| 11 | 40044/073/6/18 | प्रेरा/सुनकोशी/वर्ल्ड वाईड जे.भि | 2839604 |
| 12 | 40046/073/7/3 | कडेल/शर्वशक्ति जे.भि | 374114 |
| 13 | 40054/073/7/9 | डायमण्ड कन्सट्रक्सन प्रा.लि | 183140 |
| 14 | 40054/073/9/5 | सर्वशक्ति महामाया | 174755 |
| 15 | 40067/073/9/21 | वि.एण्ड वि./ पशुपति जे.भि | 111712 |
| 16 | 40068/073/9/28 | आरति एण्ड कम्पनी | 350961 |
| 17 | 40086/073/11/09 | त्रिपुरा सुन्दरी कन्सट्रक्सन | 105269 |

| | | | |
|---|---|---|---|
| 18 | 40088/073/11/9 | रानीवन/वर्ल्डवाइड जे.भि | 1059244 |
| | | जम्मा: | 6571145.15 |

**वातावरण व्यवस्थापन विभाग**

64. काठमाडौंको फोहोर संकलन तथा व्यवस्थापन, ल्याण्डफिल साइड व्यवस्थापन हरियाली प्रवर्द्धन, वातावरण शिक्षा प्रदान, फोहोर जन्य पदार्थ ढुवान गर्ने गाडीहरु टि्परहरुको परिचालन गर्ने, ल्याण्डफिल साइटपा परीआउने विभिन्न समस्याहरुको तत्काल समाधान गर्ने, वातावरण संरक्षण गर्न विभिन्न पार्कहरुको संरक्षण गर्ने, रत्नपार्कमा वालउद्यानको संचालनको व्यवस्था मिलाउने फोहोर मैलाबाट उत्पन्न वायोग्यासबाट विद्युत उत्पादन गर्ने, कुहिने र नकुहिने फाहोर छुट्याउन डष्टविन वितरण गर्ने, फोहोर संकलन गर्ने गाडीहरुको लागि इन्धनको व्यवस्थापन गर्ने र सफाई मजदुरहरुको हितमा काम गर्ने उद्देश्यले यो विभागको स्थापन भई संचालनमा रहेको छ ।

65. **निर्णय कार्यान्वयन :** काठमाडौं महानगरपालकाको विशेष नगरपरिषदको मिति २०७३।६।६ को निर्णय नं. ६ मा काठमाडौं महानगर भित्र विद्युत पोलमा जडान भएको विद्युत, टेलिफोन, केवल लगायतका तारहरुलाई सम्वन्धित सरोकारवाला निकायहरुसंग समन्वय गरी दृश्य प्रदुषण नियन्त्रण कार्य तथा सहरी सौन्दर्यलाई ध्यानमा राखी उचित व्यवस्थापन गर्ने निर्णय गरेको अभिलेखबाट देखिन्छ । निर्णयमा उल्लेख भए बमोजिम महानगरपालिकाका सबै वडाहरुमा पोलमा विभिन्न प्रकारका तारहरु अव्यवस्थित रुपमा छरपष्ट अवस्थामा रहेको देखिन्छ । विशेष नगर परिषदले समस्याको पहिचान गरेतापनि उक्त निर्णय कार्यान्वयन भएको देखिएन । विशेष नगर परिषदले ठम्याएको दृश्य प्रदुषणलाई नियन्त्रण गरी उक्त निर्णय कार्यान्वयन गरिनु पर्दछ ।

66. **पार्क तथा हरियाली प्रवर्द्धन कार्यक्रम :** महानगरपालिकाले तीनकुने पार्कमा हरियाली प्रवर्द्धन गर्न कार्यका लागि आ.व. २०७३।७४ मा रु. १ करोड बजेट विनियोजन गरेको देखियो । तर विनियोजित रकम खर्च भएको देखिएन । पार्कए तथा हरियाली व्यवस्थापन गर्न भनी बजेट विनियोजन गर्ने तर विनियोजित वजेट खर्च नभई कार्यक्रम कार्यान्वयन भएको देखिएन । वजेट विनियोजन र कार्यान्वयन बीच तालमेल गरी कार्यक्रम कार्यान्वयन गरी हरियाली प्रवर्द्धन गर्नुपर्ने देखिन्छ ।

67. **सफाई सम्वन्धी कर्मचारी अन्य सुविधा :** वातावरण व्यवस्थापन विभाग, रत्नपार्क, वालाजु पार्कका सबै कर्मचारी तथा सफाई मजदुर र केन्द्रीय कार्यालयका कर्मचारीहरुलाई तलवको अतिरिक्त ५० प्रतिशत तथा दरले अतिरिक्त भत्ता भुक्तानी गरेको देखियो । आर्थिक वर्ष २०७३।०७४ मा सफाई सम्वन्धी कर्मचारी अन्य सुविधा वापत फागुन मसान्तसम्ममा रु. २,४४,५५,६६४।७६ र त्यस पछि असार मसान्तसम्ममा रु.१,५२,२८,३९५।९६ समेत रु.३,९६,८४,०६०।७२ अतिरिक्त समय काम गरेको भनी भुक्तानी भएको देखियो । आवश्यकताको पहिचान र कार्यतालिका वेगर वर्ष भरी नै अतिरिक्त कामको लागि भएको खर्च पुष्टयाई गर्ने कार्य प्रगति, दरवन्दी विश्लेषण गरी सफाई सम्वन्धी कर्मचारीहरुलाई उपलव्ध गराएको अन्य सुविधा र शहरको फोहोर मैला व्यवस्थापनमा वेलावखतमा देखिएका समस्याहरुको समेत विश्लेषण गरी यसमा भएको खर्चको औचित्य पुष्टि गर्नुपर्ने वा साथै सफाई कार्यका परिसूचक विकास गरी कार्यको आधारमा प्रोत्साहन दिने प्राणालीको विकास गर्नु पर्दछ ।

68. **सफाई कार्यका लागि इन्धन :** विभागले सफाई कार्यका लागि २०७३ फागुन मसान्तसम्म साझा सेवा र नेशनल ट्रेडिङबाट इन्धन वापत रु.३,७८,९७,४४८।६३ र लुम्व्रिकेन्टस वापत रु.४८,७२,६२९।३१ खर्च भएको छ । त्यसै गरी २०७३ चैत्र देखि २०७४ असार मसान्तसम्ममा इन्धनमा रु.२,६५,८१,०६२।२२ र लुम्व्रिकेन्टसमा रु.१,६७,१९,६२४।५३ समेत सफाई कार्यका लागि यो वर्ष इन्धन र लुम्किेन्टसमा रु.८,६०,७०,७६४।६९ खर्च भएको देखियो । इन्धन तथा लुव्रिकेन्टसको वर्षभरीको लागि चाहिने लागत अनुमान तयार नगरी कुपनको आधारमा इन्धन खरीद गरेको देखियो । महानगरपालिका केन्द्रीय कार्यालयबाट मासिक इन्धन सुविधा लिने कर्मचारीहरुबाट समेत यस विभागबाट इन्धन बुझ्ने गरेको देखियो । थोरै चलेका गाडीलाई वढी इन्धन उपलव्ध गराउने गरेको मर्मतका लागि राखिएको सवारी साधनहरुलाई पार्टपूर्जा सफा गर्न कति इन्धन लाग्ने हो सोको मापदण्ड तयार भएको देखिएन । विभागबाट वितरण गरिने इन्धन वितरण तथा खपतको लागि उचित र वैज्ञानिक मापदण्डको निर्माण गरी इन्धनको मितव्ययी प्रयोग गर्ने तथा व्यवस्थित अभिलेख तयार पार्ने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ ।

69. **कार्य प्रगति :** वातरवरण तथा फोहोर मैला व्यवस्थापन कार्यक्रमको लागि निम्न बमोजिम वजेट विनियोजन भएकोमा विनियोजित वजेटबाट कति भौत्तिक तथा वित्तिय प्रगति भयो सो को अभिलेख लेखापरीक्षणको लागि पेश नभएकोले विश्लेषण गर्न सकिएन । विनियोजित बजेटबाट भएको उपलव्धी र भौत्तिक प्रगतिको वार्षिक प्रतिवेदन तयार गर्नु पर्दछ ।

| क्र.सं. | शीर्षक | कृयाकलाप | विनियोजित वजेट (रु.हजारमा) |
|---|---|---|---|
| 1. | वातावरण तथा फोहोर मैला व्यवस्थापन कार्यक्रम | 38 | 432200 |
| 2. | पार्क तथा हरियाली प्रवर्द्धन | 14 | 40685 |
| 3. | ल्याण्डफिल्ड साइट व्यवस्थापन | 25 | 42700 |

| | | | |
|---|---|---|---|
| 4. | समुदाय परिचालन कार्यक्रम | 15 | 13250 |
| 5. | वातावरण तथा अन्य व्यवस्थापन कार्यक्रम | 8 | 10800 |
| 6. | हरियाली प्रवर्द्धन कार्यक्रम विकास परियोजना | - | 15500 |
| 7. | वातावरण व्यवस्थापन क्रमागत योजना | - | 55000 |
| 8. | यन्त्र उपकरण व्यवस्थापन कार्यक्रम | 25 | 112000 |

70. **कोष :** विभागले यो वर्ष सफाई कर्मचारीहरुको लागि स्वास्थ्य वीमा कोषमा आ.व.२०७३।०७४ मा रु. ५,००,०००।- र वातावरण संरक्षण कोषमा रु.५,००,०००।- समेत रु.१०,००,०००।- क्षेत्रगत लगानिमा देखाएको छ । विभाग अन्तर्गत यस्ता कोषहरु कति छन् र ती कोषहरुको हालसम्मको एकिकृत आम्दानी खुलेको विवरण पेश भएन । यसरी हरेक वर्ष छुट्याइएको कोषको एकिकृत विवरण तथा कोषको प्रयोग सम्वन्धमा व्यवस्थित अभिलेख तयार पार्नु पर्ने देखिन्छ ।

71. **सोभैm खरीद** : सार्वजनिक खरीद ऐन, २०३३ को दफा (८) अनुसार खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न मिल्दैन । विभागले आर्थिक वर्ष २०७३।०७४ मा विभिन्न गाडीहरुका पार्टपूर्जा रु.१,३५,७८,१६१।- र गाडी मर्मतमा रु.१५,२६,६८२।४१ सोभैm खरिद विधिद्धारा खरीद गरेको देखियो । यसरी ऐन नियम विपरित खरीद गर्नेलाई जिम्मेवार वनाउनु पर्दछ ।

72. **वातावरण लेखापरीक्षण :** विभागले सम्पादन गरेका फोहोर मैला व्यवस्थापन, ल्याडफिल्ड साइटको अनुगमन एवं मूल्यांकन, सिसर्जित फोहोरबाट आय आर्जन गर्ने कर्मचारहिरुको कार्य सम्पादनस्तर, ल्याण्डफिल्ड साइटमा देखापर्ने विविध समस्या, शहरवासीहरुको फोहोर फाल्ने प्रकृत्रि र फोहोरको वर्गीकरण वारे जनचेतना, फोहोर ओसार प्रसार समेतका समग्र विषयलाई समेटर वातावरणीय लेखापरीक्षण गर्ने व्यवस्था मिलाई त्यसको नियमित अनुगमन गर्ने व्यवस्था गर्नु पर्दछ ।

73. **सम्पत्ति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६ मा सरकारी सम्पत्तिको संरक्षण सम्वन्धी व्यवस्था रहेको छ । महानगर अन्तर्गतको वातावरण व्यवस्थापन विभागमा रहेको चल अचल सम्पत्ति के कस्तो अवस्थामा रहेको छ । सो को अभिलेख राखेको नदेखिएकोले व्यवस्थापन विभागका सम्पूर्ण सम्पत्तिको अभिलेख व्यवस्थित गर्नु पर्ने देखिएको छ ।

74. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा लगत खडा गरी राखिएका जिन्सी मालसामान के कस्तो अवस्थामा छन् । कार्यालयले एक वर्षमा कम्तिमा एक पटक आफै वा अन्य कर्मचारी वा प्राविधिकलाई निरीक्षण गर्नलाई त्यसको प्रतिवेदन लिने व्यवस्था छ । विभागले यो वर्ष जिन्सी निरीक्षण गरेको प्रतिवेदन प्राप्त भएको छैन । नियमावलीमा भएको व्यवस्था अनुसार जिन्सी सामानको संरक्षण र सम्भार, जिन्सी सामानको श्रेस्ता घर जग्गाको लगत समेतको विवरण पेश हुन आएन ।

75. **गाडी हराएको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६ मा सरकारी सम्पत्तिको संरक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालयको सवारी दर्ता नं. वा४च ६४४ को टाटा सुमो डिलक्स ६ सिटे गाडी २०५८।१२।९ मा रु.१६,५२७,७९४।- मा खरीद भएकोमा उक्त गाडी २०६४ सालमा हराएकोमा उक्त गाडीको अवस्था हालसम्म पनि अज्ञात रहेको देखियो । गाडी हराएको लामो समयसम्म उक्त गाडी पत्ता नलागेको अवस्था छ । उक्त गाडी के कसरी वा कसको जिम्माबाट हराएको हो सो स्पष्ट छैन । उक्त गाडीको खोजी गर्नलाई तिव्रता दिई सरकारीसम्पत्ति फिर्ता ल्याउने तर्फ कारवाही अगाडी वढाउनु पर्दछ ।

76. **वार्षिक प्रतिवेदन र रेखदेख :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५३ मा प्रत्येक कार्यालयले गत आर्थिक वर्षको मौज्दात, चालु आर्थिक वर्षमा खरीद गरेको तथा हस्तान्तर भई आएको मालसामान वस्तुगत सहायताको रुपमा प्राप्त भएको मालसामान समेते उल्लेख गरी कुल जिन्सी सामानको परिमाण र मूल्य, चालु आर्थिक वर्षमा लिलाम, मिन्हा, हस्तान्तरण भई खर्च भएको परिमाण र मूल्य बाँकी जिन्सी सामानमध्ये सावुत, मर्मत सम्भार लिलाम, मिन्हा गर्नुपर्ने मालसामानको परिमाण समेत खुलाई आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यमा पठाउनु पर्ने व्यवस्था छ । तालुक कार्यालयले प्रतिवेदन अध्ययन गरी आवश्यक निर्देशन दिनु पर्ने व्यवस्था समेत छ । नियममा भएको व्यवस्था अनुसार वार्षिक प्रतिवेदन तयार गरेको देखिएन । नियमममा भएको व्यवस्था पालना गराउन सम्वन्धित कर्मचारीहरुलाईए जिम्मेवार वनाउनु पर्दछ ।

77. **पेश्की फछ्र्यौट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(४) मा तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । विभागले गत वर्षको रु.३३,८४,०३६।३३ र यो वर्षको पेश्की रु.२६,१७,०००।- फछ्र्यौट गरेको देखिएन । नियममा भएको व्यवस्था अनुसार पेश्की फछ्र्यौट हुनु पर्दछ ।

**गत आ.व को**

| | | |
|---|---|---|
| 1. | सरण दिप श्रेष्ठ | 20000 |
| 2. | राजेन्द्र कुमार कार्की | 50000 |
| 3. | कर्ण वहादुर मगर | 20000 |
| 4. | राम कुमार वास्कोटा | 50000 |
| 5. | सौरभ गौतम | 99970 |

| | | | | | |
|---|---|---|---|---|---|
| | | 6. | नाम नखुलेको मन्त्रालय तथा अन्य कर्मचारी | 788941 | |
| | | | **संस्थागत पेश्की गत आ.व.** | | |
| | | 1. | आचार्य निर्माण सेवा | 325000 | |
| | | 2. | रालुकादेवी निर्माण सेवा रानीवारी | 259000 | |
| | | 3. | मयलवारी टोल सुधार समाज | 392000 | |
| | | 4. | धोविघाट परिसर ढल उपभोक्ता समिति | 100000 | |
| | | 5. | दहसंस्कार सेवा समिति | 30000 | |
| | | 6. | ललितपुर २,घ वाटो निर्माण तथा फोहोर मैला समिति | 106033.19 | |
| | | 7. | दिगो विकास केन्द्र | 73500 | |
| | | 8. | नघल युवा समूह | 72500 | |
| | | 9. | क्लिन इनर्जीए नेपाल गणेशस्थान, काठमाडौं | 53900 | |
| | | 10. | वातावरणीय सुधार तथा सौन्दर्य नेपाल | 75000 | |
| | | 11. | लिंक नेपाल | 19800 | |
| | | 12. | दिपशिाखा साहित्य परिवार | 10000 | |
| | | 13. | फोहोर मैला व्यवस्थापन समिति | 25000 | |
| | | 14. | नेपाल आदिवासी जनजाती पत्रकार संघ | 27000 | |
| | | 15. | काठमाडौं विशवविद्यालय | 500000 | |
| | | 16. | ललितपुर उप महानगरपालिका-२ | 15000 | |
| | | | जम्माः | 2083733.19 | |
| | | 1. | भद्रपति सरोकार समाज | 99000 | |
| | | 2. | पेटिक्स डिजाइन कन्सल्ट प्रा.लि. | 65500 | |
| | | 3. | नेशनल ट्रेडिङ लिमिटेड | 94.33 | |
| | | | **उपभोक्ता समिति पेश्की** | | |
| | | 1. | चाउथे कोल्पुरखोला भवन निर्माण उपभोक्ता समिति | 264000 | |
| | | 2. | किरेपानीधुलेचौर मोटर बाटे उ.स. | 75000 | |
| | | 3. | पागल पगटार मोटरवाटो | 330000 | |
| | | 4. | कालिपारे मानेखर्कए मोटरवाटो | 165000 | |
| | | 5. | विरुवा न्यौपानेटोल मोटरवाटो | 429000 | |
| | | 6. | सिमचौर ढुंगाना गाउँ मोटरवाटो | 99000 | |
| | | 7. | मगता पा)चपुरी खानेपानी निर्माण | 231 | |
| | | 8. | मजुवा सिंखडा पोखरी सडक निर्माण | 330000 | |
| | | 9. | कोल्पु लौके सालघारी मोटरवाटो | 99000 | |
| | | 10. | असिमुरे कालिका आरुखर्क ग्रामिण सडक | 297000 | |
| | | 11. | लौकै वि.क. ससुनार खानेपानी | 33000 | |
| | | 12. | नाम नखुलेको | 69300 | |
| | **चालु आ.व को** | | | | |
| | | 1. | रामचन्द्र लाखे | 100000 | |
| | | 2. | राजेनद्र कुमार महर्जन | 200000 | |
| | | 3. | ध्रुव प्रसाद सापकोटा | 200000 | |
| | | 4. | राम वहादुर श्रेष्ठ | 20000 | |
| | | 5. | राम वहादुर मकान्ति | 20000 | |
| | | 6. | इन्द्र लाल रेग्मी | 33000 | |
| | | 7. | सत्यराम | 35000 | |
| | | 8. | राजेन्द्र कुमार कार्की | 20000 | |
| | | 9. | राजकुमार वास्कोटा | 120000 | |
| | | 10. | धमेन्द्र साह | 40000 | |
| | | | **संस्थागत पेश्की (चालु)** | | |
| | | 1. | जिल्ला स्वास्थ्य कार्यालय , सिसडोल | 500000 | |
| | | 2. | वडा नं. १छ लाई पेश्की | 900000 | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | चालु वर्षको | | |
| | | 1. | दोभान कटुञ्जे मन्ज्याङ | 330000 | |
| | | 2. | एकले झ्याङ सडक निर्माण | 99000 | |

| | |
|---|---|
| | **हनुमानढोका दरबार संरक्षण कार्यक्रम** |
| | विश्व सम्पदा सूचीमा रहेको हनुमान ढोका दरबारको पुरातात्वीक महत्वको संरक्षण, सम्बर्द्धन तथा प्रबर्द्धन गर्दै प्राचीन स्मारकको संरक्षण गर्ने उद्देश्यले काठमाडौं महानगरपालिका अन्तर्गत हनुमान ढोका दरबार संरक्षण कार्यक्रम सञ्चालन भएको छ । कार्यालयमा स्थायी कर्मचारी १२ जना करारमा २५ जना कर्मचारी कार्यरत रहेको छ । |
| 78. | **अनुमानित आय सम्बन्धमा** - आ.ब.२0७3।७४ मा पर्यटक सेवा शुल्क (हनुमान ढोका दरबार क्षेत्र संरक्षण कार्यक्रम, का.म.न.पा.) जनसहभागीताको अन्य आम्दानी, सुटिङ चार्ज लगायत विभिन्न शीर्षकबाट रु.33,65,८४,0२९।30 आम्दानी प्राप्त गर्ने लक्ष्य रहेकोमा शीर्षकगत यथार्थ आम्दानी खुलेको विवरण पेश नगरेकोले स्रोतगत आम्दानीको अनुमानित यथार्थताबीच तुलना गर्न सकिएन । |
| 79. | **आन्तरिक नियन्त्रण व्यवस्था** - आर्थिक कार्यविधि नियमावली, २06४ को नियम ९5 बमोजिम निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदनलाई विश्वसनीय बनाउन आन्तरिक नियन्त्रण प्रभावकारी बनाइनु पर्दछ । हनुमान ढोका दरबार संरक्षण कार्यक्रम अन्तर्गत हनुमानढोका दरबार परिसरमा विभिन्न 6 वटा यूनिट (पोष्ट) बाट पर्यटक सेवा शुल्क संकलन गर्दै आएको छ । संकलन कार्यको लागि विभिन्न १८ कलेक्टरलाई २05९ सालदेखि करारमा काम लगाई पर्यटक सेवा शुल्क संकलन गरेकोमा एकै कर्मचारीलाई एउटै काममा लामो समयसम्म लगाएको सन्दर्भमा महानगरपालिकाले पुर्नमूल्याङ्कन गरिनु पर्दछ । |
| 80. | **कार्यक्रम तथा संघ संस्थालाई अनुदान सहयोग** - काठमाडौं महानगपालिका अन्तर्गतको हनुमानढोका दरबार संरक्षण कार्यक्रम अन्तर्गत संस्कृति, सम्पदा तथा सोसंग सम्बन्धित संघ, संस्था, क्लवहरुलाई चाड पर्व, विभिन्न जात्रा, गुठी सञ्चालन तथा व्यवस्थापन गर्नको लागि कार्यालयले आर्थिक सहायता, चन्दा तथा मुआव्जा खर्च व्यवस्थापन गर्दै आएको छ । यस्ता कार्यक्रम सञ्चालन गर्नको लागि हनुमानढोका दरबार संरक्षण कार्यक्रम सञ्चालन निर्देशिका, २0७3 तर्जुमा गरेकोमा निर्देशिकाको पूर्णपालना एवं शर्तबमोजिम कार्यक्रम खर्च गरिनु पर्दछ । निम्न कार्यक्रमहरुमा निम्न बमोजिम बजेट तथा खर्च गरेको केही उदाहरण निम्न छन् : |

| क्र.सं. | कार्यक्रम | बजेट | खर्च |
|---|---|---|---|
| 1. | सांस्कृतिक सम्पदा संरक्षण तथा पर्यटन प्रबर्द्धन र क्षमता अभिवृद्धि | 15085000.00 | 7943000.00 |
| 2. | अन्य सांस्कृतिक जात्रा पर्व सञ्चालन | 1300000.00 | 373000.00 |
| 3. | सांस्कृतिक जात्रा पर्व सञ्चालन | 9545000.00 | 6123000.00 |
| | **जम्मा:** | | **14439000.00** |

| | |
|---|---|
| 81. | **मू.अ.कर समायोजन** - मूल्य अभिवृद्धि कर नियमवाली, २053 को नियम १७ बमोजिम प्रापकलाई अनुसूचीमा तोकिएको ढाँचामा रितपूर्वकको मू.अ.कर, बिल वीजक जारी गर्नुपर्ने उल्लेख छ । निम्नानुसार भौ.नं. र मितिबाट वडा नं.२७ को रत्नकेतु महाविहारको जिर्णोद्धार गर्ने कार्यका निर्माण व्यवसायी पचली/समुन्द्री/दुप्चेश्वर जे.भी.लाई भुक्तानी गरेकोमा वीजक नं.प्रिन्टेड नभई हातले लेखेको वीजकको आधारमा मू.अ.कर भुक्तानी गरेकोले रु.6,९२,3२6।७४ मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ । |

| भौ.नं. र मिति | वीजक नं. | विवरण | भुक्तानी रकम | मू.अ.कर रकम |
|---|---|---|---|---|
| 302-073/10/5 | 001-073/10/5 | प्रथम रनिङ बिल | 1783343.13 | 205163.37 |
| 37-074/1/10 | 002-074/1/8 | दोस्रो रनिङ बिल | 1711895.29 | 196943.71 |
| 223-074/3/29 | 003-074/3/25 | तेस्रो रनिङ बिल | 2522678.67 | 290219.67 |

| | | | | |
|---|---|---|---|---|
| | | जम्मा: | | **692326.75** |

81.1. **पेश्की जमानत तथा पेश्की बाँकी** - निर्माण व्यवसायी पचाली/समुन्द्री/दुप्चेश्वर जे.भी.लाई रत्नकेतु मन्दिर जिर्णोद्धार गर्नको लागि २0७3।१२।८ को अग्रिम पेश्की जमानत (Advance Payment Guarantee) को आधारमा रु.१९,२3,000।- मोविलाइजेशन पेश्की दिएको देखिन्छ । तेस्रो रनिङ विलसम्ममा रु.१5,00,000।- पेश्की कट्टा गरेको छ । पेश्की जमानतको म्याद समाप्त भइसकेकोमा रु.४,२3,000।- पेश्की बाँकी नै रहेकोले पेश्की जमानतको म्याद बढाउनु पर्ने वा रनिङ विल प्राप्त गरी पेश्की फछ्र्यौट गरिनु पर्दछ ।

82. **अग्रिम कर** - आयकर ऐन, २05८ को दफा ८८ बमोजिम भत्ता भुक्तानीमा १5 प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने उल्लेख छ । कार्यालयले पर्यटक प्रहरी ७ जनालाई मासिक रु. 5,000।- भत्ता भुक्तानी गरी वार्षिक रु.४,२0,000।- खर्च गरेकोमा १5 प्रतिशतले हुने रु.63,000।- अग्रिम कर कट्टी गर्नुपर्नेमा १ प्रतिशत रु.४,२00।- मात्र कट्टा गरेकोले रु.5८,८00।- असुल गरी दाखिला गर्नुपर्दछ ।

83. **सवारी साधन खरिद** - हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रमको कार्यालय प्रयोजनको लागि छपाई गरेको टिकट, ब्रोसियर ओसारपसार गर्न र कार्यालयको अत्यावश्यकीय कामको लागि ओहोदोहोर गर्न ७ सिटर भ्यान खरिदको लागि रु.१८,6९,000।- को लागत अनुमान गरेकोमा अरुण इन्टरकन्टिनेन्टल ट्रेडर्स काठमाडौंको विल अनुसार रु.१८,6४,000।- खर्च गरेको छ । गाडी खरिदको लागि शुरुमा स्पेशिफिकेशन तयार गर्दा विभिन्न (२४ आइटम) को तयार गरेकोमा गाडी प्राप्ती पश्चात तोकिएबमोजिमको स्पेशिफिकेशन पूरा भए नभएको यकिन गरेको नदेखिएकोले स्पेशिफिकेशन प्रमाणित हुनुपर्ने देखिन्छ ।

84. **जिन्सी व्यवस्थापन खर्च** - कार्यालयका पूराना जिन्सी सामानहरुलाई व्यवस्थि तगर्ने कार्य गरे बापत अन्नपूर्ण जनरल सप्लायर्सलाई रु.१,४९,१60।- भुक्तानी गरेको छ । जिनसी सामानको लिलामी कारबाही गरेको देखिएन । संकलित सामानको कैफियत महलमा काम नलाग्ने उल्लेख गरेकोमा लिलामी कारबाही नगर्नाले उक्त सप्लायर्सलाई गरेको खर्चको औचित्य पुष्टी हुन सकेको छैन ।

85. **हेरीटेज फण्ड** - कार्यालयबाट पेश भएको खर्च लेजर खातामा आ.ब.२0७२।७3 को हेरीटेज फण्ड बापतको रु.७3,6१,6४6।४९ देखाएको छ । सो फण्ड सिर्जना गरेको एवं सो फण्डमा रकम समेत रहेको नदेखिएकोले कहिल, के प्रयोजनको लागि सो फण्ड सिर्जना भएको हो त्यसको अवस्था कार्यालयले खुलासा नगरेकोले सो फण्डको अवस्था सम्बन्धमा स्पष्ट भएन । तसर्थ कार्यालयले सो फण्ड सम्बन्धमा यकिन गरी टुङ्गो लगाउनु पर्दछ ।

86. **नगद मौज्दात** - आर्थिक वर्ष २0७२।७3 को नगद जिम्मेवारी मौज्दात रु.१४,000।- देखाएको छ । नगद मौज्दात कस्को जिम्मा छ, छानबिन गरी दाखिला गर्नुपर्दछ ।

87. **धरौटी : यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन :**

87.1. **धरौटी बढी फिर्ता** - भौ.नं.१ मिति २0७3।४।१ बाट काउलेदेवी निर्माण सेवालाई बढी धरौटी फिर्ता भनी रु.१3,११0।२४ गत विगतदेखि नै लेजरमा देखाउँदै आएकोमा बढी फिर्ता गरेको रकम सम्बन्धितसंग असुल गर्नुपर्दछ ।

87.2. **कर चुक्ता बेगर धरौटी फिर्ता** - सार्वजनिक खरिद नियमावली, २06४ को नियम १२४ बमोजिम धरौटी फिर्ता गर्दा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ताले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश भएपछि मात्र धरौटी फिर्ता गर्नुपर्ने उल्लेख छ । निम्नानुसार धरौटी फिर्ता गरेकोमा कर विवरण पेश गरेको प्रमाण बेगर रु.२,१९,१७5।- धरौटी फिर्ता गरेको छ ।

| भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|
| 4-073/6/19 | सम्पदा मार्ग परिसरमा इन्द्रजात्राको अवसरमा ढुङ्गा मर्मत एवं रंगरोगन कार्य | 109357.00 |
| 7-073/9/15 | ओम बज्रगुरु कन्स्ट्रक्सन धरौटी फिर्ता | 109818.00 |
| | जम्मा: | **219175.00** |

87.3. **कर चुक्ता एवं शून्य कारोबार** - सार्वजनिक खरिद नियमावली, २06४ को नियम १२४ बमोजिम कर विवरण तथा कर चुक्ताको आधारमा धरौटी फिर्ता गर्नुपर्ने व्यवस्था छ । निम्न भौचर नं.तथा मितिबाट रिटेन्सन मनि भुक्तानी गरेकोमा शून्य करोबार देखाएको प्रमाणको आधारमा रु.७,१0,८७3।- धरौटी फिर्ता गरेको छ । यस कार्यालयको कारोबार देखाई कर चुक्ता गरेको प्रमाणको आधारमा फिर्ता नगरेकोले कार्यालयको कारोबार खुलेको प्रमाण पेश हुनुपर्दछ ।

| भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| 11-073/10/25 | इन्द्रजात्राको अवसरमा सम्पदा मार्गमा रंगरोगन, स्वर्णिम निर्माण सेवा | 65848.00 |
| 19-074/1/7 | इन्द्रजात्राको अवसरमा विभिन्न मर्मत कार्य बसन्तपुर निर्माण सेवा | 64905.00 |
| 22-074/3/27 | न्यूरोड गेटदेखि जुद्ध शालिकसम्म र बसन्तपुर परिसरमा सौर्यबत्ती, वेभ्स टपसन जे.भी. | 580120.00 |
| | **जम्माः** | **710873.00** |

87.4. **नगद मौज्दात** - धरौटीको लेजरमा २06७४।१ देखि अल्या गर्दै ल्याएको नगद मौज्दात रु.10,000।- देखाएकोमा के, कसको, के प्रयोजनका लागि नगद मौज्दात रहेको हो उक्त रकम दाखिला गर्नुपर्दछ ।

**आन्तरिक आयतर्फ :**

88. आर्थिक कार्यविधि नियमावली, २06४ को नियम ९5 मा सम्पादन गरिने कामलाई व्यवस्थित गर्न महानगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्नुपर्ने व्यवस्था छ । महानगरले आयको असूली, दाखिला र लेखाङ्कन सम्बन्धमा आन्तरिक नियन्त्रण प्रणाली तथा कार्यविधि तर्जुमा, स्वीकृति एवं कार्यान्वयन गरको देखिएन । आय व्यवस्थापन सम्बन्धमा :-

- लेखामा एकरुपता नभएको, लेखा तथा विवरण अध्यावधिक नगरेको,
- वडा र केन्द्र बिच समन्वय नभएको,
- राजश्व र खर्च तर्फको एकै ठाँउबाट लेखा नराखेको जस्ता समस्या देखिएको छ । त्यस्तै,
- बैंक reconciliation को विवरण मासिक रुपमा तयार नगरेको,
- आ.ले.प. विस्तृत र आय व्यवस्थापनमुखी रर सुझाव तत्काल कार्यान्वयन गर्नुपर्नेमा नगरेको,
- राजश्व रसिद मौज्दात reconciliation नगरेको तथा
- समयमा (सोही दिन) राजश्व दाखिला नगरेको स्थिति समेत देखियो ।
- आम्दानीको लेखा प्रोदभावी आधारमा राखिनुपर्नेमा नगदमा आधारित भएर लेखा राखेकोले राजश्व आम्दानीको शिर्षक तथा केन्द्रका उपशिर्षक नै खुलाई बाँध्ने र तुलना गरी राजश्व बनाउन र व्यवस्थित गर्नु पर्ने देखिन्छ ।

89. **करारीय आम्दानीः-** सम्झौता अनुसार राजस्व आय आर्जन गर्नुपर्दछ । काठामाडौं महानगरपालिकाले सम्झौताअनुसार गोंगबु बसपार्क स्थित ल्होत्से बहुउद्देशीय प्रा. लि.बाट जरिवाना बाहेक २०७३।७४ सम्मको बहाल रु. ४ करोड ४८ लाख २४ हजार, सुन्धारा स्थित साइड वाकर्स ट्रेडर्स प्रा.लि.बाट रु. ३५ लाख ३७ हजार, आकाशेपुल सञ्चालक एक प्रा. लि.बाट २०७३।७४ को रु. २२ लाख ६६ हजार समेत रु. ५ करोड ६ लाख २७ हजार बहाल असुल गरेको देखिएन । आकाशेपुल सञ्चालक एक प्रा.लि.ले २०७१।७२ र २०७२।७३ समेतको रकम दाखिला गरेको छैन । सम्झौता पेश नभएकोले दाखिला गर्नुपर्ने रकम यकिन गर्न सकिएन । उपरोक्तानुसार असुल गर्नुपर्ने भाडा रकममा सम्झौता अनुसार लाग्ने जरिवाना समेत थप गरी असुल गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा सम्झौता अनुसार राजस्व दाखिला नभएको स्थिती यस प्रकार छन् :-

| S. No. | Contract Party | Criteria | Condition |
|---|---|---|---|
| 1. | ल्होत्से बहुउद्देश्यीय प्रा.लि | करार बमोजिम चौमासीक रुपमा आ.व.२०७३/०७४ मा जम्मा वार्षिक रु.९३,११,५१७४५ अग्रीम बाहल असुली गर्नुपर्ने ।<br>जरिवाना : वार्षिक ८% को दरले | लेखापरीक्षकको क्रममा आ.व.को कुनैपनी किस्ता रकम असुल नगरीएको पाइयो । साथै आ.व. २०७२/०७३ सम्म रु.३,५५,१२,२६३।०६ किस्ता रकम र जरिवाना असुल नगरिएको पाइयो । |
| 2. | साइड वाकर्स ट्रेडर्स प्रा.लि. | करार बमोजिम त्रैमासीक रुपमा आ.व.२०७३/०७४ मा जम्मा वार्षिक रु.३६,३०,०००।०० अग्रीम बाहल असुली गर्नुपर्ने । | लेखापरीक्षकको क्रममा २०७३/०७४ को बहाल मिति २०७४/०३/१३ मा रु. १०,००,०००।०० रकम असुल गरीएको पाइयो । साथै आ.व. २०७२/०७३ सम्म रु.९,०७,५००।०० किस्ता रकम असुल नगरिएको पाइयो र जरिवानाको कुनै पनि हिसाब नगरिएको पाइयो । |
| 3. | इनोभेटिभ कन्सेप्ट नेपाल प्रा.लि. | करार बमोजिम चौमासीक रुपमा आ.व.२०७३/०७४ मा जम्मा वार्षिक रु.२२,६६,०००।०० बाहल असुली गर्नुपर्ने ।<br>जरिवाना : प्रथम ३ महिना भित्र बूझाए ५%, सोही आ.व. भित्र बूझाए १५% | लेखापरीक्षकको क्रममा आ.व.को कुनैपनी किस्ता रकम असुल नगरीएको पाइयो । साथै आ.व. २०७१/०७२ देखीको कुनै पनि किस्ता रकम असुल नगरीएको र सो को जरिवानाको हिसाव पनि नगरीएको पाइयो । |
| 4. | BK Traders and Suppliers (Sector A) | करार बमोजिम करार भएको एक वर्ष पछि त्रैमासीक रुपमा वार्षिक अग्रीम बाहल असुली गर्नुपर्ने । | आ.व.२०७३/०७/०३ मा सम्झौता भएकाले सो वर्ष कुनै पनि आम्दानी नभएको । |
| 5. | BK Traders and Suppliers (Sector B) | करार बमोजिम करार भएको एक वर्ष पछि त्रैमासीक रुपमा वार्षिक अग्रीम बाहल असुली गर्नुपर्ने । | आ.व.२०७३/०७/०३ मा समौजाता भएकाले सो वर्ष कुनै पनि आम्दानी नभएको । |

| | | | |
|---|---|---|---|
| 6. | BK Traders and Suppliers (Sector C) | करार बमोजिम करार भएको एक वर्ष पछि त्रैमासीक रुपमा वार्षिक अग्रीम बाहल असुली गर्नुपर्ने । | आ.व.२०७३/०७/०३ मा सम्झौता भएकाले सो वर्ष कुनै पनि आम्दानी नभएको । |

90. **मिशिल शाखा, टेकु :** यस कार्यालयमा मिति २०७३ साल श्रावण १ गतेदेखि २०७४ साल असार मसान्तसम्म नक्सा वापत संकलन भएको निवेदन दस्तुर, प्रतिलिपि दस्तुर र नामसारी दस्तुर वापत कुल आम्दानी रु. १२,१३०,२२१।७० रहेको छ । सो सम्बन्धमा कुनै पनि गोश्वारा भौचर सदर नगरिएको तथा गोश्वारा भौचर महिनाको अन्तिममा मात्र लेखा राखेको पाइयो ।

91. **विविध आय :** महानगरपालिकाको देहाय बमोजिमका विभिन्न आयको असूली, दाखिला र लेखाङ्कनमा देखिएको व्यहोरा देहाय बमोजिम छन् :

91.1. **नक्सा पास :** स्थानिय स्वायत्त शासन ऐन, २०५५ को दफा १६० अनुसार कुनै भवन निर्माण गर्न अनुमति पाएकोमा त्यसरी अनुमति पाएको मितिले दुई वर्षभित्र त्यस्तो भवन निर्माण गर्नु पर्नेमा सो काम हुन नसकेमा म्याद थपको लागि नगरपालिका समक्ष दरखास्त दिनुपर्ने र दरखास्त परेमा प्रमुखले पहिले लागेको दस्तुरको पाँच प्रतिशत थप दस्तुर लिई दुई वर्षको लागि भवन निर्माण गर्ने म्याद थप गरिदिन सक्ने व्यवस्था छ । आ.व. २०६९/७० र २०७०/७१ मा जम्मा ८,४२४ जना निवेदकले निर्माण सम्पन्नको प्रमाणपत्र नलिएकोले राजश्व प्राप्त भएको छैन । यस सम्बन्धि केही नमुनागत विवरण निम्नानुसार छन् :-

| क्र. सं. | फाइल नं. | निवेदकको नाम | वडा नं. | इजाजत मिति | सकिनुपर्ने मिति | वर्ग फिट | दर | राजश्व |
|---|---|---|---|---|---|---|---|---|
| १. | कामनपा. १२०८८१ | कृष्ण शोभा श्रेष्ठ | १४ | २०७०।०५।०३ | २०७२।०५।०२ | १७५९.५० | १५ | २६,३९२.५ |
| २. | कामनपा. १२०८८२ | रज्ज राज तुलाधार | १३ | २०७१।०३।०९ | २०७३।०३।०८ | २२३२ | १० | २२,३२०.०० |
| ३. | कामनपा. १२०८८६ | रमनादेवी बज्राचार्य | १३ | २०७०।०८।१४ | २०७२।०८।१३ | ६९८.१५ | १० | ६९८१.५० |
| ४. | कामनपा. १२०७३१ | मया देवी ढुङगाना | ०७ | २०६९।०२।२९ | २०७१।०२।२८ | ६८९ | १० | ६८९०.०० |
| ५. | कामनपा. १२०७३४ | दिवाकार राज पाण्डे | ०७ | २०६८।०९।१७ | २०७०।०९।१६ | १६४२.६९ | १० | १६,४२६.९० |
| ६. | कामनपा. १२४१०७ | राजु प्रधान ओटु | २४ | २०६९।१२।२५ | २०७१।१२।२४ | १२७९.३७ | १० | १२७९३.७० |
| ७. | कामनपा. १२३६९२ | गायत्री खकुरेल (मैनाली) | ०७ | २०७०।०७।०५ | २०७२।०७।०४ | १५९१.३७ | १० | १५९१३.७० |
| ८. | कामनपा. १२३६९९ | बेष्ट भ्याल्यु फुड बजार प्रा. लि. | ०७ | २०७१।०२।०९ | २०७३।०२।०८ | ६९३७.३४ | २० | १३८७४६८ |
| ९. | कामनपा. १२४०४३ | अकिल महर्जन | १५ | २०७०।०४।२३ | २०७२।०४।२२ | २७९२.७१ | १० | २७९२७.१० |
| १०. | कामनपा. १२३८०२ | नच्छे लाल श्रेष्ठ | १५ | २०६९।०५।२१ | २०७१।०५।२० | १३७७.९२ | १० | १३७७९.२० |
| ११. | कामनपा. १२३८०८ | शुशिला नेपाली | १५ | २०६९।०६।०५ | २०७१।०६।०४ | ८७१.८४ | १० | ८७१८.४० |

91.2. स्थानिय स्वायत्त ऐन, २०५५ को परिच्छेद ९, दफा १५० अनुसार नगरपालिका क्षेत्रमा प्रमुखबाट निर्माण गर्ने अनुमति नलिई कसैले पनि भवन निर्माण गर्नु हुँदैन, भन्ने उल्लेख छ । लेखापरीक्षण कार्यक्रममा निम्न सरकारी भवनहरुको नक्सा पास गरेको देखिएन ।

- नेपाली सेनाको पुस्तकालय लगायत थप नयां निर्माण
- सिंहदरबार भित्रका नयां भवन निर्माणहरु
- त्री चन्द्र आर्मी अस्पताल
- उद्योग विभागको नयां निर्माणधीन भवन

यसरी नक्शा पास नगरिदा ऐन अनुसार भवन निर्माण हुँदा राजश्व तथा जरिवाना संकलनमा कमी भएको देखिन्छ । सरकारी भवनहरु नक्सा पास गरेपछि मात्र निर्माण गर्नुपर्दछ ।

91.3. **मनोरञ्जन कर :-** २५ लिनुपर्ने (अनुसूची १७ अनुसार) मु.अ.कर लागे पछि तिर्दै आएका ३ मुख्य हलहरु (विश्वज्योती, कुमारी र जयनेपाल) ले समेत तिर्न छाडेको देखियो । नेपाली सिनेमा प्रदर्शन गर्ने हलले मनोरञ्जन कर तिर्नुपर्नेमा तिरेको देखिएन । कर असुल गर्नुपर्दछ । स्थानीय स्वायत्त शासन ऐन, नियम १४७, अनुसूची १७ अनुसार भृकुटीमण्पले समेत कर तिर्नुपर्छ ।

92. वातावरण व्यवस्थावन विभागको आम्दानी आ.व. ०७३।०७४ मा विभिन्न शिर्षकबाट रु. १७५,३२,५३२।९४ रहेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन् :-

- नगदी किताब तथा लेजरको प्रत्येक पानाको जोड जम्मा नभएको ।
- बैंकबाट प्रप्त व्याज आम्दानी जनाइएको मा Statement संलग्न नभएको ।
- प्रत्येक महिनाको अन्त्यमा कूल आम्दानीको मासिक विवरण तयार गर्नुपर्नेमा सो नभएको ।
- कम्पोस्ट बिनको सुरुवात र अन्तिम मौज्दात नभएको ।
- डिस्पोजल दस्तुर रु. ९२००।- को बैंक दाखिला भौचर नभएको ।

93. निम्नानुसार उपकरण एवं कर्मचारी व्यवस्थापन हुन नसक्दा आय घट्न गएको छ :

- वातावरण व्यवस्थापन विभागमा २४९ उपकरणहरु भएका ।
- वातावरण व्यवस्थापन विभागमा १,०००–१,३०० कर्मचारी भएका ।

| | |
|---|---|
| | • काठमाडौं उपत्यकाको फोहोर मैला र वातावरण व्यवस्थापन विभागमा भएका उपकरणहरु तथा मानवीय श्रोतहरुलाई मध्यनजरमा राख्दा उक्त विभागको आम्दानी निकै न्युन देखिएको छ ।<br>• आ.व. २०७३/७४ मा फोहर फाले वापत बढी रु.५०००।- सम्म जरिवाना लिने गरेको छ। सो कार्य सबै क्षेत्रमा लागु गरेको पाईएन ।<br>• यस्तो अवस्थामा आवश्यक औजार उपकरण तथा मानवीय श्रोत उपयोग गरि तदारुकताका साथ सक्रीय भई राजश्व बढाउनुपर्ने, काठमाडौं उपत्यकामा फोहोर फाल्न निरुत्साहित गर्नुपर्ने र फोहोर को प्रकार अनुसार जरिवाना उठाउनुपर्ने देखिन्छ । |
| 94. | यस कार्यालयमा मिति ०७३ साल श्रावण १ गतेदेखि २०७४ साल असार मसान्तसम्म कार्यान्वयन शाखा संकलन भएको सडक पेटी अतिक्रमण नियन्त्रण वापत, छाडा पशु लिलाम वापत र फोहोर मैला वापत कुल आम्दानी रु. १,७६४,३००।०० रहेको छ । सो सम्बन्धमा निम्नानुसार देखिएको छ :-<br>• आ.व. २०७३/०७४ मा जरिवानाको दर रेट निर्धारण नगरिएको ।<br>• कुनै पनि गोश्वारा भौचर सदर नगरिएको ।<br>• बैंकमा नगद दाखिला गर्दा गलत लेखा गरिएकोले गोश्वार भौचरमा आम्दानी बढी देखिएको ।<br>• फोहोर फाले वापतको जरिवाना संकलन न्युन रहेको देखिन्छ ।<br>यसलाई सुधार गर्न सकृयता बढाई फोहोर फाल्न कम गराउने र जरिवाना संकलन बढाउने, जरिवानाको दर निर्धारण गरिनुपर्ने,लेखा र आर्थिक कृयाकलाप बुझेका / पढेका कर्मचारी खटाई दिनुपर्ने कर्मचारीलाई लेखा सम्बन्धि तालिम दिनुपर्ने देखिन्छ । |
| 95. | एकान्तकुना का.म.पा.को कागजातहरु कार्यालय सार्ने सिलसिलामा पोका बन्दी भएकोले श्रेस्ता लेखापरीक्षण हुन सकेको छैन । |
| 96. | आ.व २०७३।०७४ सम्म बग्गीखानाको मोटर साईकल, पोष्टर, फोहरको जरिवाना रु. ७५,०००।- असुल भएको छ । सो सम्बन्धमा देखिउका व्यहोरा यस प्रकार छ :-<br>• लेखामा सुरक्षा सम्बन्धी कर्मचारी मात्र खटाईएको पाइयो ।<br>• पार्किङ व्यवस्था, प्रचार प्रसार, जनचेतना आदि कारणले अधिक जरिवाना लागेको छ ।<br>• जरिवाना स्वरुप प्राप्त हुने राजश्व रकमहरु दैनिक रुपमा जनरल भौचर बनाई त्यसमा आम्दानी रसिदहरु संलग्न गराएर मात्र त्यसको कुल राजश्व आम्दानी रकम बैंक दाखिला गर्नुपर्नेमा सो भएको पाइएन ।<br>• दैनिक रुपमा प्राप्त रकमहरुलाई आवर्जे बनाई बैंक नगदी किताव र लेजरमा पोष्टिङ्ग गर्नुपर्नेमा सो भएको पाईएन । उपरोक्त अवस्थामा सुधार गर्नुपर्दछ । |
| 97. | राष्ट्रिय सभागृहको वास्तविक आम्दानी अनुमानित आय रु. ३८४,००,०००।- को तुलनामा रु. ३६,०७,७८३।१८ ज्यादै न्युन रहेको छ ।<br>बुकिङ बिना डिपोजिट गरिने र बिना जरिवाना बुकिङ रद्द गर्न सकिने विधि अपनाएको कारण रहेको छ, अतः बुकिङ लिँदा केही रकम डिपोजिट लिएर हल रिजर्भ गरिनुपर्ने र बुकिङ रद्द गरे वापत जरिवाना लिने व्यवस्था गर्नुपर्ने देखिन्छ । यस सम्बन्धि अन्य व्यहोरा यस प्रकार छन :-<br>• सभागृह संचालन निर्देशिका अनुसार सबै क्षेत्रले हल पाउने देखिन्छ । तर का.म.न.पा. ले सरकारी र कुटनितिक निकायलाई मात्र हल दिने निर्णय गरेको पाइयो ।<br>• हल बुकिङ रजिष्टरमा दिन, रकम र समय सम्बन्धी पूर्ण र प्रष्ट विवरण नभेटिएको ।<br>• मंसिर १० २०७३ देखि हल प्रयोग रजिष्टर अध्यावधिक नगरेको ।<br>• हलको रजिष्टरमा भएको विवरण अनुसारको हल बुकिङ निवेदन नभएको ।<br>• बैंक नगदी किताव पुर्ण रुपमा जोड जम्मा नभएको तथा आम्दानी रसिदको तेश्रो प्रति उपलब्ध नभएको ।<br>• लेखा नराखिएको । |
| 98. | **बालाजु बाईसधारा उद्यान कार्यालयमा** आ.व.०७३।७४ मा रु. ६१,०९,५७२।- राजश्व आम्दानी भएको देखिन्छ । सो सम्बन्धमा निम्नानुसार देखिएको छ :-<br>• भर्पाइ गरेर के-को बाट टिकट ल्याइछ, stock book छैन, काउण्टरको कर्मचारीलाई भर्पाइ गरी दिइन्छ ।<br>• प्रवेश टिकटको reconciliation गरिदैन ।<br>• प्रवेश टिकटको भौतिक परीक्षण गरेको छैन् ।<br>• मोटरसाइकल टिकट रु.२० को २९७०१-२९८०० को एक प्याड टिकट रजिष्टरमा प्रविष्ट नगरी काट्न सुरु गरेको । |

| | |
|---|---|
| | ● संस्थागत भ्रमण गर्दा संस्थाको पत्र ल्याउँदा टिकट नदिई नगदी रसिद काटिने हुँदा उद्यान भित्र प्रवेश गरिरहेका व्यक्ति टिकट लिई घुमे-नघुमको जाँच्न नसकिने अवस्था रहेको ।<br>● उद्यान पछाडि खुल्ला क्षेत्र (काडेँतार/पर्खाल नभएको) ले प्रवेशमा नियन्त्रण हुन नसकि आयमा नोक्सानी भएको ।<br>यस्तो अवस्थामा सुधार गर्नछड्के जाँच गर्नुपर्ने, फेन्सिङ गरिनुपर्ने, नेपाली र विदेशीलाई दर फरक गर्नुपर्ने, समय अनुसार गाडिको संख्या बढेको हुनाले पार्किङको व्यवस्था गरिनुपर्ने, आगन्तुकको संख्या बढाउनको निम्ति Wifi को व्यवस्था गरिनुपर्ने देखिन्छ । |
| 99. | रत्नपार्क तथा रानीपोखरी एकाइ कार्यालयले यो वर्ष प्रवेश एवं छायांङ्कन शुल्क वापत रु. १०९,४८,९९२।८६ आर्जन गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन् :-<br>● आम्दानी रकमहरु प्राप्त भएको दिन र सोको भोलिपल्ट जम्मा नगरी ढीला जम्मा गरिएको,<br>● रत्नपार्क तथा रानीपोखरी एकाइ कार्यालय बाट यस आ.व. मा तिन प्याड नगदी रसीद प्रयोग गरेको देखिन्छ । केन्द्रीय कार्यालय बाट कति प्याड आएको हो त्यसको यकिन विवरण प्राप्त हुन सकेन ।<br>नगदी रसीद दुरुपयोग हुन नदिन नगदी रसीद प्याडको केन्द्रीय कार्यालय बाट आएको, प्रयोग भएको तथा प्रयोग हुन वाकी रहेको रसीद प्याडको यतार्थ विवरण राख्नु पर्ने देखिन्छ ।<br>● रत्नपार्क तथा रानीपोखरी एकाइ कार्यालयको आ.व. २०७३/७४ मा छायांकन शुल्क तथा एसियन टिकट शुल्क ३१३,५००।०० तथा ५२,९५०।०० क्रमशः रहेको छ । सो संकलित आम्दानी अन्य शुल्कको तुलनामा न्युन पाइयो ।<br>● क्यान्टीनको लागी घर भए पनि सन्चालनमा नरहेकोले सन्चालनमा ल्याउनु पर्ने देखिन्छ ।<br>● बाल मनोरन्जनको स्थल नभएकोले यसको सुधार आवश्यक छ ।<br>● क्वालिटीको WIFI सेवा हुन सके थप आकर्षण बढ्ने देखिन्छ ।<br>● दुई वर्ष देखि निर्माण गरि हाल सम्म चमेना गृह भाडामा नलागेकोले भाडामा लगाउनु पर्ने ।<br>● पुराना रुख कांटछांट गर्नुपर्ने ।<br>● नेपाली/सार्क/विदेशीलाई लिने दर पुनरावलोकन गर्नुपर्ने । |
| 100. | हनुमानढोका दरबार संरक्षण कार्यक्रम त्यस कार्यालयमा मिति ०७३ साल श्रावण १ गतेदेखि २०७४ साल असार मसान्तसम्म संकलन भएको सेवा शुल्क मध्ये सार्क राष्ट्रतर्फ पर्यटक सेवा शुल्क रु. २७,९१,२००।०० तथा अन्य राष्ट्रतर्फ पर्यटक सेवा शुल्क रु. १३,९४,७१,०००।०० जम्मा रु. १४,२२,६२,२००।०० पर्यटन सेवा शुल्क आम्दानी भएको देखिन्छ । त्यस्तै अन्य विविध शुल्क वापत रु. १,७०,६००।०० राजश्व उठेको देखिएको छ । यसरी यस आर्थिक बर्षमा ह.द.सं.का. कार्यालयमा जम्मा रु.१४,२४,३२,८००।०० आम्दानी भएको देखिन्छ । सो स्थानमा निरीक्षण गर्दा ६ बजे पछि काउन्टरमा कर्मचारीको उपस्थिति नहुँदा हर बखत आम्दानी संकलन नभएको र करारमा नियुक्त भएको कर्मचारीको Job Rotation नभएकाले कर्मचारी बस्ने र Rotation गर्ने व्यवस्था गर्नु पर्दछ । |
| 101. | **सिटिमार्केट :-** साविक बोलपत्रवालाले नियमित रुपमा भाडा नबुझाई नगरपालिकालाई हानि पुऱ्याए वापत नगरपालिकाले उक्त बोलपत्र रद्ध गरि अरु ठेकेदारलाई बोलपत्रको लागि दरखास्त गर्ने निर्णय गऱ्यो । त्यसो गर्दा साविक बोलपत्रवालाले मुद्धा हालि कार्वही अघि बडिरहेको हुँदा सो समयमा त्यहाँ रहेका पसलवालाहरुले समिति बनाइ सुरुवातकै दर अनुसार पैसा बुझाइरहेको पाइयो । अदालतको फैसला अनुसार ७३ सालमा का.म.न.पा. ले मुद्धा जितेकोले बोलपत्रको लागि निमन्त्रणा गर्दा कुनै पनि बोलपत्र नआएको देखियो । |
| 102. | **नक्सा पास :-** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १४९ मा नगरपालिका क्षेत्रमा नगर प्रमुखबाट भवन निर्माण गर्ने अनुमति नलिई कसैले पनि भवन निमार्ण गर्न नहुने, दफा १५५ मा नगरप्रमुखले मापदण्ड अनुसार भवन निर्माण गर्ने अनुमति दिनुपर्ने, दफा १६० मा भवन निर्माण गर्न अनुमति पाएकोमा त्यसरी अनुमति पाएको मितिले दुई बर्षभित्र भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । |
| 102.1 | काठमाण्डौ नगरपालिककाले निजी तथा सामुदायिक भवन निर्माणको स्वीकृति, नक्सा पास र निर्माण सम्पन्न प्रतिवेदन दिने गरेको भए तापनि हालसम्म महानगरपालिका क्षेत्रमा भएका सरकारी, व्यावसायिक तथा व्यक्तिगत घर निर्माणको अभिलेख व्यवस्थित गरी राखेको देखिएन । ऐनअनुसार घर निर्माणको ईजाजत लिएका संस्था एवं व्यक्तिमध्ये कतिले निर्माण कार्य शुरु गरे, सोको अभिलेख समेत व्यवस्थित गरेको छैन । निर्माण सम्पन्न गरेकामध्ये निर्माण सम्पन्न प्रमाण पत्र लिने र मापदण्ड विपरीत निर्माण गर्नेको अनुगमन गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ । |
| 102.2 | विगत केही बर्षदेखि निजी क्षेत्रले व्यवस्थित बसोबासको लागि संयुक्त आवास तथा अपार्टमेन्टहरुको निर्माण कार्य अगाडि बढाएको देखिन्छ । महानगरभित्र निर्माण भइरहेका यस्ता संरचनाको उचित अनुगमन नहुँदा आवासको लागि दर्ता भएका संरचनालाई व्यापारिक प्रयोजनमा, उपयोग हुने र व्यापारिक भवनहरुको लागि चाहिने आवश्यक पूर्वाधार नहुने अवस्था रहन्छ । निर्माण आचार संहिता कार्यान्वयन नभएको कारण ठूला भवन निर्माणको क्षेत्रमा समस्या देखिएका छन् । |

102.3 महानगरपालिकाले २०५६ पछि तथ्याङ्क कम्प्युटर इण्ट्री गर्ने गरेको, बार्षिक २ हजारदेखि ४ हजार ८०० सम्म नक्सा पास हुने गरेको, मिसिललाई वैज्ञानिक हिसाबले व्यवस्थित गर्न डिजिटाइज गरी राख्न लागिएको हालसम्म ९० हजार डिजिटाइज गरिएको र १२ हजार ५१७ भवन निर्माण सम्पन्न भइसकेको जनाएको छ । आर्थिक बर्ष २०५६ देखि हालसम्म घर नक्सा पास भएको विवरण यस प्रकार छ :




102.4 १८ बर्षको अवधिमा सबैभन्दा वढी नक्सा पास २०५८।५९ मा ४ हजार ८७७ र सबैभन्दा कम २०७१।७२ मा १ हजार ६१७ र २०७३।७४ मा २ हजा ३३७ नक्सा पास भएको देखिन्छ ।

102.5 विगत १८ बर्षमा ५८ हजार ६१४ नक्सा पास भएकोमा १२ हजार ५१७ भवन (२१.३५ प्रतिशत) निर्माण सम्पन्न भएको र बाँकीको अवस्था महानगरपालिकाले यकिन गरी राखेको देखिएन । महानगरपालिकाको तीन बर्षको भवन निर्माण सम्पन्न प्रतिवेदन परीक्षण गर्दा २०७१।७२ मा ४०३, २०७२।७३ मा ३ हजार २२७ र २०७३।७४ मा ३ हजार ३२९ ले मात्र निर्माण सम्पन्न प्रतिवेदन लिएको देखिन्छ ।

102.6 स्थानीय स्वायत्त शासन ऐन, अनुसार सबै सरकारी कार्यालयहरुले समेत नक्सा पास गराएर मात्र भवन निर्माण गर्नुपर्ने प्रावधान भएकोमा स्थलगत निरीक्षणको क्रममा महानगरपालिकाभन्दा ५०० मिटरको दूरीमा रहेका नेपाली सेनाको पुस्तकालय लगायत अन्य थप नयाँ निर्माण, सिंहदरबारभित्रका नयाँ भवन निर्माण, त्री-चन्द्र मिलिटरी अस्पताल, उद्योग विभागको नयाँ निर्माणाधीन भवनहरुको नक्सा पास गरेको देखिएन । महानगरपालिकाले नक्सा पास नगरी भवन निर्माण गर्ने संस्थालाई कानून बमोजिम कारबाही गर्नुपर्दछ ।

102.7 महानगरपालिकामा रहेका घर धनीहरुले नक्सा पास गरे तापनि निर्माण सम्पन्न लिनुपर्ने प्रावधान पूर्णरुपमा कार्यान्वयन नहुँदा मापदण्डअनुसार घर निर्माण भई प्राप्त हुनुपर्ने राजस्व प्राप्त भएको छ भनी यकिन गर्ने आधार भएन ।

103. **आन्तरीक लेखापरीक्षण प्रतिबेदनको कार्यावन्यन** : आर्थिक कार्यविधि नियमावली, २06४ को नियम ९6 (3)मा आन्तरीक लेखापरीक्षणबाट निस्केको बेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अघि असुल फछ्यौंट गर्नुपर्ने ब्यवस्था रहेको छ । महानगर अन्तर्गतका अधिकांश वडा कार्यालयहरुले आन्तरीक लेखापरीक्षणबाट निस्केको बेरुजु असुल फछ्यौंट गरेको छैन । आन्तरीक लेखापरीक्षण प्रतिबेदनको कार्यान्वयन गर्नुपर्दछ ।

104. **धरौटी खाता** : आर्थिक कार्यविधि नियमावली, २06४ को नियम 6८(१) मा प्रतयेक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी खाता रकमको कारोबारको लेखा अनुसूची-१0 बमोजिमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसूची-११ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । महानगर अन्तर्गतका वडा कार्यालयहरुले धरौटी खाता तथा व्यक्तिगत खाता समेत नराखेकोले नियमको परिपालनामा ध्यान दिनुपर्दछ ।

105. **गतविगतको पेश्की** : आर्थिक कार्यविधि ऐन २055 को दफा १८ मा कार्यालयले बेरुजु फर्छ्यौट गरी सोहि ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षक को कार्यालय समक्ष पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा कार्यालयले गतविगत देखि फर्छ्यौट गर्न बांकी पेश्की रु. 668,09,185.63 बांकी देखिएकोमा फर्छ्यौट गराएको छैन । पेश्की फर्छ्यौट गराउनु पर्दछ ।

| सि.नं. | वडा कार्यालयको नाम | रकम रु. |
|---|---|---|
| 1. | का.म.पा. वडा नं. १ को कार्यालय, नक्शाल | 572068.34 |
| 2. | का.म.पा. वडा नं. २ को कार्यालय, लाजिम्पाट | 775091.29 |
| 3. | का.म.पा. वडा नं. 3 को कार्यालय, महाराजगंज | 2943939.96 |
| 4. | का.म.पा. वडा नं. ४ को कार्यालय, बालुवाटार | 6347850.00 |
| 5. | का.म.पा. वडा नं. 5 को कार्यालय, हाँडीगााउ | 1287327.23 |
| 6. | का.म.पा. वडा नं. 6 को कार्यालय, बौद्ध | 5264784.44 |
| 7. | का.म.पा. वडा नं. ७ को कार्यालय, मित्रपार्क | 477972.54 |
| 8. | का.म.पा. वडा नं. ८ को कार्यालय, जयबागेश्वरी | 1572000.00 |
| 9. | का.म.पा. वडा नं. ९ को कार्यालय, गौशाला | 2050309.31 |
| 10. | का.म.पा. वडा नं. १0 को कार्यालय, नयाँबानेश्वर | 2787976.86 |
| 11. | का.म.पा. वडा नं. ११ को कार्यालय, थापाथली | 370458.50 |
| 12. | का.म.पा. वडा नं. १२ को कार्यालय, टेकु | 391930.83 |
| 13. | का.म.पा. वडा नं. १3 को कार्यालय, कालीमाटी | 2198154.92 |
| 14. | का.म.पा. वडा नं. १४ को कार्यालय, कलंकी | 2227581.27 |
| 15. | का.म.पा. वडा नं. १5 को कार्यालय, स्वयम्भु | 7774546.00 |
| 16. | का.म.पा. वडा नं. १6 को कार्यालय, सोह्रखुट्टे | 1435130.00 |
| 17. | का.म.पा. वडा नं. १७ को कार्यालय, धोबीचौर | 3291734.17 |
| 18. | का.म.पा. वडा नं. १८ को कार्यालय, नरदेवी | 168000.00 |
| 19. | का.म.पा. वडा नं. १९ को कार्यालय, दमईटोल | 1429219.88 |
| 20. | का.म.पा. वडा नं. २0 को कार्यालय, भिमसेनस्थान (विवरण उपलब्ध नगराएको) | 0.00 |
| 21. | का.म.पा. वडा नं. २१ को कार्यालय, जयबहाल | 1607600.00 |
| 22. | का.म.पा. वडा नं. २२ को कार्यालय, टेबहाल | 424274.00 |
| 23. | का.म.पा. वडा नं. २3 को कार्यालय, ओमबहाल | 1122628.36 |
| 24. | का.म.पा. वडा नं. २४ को कार्यालय, मखन | 255000.00 |
| 25. | का.म.पा. वडा नं. २5 को कार्यालय, मासगल्ली | 7774546.00 |
| 26. | का.म.पा. वडा नं. २6 को कार्यालय, ठमेल | 1816000.00 |
| 27. | का.म.पा. वडा नं. २७ को कार्यालय, महाबौद्ध | 427560.55 |
| 28. | का.म.पा. वडा नं. २८ को कार्यालय, पुरानो बसपार्क | 1066230.00 |
| 29. | का.म.पा. वडा नं. २९ को कार्यालय, डिल्लबजार | 1122628.39 |
| 30. | का.म.पा. वडा नं. 30 को कार्यालय, ज्ञानेश्वर | 2260300.00 |
| 31. | का.म.पा. वडा नं. 3१ को कार्यालय, भिमसेनगोला | 3477728.79 |
| 32. | का.म.पा. वडा नं. 3२ को कार्यालय, सिनामंगल | 2088614.00 |
| | **जम्मा** | **66809185.63** |

106. **चालु पेश्की :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २06४ को नियम १८२(3) मा पेश्की लिएको रकम फांटबारी सहित तोकिएको समयमै विल भरपाई सहित पेश्की फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । महानगरपालिका अन्तर्गतका विभिनन वडा कार्यालयहरुले निम्नानुसार विभिन्न व्यक्ति तथा संस्थाहरुलाई दिएको पेस्की रु. 77,15,909.76 हाल सम्म फछ्र्यौट नगराएकोले नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

| सि.नं. | वडा कार्यालयको नाम | पेस्की लिनको नाम | रकम रु. |
|---|---|---|---|
| 1. | का.म.पा. वडा नं. १ को कार्यालय, नक्शाल | श्री अशोक कुमार श्रेष्ठ | 100000.00 |
| 2. | का.म.पा. वडा नं. २ को कार्यालय, लाजिम्पाट | श्री नागरिक सचेतना केन्द्र | 20000.00 |
| 3. | का.म.पा. वडा नं. 5 को कार्यालय, हाँडीगााउ | श्री श्रुती गुरागाँई | 40500.00 |
| 4. | का.म.पा. वडा नं. 6 को कार्यालय, बौद्ध | श्री ईन्द्र प्रसाद खनाल | 20000.00 |
| 5. | का.म.पा. वडा नं. ११ को कार्यालय, थापाथली | श्री नागरिक सचेतना केन्द | 30000.00 |
| 6. | का.म.पा. वडा नं. १४ को कार्यालय, कलंकी | ना.सु. पदम थापा | 429000.00 |
| | | वडा सदस्य विनोद थापा | 50000.00 |
| | | वडा सदस्य हसना महर्जन | 30000.00 |
| | | वडा सदस्य उर्मीला सेञ्चुरी | 50000.00 |
| | | उपभोक्ता समिति | 197809.76 |

| | | | |
|---|---|---|---|
| | | टेलिफोन महसुल | 12000.00 |
| 7. | का.म.पा. वडा नं. १5 को कार्यालय, स्वयम्भु | डल्लु आवास स्थानीय समिति | 10000.00 |
| | | निर्माण उपभोक्ता समिति, चागल | 10000.00 |
| 8. | का.म.पा. वडा नं. १6 को कार्यालय, धोवीचौर | वडा सदस्य श्री पुष्प महर्जन | 325000.00 |
| 9. | का.म.पा. वडा नं. १९ को कार्यालय, दमईटोल | जनप्रतिनिधि चन्द्रमान डंगोल | 200000.00 |
| | | जनप्रतिनिधि मधुसुदन प्रधान | 100000.00 |
| | | कर्मचारी श्यमकृष्ण मर्हजन | 100000.00 |
| | | सिद्धार्थ बैक लिमिटेड | 4441600.00 |
| 10. | का.म.पा. वडा नं. २२ को कार्यालय, टेबहाल | वडा सदस्य श्री अनिल हाडा | 50000.00 |
| | | वडा सदस्य श्री रस्मिला मल्ल | 50000.00 |
| | | वडा सदस्य श्री गिता परियार | 50000.00 |
| | | वडा सदस्य श्री चन्द्रमान तुलाधर | 50000.00 |
| 11. | का.म.पा. वडा नं. २3 को कार्यालय, ठमेल | | 100000.00 |
| 12. | का.म.पा. वडा नं. २6 को कार्यालय, महाबौद्ध | मित्रनगर ढल निर्माण उ.स. | 750000.00 |
| 13. | का.म.पा. वडा नं. २७ को कार्यालय, महाबौद्ध | वडा सदस्य श्री उर्मिला महर्जन | 200000.00 |
| 14. | का.म.पा. वडा नं. २९ को कार्यालय, डिल्लबजार | जनप्रतिनिधि श्री अर्जुन बहादुर श्रेष्ठ | 100000.00 |
| 15. | का.म.पा. वडा नं. 3२ को कार्यालय, सिनामंगल | वडा सदस्य श्री राजेन्द्र न्यौपाने | 200000.00 |
| | **जम्मा:** | | **7715909.76** |

107. **धरौटी** : स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २06४ को नियम १७९ धरौटीको कारोबारको लेखा अध्यबधिक राख्नु पर्ने ब्यबस्था रहेको छ । महानगर अन्तर्गतका वडा कार्यालयहरुले गत विगतको धरौटी रु. 45,55,668.97 देखाएकोमा नाम नामेसीको विबरण खुलाएको छैन । नाम नामेशीको विबरण खुलाई अध्यबधिक गराउनु पर्दछ ।

| **सि.नं.** | **वडा कार्यालयको नाम** | **रकम रु.** |
|---|---|---|
| 1. | का.म.पा. वडा नं. २ को कार्यालय, लाजिम्पाट | 2086952.47 |
| 2. | का.म.पा. वडा नं. 3 को कार्यालय, महाराजगंज | 306287.19 |
| 3. | का.म.पा. वडा नं. १0 को कार्यालय, नयाँबानेश्वर | 407904.62 |
| 4. | का.म.पा. वडा नं. 5 को कार्यालय, हाँडीगााउ | 56877.27 |
| 5. | का.म.पा. वडा नं. ११ को कार्यालय, थापाथली | 160349.13 |
| 6. | का.म.पा. वडा नं. १6 को कार्यालय, सोह्रखुट्टे | 773818.31 |
| 7. | का.म.पा. वडा नं. १७ को कार्यालय, धोवीचौर | 763479.98 |
| | **जम्मा** | **4555668.97** |

108. **सदरस्याहा :** आर्थिक कार्यविधि नियमावली, २06४ को नियम 66(3) बमोजिम प्रयोजन पुरा भई सकेको धरौटी रकम प्रमाणसाथ दाबी गर्न आएमा फिर्ता दिने गरी राजस्वमा आम्दानी गर्नुपर्ने व्यवस्था छ । महानगर अन्तर्गतका निम्न वडा कार्यालयबाट प्राप्त धरौटीको विवरण अनुसार विगत वर्षदेखि नै प्रयोजन बेगरको रु. 32,79,665.84 धरौटी देखिएकोले उक्त धरौटीका रकम प्रमाणसाथ फिर्ता लिन आएमा फिर्ता दिने गरी राजस्व खातामा दाखिला गरि सदरस्याहा गर्नुपर्ने देखियो ।

| **सि.नं.** | **वडा कार्यालयको नाम** | **रकम रु.** |
|---|---|---|
| 1. | का.म.पा. वडा नं. १ को कार्यालय, नक्शाल | 167499.86 |
| 2. | का.म.पा. वडा नं. 3 को कार्यालय, महाराजगंज | 306287.19 |
| 3. | का.म.पा. वडा नं. 5 को कार्यालय, हाँडीगााउ | 56877.27 |
| 4. | का.म.पा. वडा नं. 7 को कार्यालय, मित्रपार्क | 350903.00 |
| 5. | का.म.पा. वडा नं. ८ को कार्यालय, जयबागेश्वरी | 103723.60 |
| 6. | का.म.पा. वडा नं. ११ को कार्यालय, थापाथली | 160349.13 |
| 7. | का.म.पा. वडा नं. १८ को कार्यालय, नरदेवी | 305402.26 |
| 8. | का.म.पा. वडा नं. २3 को कार्यालय, ओमबहाल | 237194.37 |
| 9. | का.म.पा. वडा नं. २७ को कार्यालय, महाबौद्ध | 72239.66 |
| 10. | का.म.पा. वडा नं. 30 को कार्यालय, ज्ञानेश्वर | 302533.33 |
| 11. | का.म.पा. वडा नं. 3२ को कार्यालय, सिनामंगल | 1216656.17 |
| | **जम्मा** | **3279665.84** |

| | |
|---|---|
| | **का.म.न.पा. वार्ड नं. १-** नक्शाल, कार्यालय प्रमुख : श्री चन्द्रगोपाल प्रधान तथा लेखा प्रमुख : श्री कनिता बस्नेत |
| 109. | **पेश्की :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२(३) मा पेश्की लिएको रकम फांटबारी सहित तोकिएको समयमै विल भरपाई सहित पेश्की फछर्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले यो बर्ष जन प्रतिनिधि श्री अशोक कुमार श्रेष्ठ लाई सफा शहर पेश्की रु १००,०००। उपलब्ध गराएकोमा हाल सम्म पेश्की फछर्यौट गराएको देखिएन । पेश्की फछर्यौट गर्नुपर्दछ । |
| 110. | **आन्तरीक लेखापरीक्षण प्रतिबेदनको कार्यावन्यन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ (३)मा आन्तरीक लेखापरीक्षणबाट निस्केको बेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अघि असुल फछर्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले आन्तरीक लेखापरीक्षणबाट निस्केको बेरुजु असुल फछर्यौट गरेको छैन । आन्तरीक लेखापरीक्षण प्रतिबेदनको कार्यान्वयन गर्नुपर्दछ । |
| 111. | **धरौटी आम्दानी** : कार्यालयले यो बर्ष धरौटी बापत दिदी बहिनी निमार्ण सेवाबाट रु ६२७२।- सर्वशक्ति निमार्ण सेवा बाट रु ३०३३३६।- गरी रु ३६६०८।- कट्टा गरी राखेकोमा धरौटी खातामा आम्दानी देखाएको छैन । धरौटी आम्दानी देखाउनु पदर्छ । |
| 112. | **धरौटीको हिसाब मिलान :** कार्यालयले स्रेस्ता र बैक हिसाव मिलान गरेको हुनु पर्दछ । धरौटीको स्रेस्ता अनुसारको यो बर्ष सम्मको आम्दानी रु २०४,१०७८६ रहेकोमा बैक मौज्दात रु ४,४८,८२८।७६ देखिएकोले बैंकमा बढी देखिएको रु. २,४४,७२०।९० को सम्बन्धमा हिसाब विबरण तयार गरी मिलान गरेको छैन । हिसाव मिलान गर्नुपर्दछ । |
| 113. | **ब्याज आम्दानी** : धरौटी खातामा रहेको रकमको ब्याज ०७४ आषाढ महिनामा रु २९१६।९२ रहेकोमा सो लाई आम्दानी तर्फ आयमा देखाउनु पर्नेमा धरौटी खातामा नै रहेकोले आय तर्फ लगि आम्दानी देखाउनु पर्दछ । |
| | **का.म.न.पा. वार्ड नं. २-** लाजिम्पाट, कार्यालय प्रमुख : श्री प्रकाश खड्का तथा लेखा प्रमुख : श्री निर्मला ढकाल |
| 114. | **बैङ्क समायोजनः** आर्थिक कार्यविधि नियमावली, २06४ को नियम ९२ मा प्रत्येक कार्यालयले आर्थिक कारोबारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले २0७४ मसान्तमा स्रेस्ता र बैंक फरक देखिएकोमा बैंक समायोजन हिसाब (म.ले.प.फा.नं.15) तयार गरेको छैन ।<br><br>वडा कार्यालयले पेश गरेको २०७३ श्रावण महिनाको बैङ्क स्टेटमेन्ट अनुसार रू.३,८८,६६०।०४ बैङ्क मौज्दात देखन्छ।जसमध्ये रू.३,३६,३४४।६८ चेक साट्न बाँकी रहेको देखयो भने बाँकी रू.५२,३१५।३६ स्रेस्तामा भन्दा बैङ्कमा बढी मौज्दात देखएको छ।बैङ्क बढी देखएको रू.५२,३१५।३६ के कति कारण बैङ्क बढी देखएको हो बैङ्क हिसाब समायोजन तयार गरेको देखएन।बैङ्क हिसाब समायोजन तयार गरी रकम यकन गर्नु पर्दछ। |
| 115. | धरौटीः स्थनीय निकाय आथक प्रशासन नियमावली, २०६४ को नियम १७३ अनुसार प्रत्येक स्थानीय निकायले सम्बन्धित बैङ्कमा खाता खोली धरौटी जम्मा गर्नु पर्ने तथा नियम १७६ मा कार्य पूरा नगरेको कारणले प्रचलत कानुनवमोजिम वा करारको सर्तनामामावमोजिम जफत गर्नु पर्ने भएमा अधकार प्राप्त अधकारीले निर्णय गरी त्यस्तो धरौटी वा जमानतको रकम जफत गर्नुपर्ने उल्लेख छ।<br><br>वडा कार्यालयले उपलब्ध गराएको ववरण अनुसार गत आ.व.मा म्याद नाघेका रिटेन्सन मनि र अन्य धरौटी वापतको रकम रू.२०,८६,९५२।४७ वगत वर्षहरूदेख जिम्मेवारी सार्दै ल्याएको तर म्याद नाघेका दरौटी हालसम्म पनि सदरस्याहा नगरेको देखयो।कार्यालयको ववरण अनुसार यस वर्ष प्राप्त रिटेन्सन मनि र अन्य धरौटी वापतको रू.२,५१,७०१।२७ समेत कुल रू.२३,३८,२८३।८८ मध्ये रू.१,५०,८३८।८१ धरौटी फर्ता भई रू.२१,९२,९४५।०५ धरौटी बाँकी रहेकोमा म्याद नाघेको धरौटी यकन गरी सदरस्याहा गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ। |
| | **का.म.न.पा. वार्ड नं. 3-** महाराजगंज, कार्यालय प्रमुख : श्री गोविन्द आचार्य तथा लेखा प्रमुख : श्री ईश्वर शर्मा पौडेल |
| 116. | **निमार्ण ब्यबसायि कोष :** कार्यालयले र्निमाण ब्यबसायी कोष कट्टि गरी राखेको रकम ब्यबसायीकोषले नबुझ्केको भनि देखाएको रकम रु २१४२।33 महानगर आम्दानी देखाई हिसाब मिलान गर्नुपर्दछ । |
| 117. | **मर्मत सम्भार कोष :** कार्यालयले विकास निमार्ण कार्यको भुक्तानी गर्दा ममर्त सम्भार कोष कट्टी गरी राखेको रकम वडा कार्यालयको खातामा मौज्दात रहेको छ । उक्त रकमलाई मर्मत सम्भार कोष खडा गरी राख्ने र सम्झौता अनुसार मर्मत सम्भार रकम भुक्तानी गर्दा उक्त कोषबाट भुक्तानी गर्नुपर्दछ । कार्यालयमा यो बर्ष मर्मत सम्भार कोषमा रु १3९36। देखाएकोमा मर्मत सम्भार कोष दाखिला गर्नुपर्दछ । |
| | **का.म.न.पा. वार्ड नं. ४-**, कार्यालय प्रमुख : श्री पदमकेसर अधिकारी, गोविन्द आचार्य तथा लेखा प्रमुख : श्री सुनिला लामिछाने |

| | |
|---|---|
| 118. | **निमार्ण ब्यबसायि कोष :** कार्यालयले निंमाण ब्यबसायी कोष कट्टिट गरी राखेको रकम ब्यबसायीकोषले नबुझेको भनि देखाएको रकम रु 3९९८।९२ महानगर आम्दानी देखाई हिसाब मिलान गर्नुपर्दछ । |
| 119. | **lan e/kfO :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २06४ को नियम २5(3) मा खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले देहायका कारोबारहरुमा आ.ब. 0७3 ।0७४ को खर्च गर्दा आ.ब. 0७४।७5 को बिल राखी खर्च गरेको देखिएकोले पछिल्लो बर्षको रु 1877613.0 खर्चलाई नियमित मान्न सकिएन । |

| भौ नं र मिति | बिबरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| 56.074.3.25 | पुर्वाधार निमार्ण खर्च | गौरी गणेश निमार्ण सेवा | 293770.0 |
| 57.074.3.25 | पुर्वाधार निमार्ण खर्च | बिजय कन्स्ट्रक्सन डाउन पोखरी काभ्रे | 33655.00 |
| 58.74.3.30 | पुर्वाधार निमार्ण खर्च | ग्लोबल इन्जिनियरीड. बौद | 384551.0 |
| 59.074.3.25 | पुर्वाधार निमार्ण खर्च | पि.यम शान्ती निमार्ण सेवा | 249048.0 |
| 60.074.3.30 | पुर्वाधार निमार्ण खर्च | इन्द्रदेबी कन्स्ट्रक्सन काठमाण्डौ | 418076.0 |
| 61.074.3.26 | पुर्वाधार निमार्ण खर्च | प्रस्तुति निमार्ण सेवा काठमाण्डौ | 498513.0 |
| | | जम्मा | 1877613.0 |

का.म.न.पा. वार्ड नं. 5- **हाँडीगाँउ, कार्यालय प्रमुख : श्री ओम प्रकाश पौडेल तथा लेखा प्रमुख : श्री दीपकान्त मैनाली**

| | |
|---|---|
| 120. | **आन्तरीक लेखापरीक्षण :** आर्थिक कार्यविधि नियमावली २06४ को नियम ९6 मा खर्च गरेको रकमको आन्तरीक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको लागि विल भरपाई सहित दुरुसत राख्नु पर्ने ब्यबस्था रहेकोमा कार्यालयले खर्चको आन्तरीक लेखापरीक्षण गराएको छैन । नियमावलीको पालना गरी आन्तरीक लेखापरीक्षण गराउनु पर्दछ । |
| 121. | **आयकर :** आयकर ऐन, २05८को दफा ८८ र ८९ अनुसार अग्रिम कर कट्टा गरी भुक्तानी गर्नु पर्ने ब्यबस्था रहेको छ । कार्यालयले अग्रिम कर कट्टा गरी रु 335८९।16 राखेकोमा राजस्व दाखिला गरेको नदेखिएकोले असुल गरी .राजस्व दाखिला गर्नुपर्दछ |

**का.म.न.पा. वार्ड नं. 6-** बौद्ध, कार्यालय प्रमुख : श्री रामप्रसाद पौडेल र श्री पद्मकेशर अधिकारी तथा लेखा प्रमुख : श्री नरबहादुर साउद

| | |
|---|---|
| 122. | **धरौटी फिर्ता** - अर्थ मन्त्रालय, राजश्व महाशाखाको च.नं. 36९ मिति २06९।06।1७ को परिपत्रमा अन्तिम भुक्तानी वा कुनै धरौटी फिर्ता गर्नुपूर्व भुक्तानी लिएको रकम र मुल्य अभिवृद्धि कर सम्बन्धित ठेकेदार वा आपुर्तिकर्ताले कर विवरणमा समावेश गरे नगरेको तथा निजको नाममा अन्य कुनै कर बक्यौता भए नभएको सम्बन्धमा त्यस्ता करदाता दर्ता रहेको आन्तरिक राजश्व कार्यालयबाट यकिन गरि मात्र भुक्तानी गर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित प्रावधान विपरीत कर समायोजन पत्र वेगर रु.७50७6।७७ धरौटी फिर्ता गरेकोले नियमित नभएको देखियो । |

| सि.नं. | फर्म/कम्पनी | फिर्ता रकम |
|---|---|---|
| 1. | जे.वि. निर्माण सेवा | 6545.19 |
| 2. | उत्साह निर्माण सेवा | 6516.00 |
| 3. | निपेश निर्माण सेवा | 6511.95 |
| 4. | ईन्द्रदेवी कन्स्ट्रक्सन | 6584.58 |
| 5. | श्रेस्ठ क्वालिटि निर्माण सेवा | 6475.00 |
| 6. | वंगलामूखी निर्माण सेवा | 11272.47 |
| 7. | खाडादेवी निर्माण सेवा | 5855.00 |
| 8. | न्यू कमलामाई निर्माण सेवा | 5539.58 |
| 9. | जे.वि. निर्माण सेवा | 6613.00 |
| 10. | जलसुरी देवी निर्माण सेवा | 6613.00 |
| 11. | अन्नपूर्ण महालक्ष्मी निर्माण सेवा | 6551.00 |

| | जम्माः | 75076.77 |
|---|---|---|

123. **पेस्की फछ्र्यौट :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २06४ को नियम १८२(घ) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । वडा कार्यालयले ईन्द्र प्रसाद खनाललाई कार्यक्रमको लागि रु.२0000।- पेस्की दिएकोमा लेखापरीक्षण अवधिसम्म समेत फछ्र्यौट नगरेकोले उक्त पेस्की रकम नियमानुसार फर्छ्यौट गर्नुपर्दछ ।

का.म.न.पा. वार्ड नं. ७- मित्रपार्क, कार्यालय प्रमुख : श्री कुमारी राई तथा लेखा प्रमुख : श्री रोहिणी देवी उप्रेती

124. अर्थ मन्त्रालय, राजश्व महाशाखाको च.नं. 36९ मिति २06९।06।१७ को परिपत्रमा अन्तिम भुक्तानी वा कुनै धरौटी फिर्ता गर्नुपूर्व भुक्तानी लिएको रकम र मुल्य अभिवृद्धि कर सम्बन्धित ठेकेदार वा आपुर्तिकर्ताले कर विवरणमा समावेश गरे नगरेको तथा निजको नाममा अन्य कुनै कर बक्यौता भए नभएको सम्बन्धमा त्यस्ता करदाता दर्ता रहेको आन्तरिक राजश्व कार्यालयबाट यकिन गरि मात्र भुक्तानी गर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित प्रावधान विपरीत कर समायोजन पत्र वेगर रु. 5२,४१७९5 फिर्ता गरेकोले नियमित नभएको देखियो ।

| सि.नं. | फर्म/कम्पनी | फिर्ता रकम |
|---|---|---|
| 1. | लक्ष्मी निर्माण सेवा | 6443.29 |
| 2. | माउण्टेन टु तराई कन्स्ट्रक्सन | 6608.48 |
| 3. | ड्रीम वर्ल्ड कन्स्ट्रक्सन | 6566.49 |
| 4. | खाडादेवी हाउजिङ्ग विर्ल्डस | 6596.64 |
| 5. | ओम शिवशक्ति निर्माण सेवा | 6474.46 |
| 6. | न्यू कमला माई निर्माण सेवा | 6592.07 |
| 7. | त्रिसुली हाईड्रो कन्स्ट्रक्सन | 6562.06 |
| 8. | बंगलामूखी निर्माण सेवा | 6574.46 |
| | **जम्मा** | **52417.95** |

का.म.न.पा. वार्ड नं. ८- जयबागेश्वरी, कार्यालय प्रमुख : श्री सत्यदेव पण्डित तथा लेखा प्रमुख : श्री रघुनाथ लाछिमस्यु

125. **बिल वेगर खर्च :** आर्थिक कार्यविधि नियमावली, २06४ को नियम 36(3) मा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले जलपान खर्च वापत रु. 5९४5।- को बिल भरपाई पेश गरी रु. ७065।- खर्च लेखेकोले बिल भरपाई वेगरको खर्च रु. ११२0।- असुल गर्नुपर्ने देखियो ।

का.म.न.पा. वार्ड नं. ९- गौशाला, कार्यालय प्रमुख : श्री विमला कोईराला, अम्बिका खड्का तथा लेखा प्रमुख : श्री रोहिणी देवी उप्रेती

126. **अग्रिम आय कर :** आयकर ऐन, २05८ को दफा ८८ सेवाप्रदायक बासिन्दा व्यक्ति/निकायलाई भुक्तानी गर्दा पन्ध्र प्रतिशतका दरले कर कट्टा गरि भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले प्रोत्साहन भत्ता रु.१८,56८।- भूक्तानी गर्दा १5 प्रतिशतले हुने रु.२,७८5।- अग्रिम आयकर कट्टा नगरी भुक्तानी गरेकोले उक्त रकम असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

127. **37-2074/03/23 बील वेगरको खर्च :** आर्थिक कार्यविधि नियमावली, २06४ को नियम 36(3) मा बील भरपाई सहि लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले नागरिक सचेतना केन्द्रलाई विल वेगर रु. २0000।- भूक्तानी दिएको देखिएकोले खर्चको फाँटवारी पेश हुनुपर्दछ ।

128. **धरौटीतर्फ** - धरौटी कारोबारको रेकर्ड अद्यावधिक गरी धरौटी खाता खडा गरी नराखेकोले धरौटीको स्रेस्ता पेश हुन नआएको कारण जनाई धरौटीको लेखापरीक्षण हुन नसकेको भनी आ.ले.प.प्रतिवेदनमा औंल्याइएकोमा अन्तिम लेखापरीक्षणको लागि समेत पेश भएन ।

का.म.न.पा. वार्ड नं. १0

129. बैङ्क घटी रकमः आर्थिक कार्यविधि नियमावली, २06४ को नियम ९२ मा प्रत्येक कार्यालयले आर्थिक कारोबारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । वडा कार्यालयले खर्च तर्फको २०७३ फाल्गुन मसान्तमा स्रेस्ता भन्दा बैङ्क घटी देखएको रू. ४९,७७४।१४ को सम्बन्धमा के कति कारणले उक्त रकम बैङ्कमा घटी भएको हो सो को स्पष्ट प्रमाण बेगर नै २०७३ फल्गुन मसान्तमा बैङ्क हिसाब समायोजन (म.ले.प.फा.नं.१५० तयार गरी हिसाब मलान गरेको देखयो।

२०७४ आषाढ मसान्तमा कार्यालयको स्रेस्ता अनुसार कुल रू.३९,१२,२३९।०४ मौज्दात देखन्छ भने बैङ्क मौज्दात रू.३८,६२,४६५।२८ मात्र देखन्छ।स्रेस्ता अनुसारको बढी रकम रू.४९,७७४।१४ बैङ्क दाखला हुन बाँकी

रहेर घटी दे खन गएको हो वा अन्य कारणले घटी दे खएको हो सो को य कन गरी हिसाब मलान गर्नु पर्दछ।

130\. **जिन्सी** अ भलेख : आर्थिक कार्यविधि नियमावली, २06४ को नियम ४७(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भै वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारवाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी कितावमा सात दिनभित्र आम्दानी वाधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । वडा कार्यालयले कार्यालयमा रहेका खप्ने तथा नखप्ने जिन्सी सामानको जिन्सी खाता तयार नगरी कम्प्यूटरमा साधारण प्र वष्टी मात्र गरी मूल्य समेत नखुलाई राखेको पाइयो।कार्यालयमा रहेका खप्ने जिन्सी सामानको अवस्था तथा मूल्य य कन गर्न स कएन।कार्यालयले नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

131\. बिलभरपाईः आ र्थक कार्य व ध नियमावली, २०६४ को नियम ३६(८)मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ।कार्यालयले गो.भौ.नं.१२ वाट मति २०७४/१/२९ मा वडा नागरीक मन्चको वैठकमा चया खाजा खर्च भनि का.स. सुदर्शन अचार्यलाई रू.६०००।–भुक्तानी गरेकोमा मति २०७३/१०/१४ मा वडा नागरीक मन्चको ११ औं वैठक वसेको माइन्यूट संलग्न गरेको छ भने चया खाजाको वल २०७४ बैशाख महिनाको रा ख भुक्तानी दिएको छ।

त्यसैगरी भौ.नं. ४२ वाट मति २०७४।३।२६ मा सोहि प्रकृतिको वैठक वापत भनि का.स. सुदर्शन अचार्यलाई रू. ६०००।–पुनः भुक्तानी गरेकोमा मति २०७३/११/२४ मा वडा नागरीक मन्चको १२ औं वैठक वसेको माइन्यूट संलग्न गरी मति २०७४/३/२५ गतेको चया खाजाको वल रा ख भुक्तानी दिएको छ।वैठक वसेको समय भन्दा फरक समयको चया खाजाको वल संलग्न गरी भुक्तानी गरेको औ चत्यपूर्ण दे खएन।यसरी भुक्तानी गरेको जम्मा रू.१२,०००।– सम्बन्धित वाट असूल गरी दा खला गर्नु पर्दछ।

132\. घरजग्गा करमा जरीवानाः महानगरपा लकाले आफूलाई बुझाउनुपर्ने कर समयमा नबुझाएमा कर रकमको २ दे ख ५ प्रतिशत सम्म वा बढीमा ५०००।–नबढ्ने गरी जरीवाना लाग्ने व्यवस्था गरेको छ।वडा कार्यालयले निम्नानुसारको घरजग्गा कर ढिलो असूली हुँदा महानगरपा लकाले तोकेको भन्दा घटी जरीवाना असूली गरेको पाइयो।तो कए वमोजिमको जरीवाना असूली गर्नु पर्दछ।

| करदाता | करयोग्य रकम | कर रकम | आ.व. | जरीवाना रकम | असूल गरेको | असूल गर्न वाँकी |
|---|---|---|---|---|---|---|
| बैङ्क अफ काठमाण्डौं ल मटेड, बुद्धनगर | ८१७९०००० .०० | १२२६८५० .०० | ०७० /७१ | १५००० .०० | १५७० .०० | २८४३० .०० |
| | | १२२६८५० .०० | ०७१ /७२ | १०००० .०० | | |
| | | ३२७१६० .०० | ०७२ /७३ | ५००० .०० | | |

133\. राजश्व दा खलाः स्थानीय निकाय आ र्थक प्रशासन नियमावली, २०६४ को नियम २०(२ मा नगरपा लकालाई प्राप्त भएको रकम गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भो लपल्ट सम्ममा बैंड्क दा खला गर्नु पर्ने उल्लेख छ।कार्यालयले व भन्न र सदहरूवाट व भन्न मतिमा संकलन गरेको निम्नानुसारको राजश्व रकम बैङ्क दा खला नभएको तथा घटी दा खला भएको पाइयो।दा खला हुन बाँकी राजश्व रकम सम्बन्धित कर्मचारीवाट असूल गरी अ वलम्ब दा खला गर्नु पर्दछ।

| भौ.नं./ मति | र सद नं. | ववरण/बुझाउने | र सदको रकम | दा खला रकम | दा खला गर्न बाँकी |
|---|---|---|---|---|---|
| १४३–०७३/९/२९ | ०४१४३५६ | घरजग्गा कर | ९२० .०० | ९१० .०० | १० .०० |
| १२७–०७३/९/०७ | ०४१३८६२ | कृष्णप्रभा श्रेष्ठ | २१०० .०० | ११०० .०० | १००० .०० |
| १२७–०७३/९/०७ | ०४१३८६८ | ज्योतिमाया श्रेष्ठ | ३४५० .०० | ० .०० | ३४५० .०० |
| १३०–०७३/९/१३ | ०४१३९८५ | रूपा खनाल | ३५ .०० | ० .०० | ३५ .०० |
| २–०७४/९/०५ | ०३०२२५८ | घरजग्गा कर | १०२० .०० | ९२० .०० | १०० .०० |
| | | जम्माM | ७५२५ .०० | २९३० .०० | ४५९५ .०० |

134\. आम्दानी र सदः स्थानीय निकाय आ र्थक प्रशासन नियमावली, २०६४ को नियम २०(१0 र (२0 मा नगरपा लकालाई प्रच लत कानुनबमोजिम प्राप्त हुने रकम आम्दानी र सद काटी बुझी लनु पर्ने तथा सोको गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भो लपल्टसम्ममा बैङ्क दा खला गर्नुपर्ने उल्लेख छ।

| | |
|---|---|
| | वडा कार्यालयले कम्प्यूटरको माध्यमवाट आम्दानी र सद काट्ने गरेको भएतापनि सर्भरमा समस्या आएको समयमा हातले नै र सद काट्ने गरेको तथा र सद नियन्त्रण खाता राख्ने गरेको दे कएन।कतिपय अम्दानी र सद प्रन्ट नभएको तथा रद्द गरेको प्रमाण समेत संलग्न गरेको दे खएन।कुनैमा एउटै र सदवाट दुई फरक फरक व्य क्तको नाममा फरक फरक समयमा फरक फरक रकम जम्मा गरेको दे खन्छ।यसवाट र सद अनुसारको कुल आम्दानी य कन गर्न स कएन।के कति कारणवाट र सद नम्वर दोहोरीन गएको हो तथा प्रन्ट नभएका, हातले काटेका र सदहरूको सम्बन्धमा कार्यालयले छान वन गरी र सद अनुसारको आम्दानी रकम य कन गर्नु पर्दछ।यसका केही उदाहरण निम्नानुसार रहेको छ। |
| | <table><tr><th>भौ.नं./ मति</th><th>र सद नं.</th><th>व्य क्तको नाम</th><th>रकम</th></tr><tr><td>१४२–०७३/९/२८</td><td>०४१४३५३</td><td>र मला डङ्गोल कार्की</td><td>२४१८.००</td></tr><tr><td>१४३–०७३/९/२९</td><td>०४१४३५३</td><td>प्रासी दाहाल</td><td>५१०.००</td></tr><tr><td>१३२–०७३/९/१७</td><td>०४१४१०१</td><td>हरि बहादुर वस्नेत</td><td>३२.००</td></tr><tr><td>१३३–०७३/९/१८</td><td>०४१४१०१</td><td>प्रकाश कार्की</td><td>५०१०.००</td></tr></table> |
| 135. | धरौटीः स्थनीय निकाय आ र्थक प्रशासन नियमावली, २०६४ को नियम १७३ अनुसार प्रत्येक स्थानीय निकायले सम्बन्धित बैङ्कमा खाता खोली धरौटी जम्मा गर्नु पर्ने तथा नियम १७६ मा कार्य पूरा नगरेको कारणले प्रच लत कानुनवमोजिम वा करारको सर्तनामामावमोजिम जफत गर्नु पर्ने भएमा अ धकार प्राप्त अ धकारीले निर्णय गरी त्यस्तो धरौटी वा जमानतको रकम जफत गर्नुपर्ने उल्लेख छ।<br>वडा कार्यालयले उपलब्ध गराएको ववरण अनुसार गत आ.व.मा म्याद नाघेका रिटेन्सन मनि र अन्य धरौटी वापतको रकम रू.४,०७,९०४।६२ वगत वर्षहरूदे ख जिम्मेवारी सार्दै ल्याएको तर हालसम्म पनि सदरस्याहा नगरेको दे खयो।कार्यालयको ववरण अनुसार यस वर्ष प्राप्त रिटेन्सन मनि र अन्य धरौटी वापतको रू.६५,१७०।६४ समेत कुल रू.४,७३,०७५।२६ धरौटी बाँकी रहेकोमा म्याद नाघेका धरौटी रकम सदरस्याहा गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ। |
| | का.म.न.पा. वार्ड नं. ११, कार्यालय प्रमुख : श्री जयन्ति श्रेष्ठ लेखा प्रमुख : श्री उद्धव भट्टराई |
| 136. | **आन्तरीक लेखापरीक्षण** : आर्थिक कार्यविधि नियमावली २06४ को नियम ९6 मा खर्च गरेको रकमको आन्तरीक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको लागि विल भरपाई सहित दुरुषत राख्नु पर्ने ब्यबस्था रहेकोमा कार्यालयले खर्चको आन्तरीक लेखापरीक्षण गराएको छैन । नियमावलीको पालना गरी आन्तरीक लेखापरीक्षण गराउनु पर्दछ । |
| 137. | **पेश्की** : स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २06४ को नियम १८२(3) मा पेश्की लिएको रकम फांटबारी सहित तोकिएको समयमै विल भरपाई सहित पेश्की फछ्यौंट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले यो बर्ष विपत ब्यबस्थापन कोषका लागि नागरीक सचेतना केन्द्र का लागि रु. 30,000। पेश्की उपलब्ध गराएकोमा हाल सम्म पेश्की फछ्यौंट गराएको देखिएन । |
| | का.म.न.पा. वार्ड नं. १२ 6]s', काठमाडौं, कार्यालय प्रमुख : श्री ........................लेखा प्रमुख : श्री ..................... |
| 138. | वेरितको कर वजकः मूल्य अभिवृद्धि कर नियमावली, २053 को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले तोकिएको ढाँचामा कर वीजक जारी गर्नुपर्ने व्यवस्था छ । वडा कार्यालयले मति 2074/3/25 मा खोल्यापाखा नारायण परिवार क्लब अगाडी पक्की ढलान आर.स.सी. गरेवापत प्रसुति निर्माण सेवालाई मू.अ.कर रू.57,264।11 समेत रू.4,97,757।30 भुक्तानी गरेकोमा निज निर्माण सेवा 2074।11।14 देखी **Non Filer** रहेको पाइएकोले निजले भुक्तानी लएको मू.अ.कर कर कार्यालयमा समायोजन गरेको छ भन्न सक्ने आधार भएन।अतः निजले भुक्तानी लएको मू.अ.करको कर समायोजन प्रमाण पेश गर्नु पर्दछ। |
| 139. | वद्युत महशुलः समयमा नै वद्युत महशुल तिरी छुट समेत लन स कनेमा ढिला गरी वद्युत महशुल तिरेवाट भौ.नं.17 मति 2073/10/2 वाट रू.902।60 र भौ.नं.27 मति 2074/1/28 वाट रू.451।–समेत रू.1353।60 जरिवाना थप तिरेको असूल गर्नुपर्ने भनि आन्तरिक लेखापरीक्षणबाट औल्याइएको बेरूजू हालसम्म पनि फछ्यौट गरेको छैन। |
| | का.म.न.पा. वार्ड नं. १३, काठमाडौं |
| 140. | गो.भौ.नं.४5 मिति २0७४।3।२5 काठमाडौं महानगरपालिका १3 नं. वडा अन्तर्गत पन्ना पाउरोटी मार्ग स्थित व्लक |

| | |
|---|---|
| | छाप्ने तथा मर्मत निर्माण कार्य गर्न रु.१,४6,२१९।७5 को लागत इष्टिमेट तयार गरी सोको ४० प्रतिशतले हुने रु.5८,४८७।९0 उपभोक्ताले जम्मा गरी मिति २0७४।3।5 को निर्णयले सोझै निर्माण तथा मर्मत कार्य गराउन घ वटा फर्मबाट दररेट लिई सबैभन्दा कम रु.१,४5,5४१।७४ को दररेट पेश गर्ने बोहोरा निर्माण सेवासंग सम्झौता गरी कार्य सम्पन्न गरेको पाइयो । बोहोरा निर्माण सेवालाई कार्य सम्पन्न गरेको बिल अनुसार मू.अ.कर रु.१6,८0७30 समेत रु.१,४6,0९४।२5 खर्च लेखि भुक्तानी गरेको पाइयो । निर्माण व्यवसायीले कर वीजक नै पेश नगरी मू.अ.कर समेत भुक्तानी भएकोले रितपूर्वकको कर वीजक सहित क समायोजन पेश गर्ने अन्यथा मू.अ.कर बापतको रकम असुल गरी दाखिला गर्नुपर्दछ । |
| 141. | भौ.नं.5८ मिति २0७४।3।3१ बाट आ.ब.२0७२।७3 मा भूकम्प पिडीतका लागि निकासा भएको रु.१,35,८6७5९ भूकम्प पिडीतले लिन नआई बविल बैंकमा आम्दानी बाँधेको पाइयो । उक्त रकम नियमानुसार फिर्ता गर्नुपर्दछ । |
| 142. | विद्युत महसुल समयमा नै तिरी छुट समेत लिनुपर्नेमा निम्नानुसार थप महसुल तिरेको भनी आ.ले.प.प्रतिवेदनमा औंल्याइएको रकम रु.१36.63 नियमसम्मत् देखिएन । |

| गो.भौ.नं. र मिति | रकम |
|---|---:|
| 7-073/7/2 | 45.00 |
| 11-073/8/15 | 79.75 |
| 6-074/1/20 | 11.88 |
| **जम्माः** | **136.63** |

| | |
|---|---|
| 143. | गो.भौ.नं. १४ मिति २0७२।१८ बाट भ्याकुम क्लिनर १ थान रु.5,000।- खरिद गरी भुक्तानी भएकोमा माग फाराम खरिद आदेश तथा दाखिला रिपोर्ट समेत भएको नपाइएकोले दाखिलाको प्रमाण पेश गर्नुपर्दछ । |
| 144. | **धरौटीतर्फ** - धरौटी कारोबारको रेकर्ड अद्यावधिक गरी धरौटी खाता खडा गरी नराखेकोले धरौटीको स्रेस्ता पेश हुन नआएको कारण जनाई धरौटीको लेखापरीक्षण हुन नसकेको भनी आ.ले.प.प्रतिवेदनमा औंल्याइएकोमा हालसम्म पनि स्रेस्ता खडा गरी राखेको पाइएन । |
| | का.म.न.पा. वार्ड नं. १४, काठमाडौं |
| 145. | **निर्माण कार्य सम्पन्न नगरेको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३क) अनुसार उपभोक्ता समितिसंग सम्झौता गर्नुपर्ने र सम्झौता अनुसारको कार्यसम्पन्न गर्नुपर्ने व्यवस्था छ । का.म.न.पा. वडा नं.१४ कार्यालयले भौ.नं.१३ मिति २०७३।६।१६ बाट सामाजिक सडक पक्की ढलान गर्ने कार्य गर्न रु.७,६६,६११।२९ को ल.ई. तयार गरी उपभोक्तासंग मिति २०७३।३।२० सम्ममा सम्पन्न गर्ने गरी मिति २०७३।२।३२ मा सम्झौता भएको पाइयो । उक्त सडकको कार्यमध्ये रु.४,२०,१३९।२३ बराबरको कार्यसम्पन्न गरी भुक्तानी गरेकोमा निर्माण कार्यको लागत इष्टिमेट पेश हुन आएन । ९८.५० मिटर लम्बाईमा ब्लक विच्छ्याउने र ढलान गर्ने कार्यमा उक्त कार्यमध्ये २९.५० मिटर खण्डमा कार्य नगरी रु.४,२०,१३९।२३ बराबरको मात्र कार्य गरेको अवस्थामा कार्यसम्पन्न प्रतिवेदन समेत तयार गरी भुक्तानी भएको देखियो । सम्झौता अनुसार सम्पूर्ण कार्य गराउनु पर्नेमा आंशिक कार्यसम्पन्न गरेको अवस्थामा कार्यसम्पन्न गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । |
| 146. | **सम्झौतामा उल्लेख नभएको कार्य** - भौ.नं.२७ मिति २०७३।५ बाट कार्यालयले मिति २०७२।१०।२५ को सम्झौता अनुसार घर धनी लक्ष्मी श्रेष्ठसंग मासिक रु.४६,०००।- मा घर भाडामा लिई प्रयोग गर्दै आएको पाइयो । घर भाडामा लिने दिने सम्झौता हुँदा रोगन गर्ने कार्य कार्यालयले गर्ने वा घर धनीले गर्ने भन्ने कुरा उल्लेख गरेको पाइयो । तर जनप्रतिनिधि आएपछि ३ फ्लाटमा रंगरोगन गर्न रु.१,४९,८५९।२६ को ल.ई. तयार गरी ३ वटा निर्माण सेवाबाट दररेट लिई सबैभन्दा कम दररेट पेश गर्ने डि.एस.एण्ड डी.निर्माण सेवाबाट काम गराई रु.१,४८,५९७।३५ भुक्तानी गरेको छ । घर मर्मत सम्भार र रंगरोगनको कार्य कसले गर्ने भन्ने कुरा सम्झौतामा नै उल्लेख गर्नुपर्नेमा सो नगरी भुक्तानी गर्नु न्यायसंगत देखिएन । |
| 147. | **वार्षिक योजनामा नपरेको कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २३ अनुसार स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यहरु सञ्चालन गरिनु पर्ने व्यवस्था छ । तर वडाको वार्षिक योजनामा नरहेको र बजेट विनियोजन समेत नभएको वडा नं.१४ अन्तर्गत सन्तोषिमाता जाने बाटो RCC ढलान गर्न उपभोक्ताको निवेदन अनुसार रु.४,४२,४४५।४७ को ल.ई. तयार गरी वडामा विनियोजित वडा स्तरीय सडक तथा फुटपाथ शीर्षकको बजेटमध्येबाट खर्च गर्ने गरी २०७४।३।१४ मा वडा अध्यक्षबाट स्वीकृत गरेको पाइयो । उक्त कार्य गर्न ३ वटा कोटेशन माग गरी सबैभन्दा घटी दररेट पेश गर्ने गौरवशाली कन्स्ट्रक्सनसंग मिति २०७४।३।१९ मा सम्झौता भई मिति २०७४।३।२१ को कार्यादेशले ७ दिनभित्र काम सम्पन्न गर्ने भनी उल्लेख भएकोमा निर्माण व्यवसायीले मिति २०७४।३।२५ मा कार्यसम्पन्न भयो भनी भुक्तानीको लागि निवेदन मार्फत माग गरेको पाइयो । मिति २०७४।३।२१ मा मात्र कार्यादेश भएकोमा २०७४।३।२५ मा नै काम सम्पन्नको भुक्तानी मागेबाट बाटो RCC ढलान गर्ने कार्य ३ दिनमा नै सम्पन्न भयो भन्न सकिने अवस्था रहेन । बजेट |

विनियोजन नभएको, वार्षिक योजनामा नपरेको र बाटो ढलान जस्तो कार्य ३ दिनमा नै सम्पन्न भयो भनी भुक्तानी भएको रु.४,९७,५४६।७५ नियम र विधिपूर्वक कार्य भएको छ भन्न सकिने अवस्था रहेन । अतः RCC ढलान जस्तो कार्य यति छोटो समयमा कसरी सम्पन्न हुन सम्भव भयो सोको पुष्टि हुने प्रमाण समेत पेश गर्नुपर्दछ ।

148. **पेश्की** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७(२) तथा ७९ बमोजिम तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । यस वडा कार्यालयले चालु आ.ब.को पेश्की बाँकी रु.७,६८,८०९।७६ आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्यौट नगरी बाँकी रहेकोले नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

**चालु आ.ब.को पेश्की**

| गो.भौ.नं. र मिति | पेश्की लिनेको नाम | पेश्की रकम | कैफियत |
|---|---|---|---|
| 26-074/3/5<br>32-074/3/9 | ना.सु. पदम थापा | 429000.00 | सामाजिक सुरक्षा भत्ता |
| 37-074/3/21 | वडा सदस्य विनोद थापा | 50000.00 | क्लिन सिटी |
| 46-074/3/23 | वडा सदस्य हसना महर्जन | 30000.00 | क्लिन सिटी |
| 59-074/3/25 | वडा सदस्य उर्मीला सेञ्चुरी | 50000.00 | क्लिन सिटी |
| | उपभोक्ता समिति | 197809.76 | निर्माण कार्य |
| | **जम्माः** | **756809.76** | |

का.म.न.पा. वार्ड नं. १५ :joDe', काठमाडौ

149. आ.ले.प. प्रतिवेदनमा सुधार नगरेकोः स्थानीय निकाय आ र्थक प्रशासन सम्बन्धि नियमावली, 2064 तथा आ र्थक कार्य व ध नियमावली, 2064 अनुसार आम्दानी तथा खर्चको लेखा राख्दा नियमावलीमा भएको व्यवस्था पूर्ण रूपमा गर्नुपर्दछ।यस वडा कार्यालयले आम्दानी तथा खर्च गर्दा नियमानुसार खातामा पो ष्टङ्ग नगरेको, जोडजम्मा नगरेको, बैङ्क नगदि कताब र गोश्वारा भौचरमा तालमेल न मलेको, आम्दानी तथा खर्च भौचरका साथ आम्दानी तथा खर्च पु ष्ट हुने प्रमाण संलग्न गरी नराखेको, सामान खरिद गर्दा रू.5,000।–भन्दा मा थ मु.अ.कर दर्ता भएका फर्मबाट खरिद गर्नु पर्नेमा नगरेको भनि आन्तरिक लेकापरीक्षण प्रतिवेदनमा औल्याइएकोमा लेखापरीक्षणको समयसम्म पनि पालना ग स्रेस्ता अद्याव धक गरी राखेको पाइएन।नियमवलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ।

150. राजश्व दा खलाः गत वर्षमा आयकर वापत राजश्व दा खला गर्नुपर्ने रकम रू.1,05,039।35 कार्यालयबाट खर्च ले ख बैङ्कमा राजश्व दा खला गर्न पठाएकोमा चेक नसटाई बैङ्क खातामै रहेको भनि डे वट क्रे डट ववरण पेश गरेको छ।उक्त ववरण अनुसारको रकम रू.1,05,039।35 सम्बन्धित राजश्व खातामा जम्मा गर्नुपर्दछ।

151. जरिवाना भुक्तानीः समयमा नै टे लफोन तथा वद्युत महशुल तिरी छुट समेत लन स कनेमा ढिला गरी वद्युत महशुल तिरेवाट भौ.नं.2 मति 2073/05/24 वाट रू.68।75 र भौ.नं.3 मति 2073/6/2 वाट रू.386।97 समेत रू.455।72 जरिवाना थप तिरेको असूल गर्नुपर्ने भनि आन्तरिक लेखापरीक्षणबाट औल्याइएको बेरूजू हालसम्म पनि फछ्यौट गरेको छैन।

का.म.न.पा. वार्ड नं. १६ ;f]x|v'b], काठमाडौ कार्यालय प्रमुख : श्री बलराम त्रिपाठी, श्री मधु पाण्डे तथा लेखापाल : श्री रामेश्वर पौडेल

152. **जिन्सी** अ भलेख : आर्थिक कार्यविधिनियमावली, २०६४ को नियम ४७(१) माकार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वानगरी वाकुनै प्रकारले हस्तान्तरण भै वा वस्तुगत सहायतावाअन्यकुनै प्रकारवाट प्राप्तहुनआएको जिन्सीमालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सीकितावमा सातदिनभित्रआम्दानीवाधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । वडा **कार्यालयले** कार्यालयमा रहेका खप्ने तथा नखप्ने जिन्सी सामानको जिन्सी खाता तयार नगरी कम्प्यूटरमा साधारण प्र वष्टीमात्र गरी मूल्य समेत नखुलाई राखेको पाइयो।कार्यालयमा रहेका खप्ने जिन्सी सामानको अवस्था तथा मूल्य य कन गर्न स कएन।कार्यालयले नियमावलीमा भएको व्यवस्थाको पालना

| | |
|---|---|
| | गर्नुपर्दछ। |
| 153. | **जरिवाना** : आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार कार्यालयले खर्च गर्दा मितव्ययी तवरले गर्नुपर्ने छ भन्ने उल्लेख भएकोमा टेलिफोन महसुलभुक्तानीगर्दा जरिवाना स्वरुप रु ४२८.८९ भुक्तानी गरेको नियम संगत देखिएन । |
| 154. | **पेश्की बाँकीः** स्थानीयनिकायआर्थिक प्रशासन सम्बन्धीनियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्कीलिनु पर्दा **कर्मचारीको हकमा पद र प्रयोजन तथा गैह्रकर्मचारीको हकमा त्यस्तो व्य क्तको तीन पुस्ते, स्थायी र अस्थायी ठेगानासमेत स्पष्ट** खुलाई आवश्यक रकममात्र पेश्कीदिने र उक्त पेश्कीनियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ ।<br>कार्यालयको ट्रायल व्यालेन्स अनुसार कार्यालयले व भन्न कामको नि मत्त गत वगत आ.व.मा व भन्न कर्मचारी, जनप्रतिनिधी तथा ठेकेदारलाई दिएको रू.1760130।63 पेश्की बाँकी दे खन्छ । कार्यालयको ट्रायल व्यालेन्स अनुसार नाम नामेसी नै नखुलेको रू.1419000।03 पेश्की बाँकी रहेको दे खन्छ।<br>कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको ववरणमा पेश्की पाउने कर्मचारी, जनप्रतिनिधी तथा ठेकेदारको नाम उल्लेख गरेको भएपनि कुन मतिमा के प्रयोजनको ला ग पेश्की उपलब्ध गराएको हो स्पष्ट हुन सकेन।यसरी गत वगत वर्ष दे ख नै मति र प्रयोजन नखुलेको रू. 341130।60 तथा नाम नामेसी नै नखुलेको रू.1419000।03 समेत गरी कुल रू.1760130।63 पेश्की बाँकी रहेको दे खन्छ।यस सम्बन्धमा कार्यालयले छानबिन गरी गत वगतको कुल पेश्की बाँकी रकम य कन गरी नियम १९० अनुसार असुल फछ्र्यौट गर्नुपर्दछ । |
| 155. | धरौटीः स्थनीय निकाय आ र्थक प्रशासन नियमावली, २०६४ को नियम १७३ अनुसार प्रत्येक स्थानीय निकायले सम्बन्धित बैङ्कमा खाता खोली धरौटी जम्मा गर्नु पर्ने तथा नियम १७६ मा कार्य पूरा नगरेको कारणले प्रच लत कानुनवमोजिम वा करारको सर्तनामामावमोजिम जफत गर्नु पर्ने भएमा अ धकार प्राप्त अ धकारीले निर्णय गरी त्यस्तो धरौटी वा जमानतको रकम जफत गर्नुपर्ने उल्लेख छ।<br>वडा कार्यालयले उपलब्ध गराएको ववरण अनुसार गत आ.व.मा म्याद नाघेका रिटेन्सन मनि र अन्य धरौटी वापतको रकम रू.773818।31 वगत वर्षहरूदे ख जिम्मेवारी सार्दै ल्याएको तर हालसम्म पनि सदरस्याहा नगरेको दे खयो।कार्यालयको ववरण अनुसार यस वर्ष प्राप्त रिटेन्सन मनि र अन्य धरौटी वापतको रू.10549।99 समेत कुल रू.784368।30 धरौटी बाँकी रहेकोमा म्याद नाघेका धरौटी रकम सदरस्याहा गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ। |
| | का.म.न.पा. वार्ड नं. १७ wf]jLrf}/, काठमाडौ कार्यालय प्रमुख : श्री राजेश श्रेष्ठ तथा लेखापाल : श्री सावित्री श्रेष्ठ |
| 156. | **मालपोत तथा घर जग्गा नवकरण असूली :** स्थानिय सरकार संचालन ऐन, २०४२ र नियमवली तथा निर्देशिका बमोजिम घर जग्गा कर असुल गर्नुपर्ने व्यवस्था छ । वडा कार्यालयले दिएको विवरण अनुसार १२८८ व्यावसाय कर दर्ता भएकोमा १७५ मात्र नविकरण गरेको छ । साथै वडा कार्यालयले फाइल दर्ता भएका विगतका वर्षौ देखि नविकरण गर्न नआएको फर्म वा सप्लायर्सको फाइल अद्यावधिक गरी नविकरण गर्ने तर्फ वा खारेजी गर्ने ध्यान दिएको देखिएन । नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ । |
| 157. | **घरजग्गा कर :** स्थानिय सरकार संचालन ऐन, २०७४ र नियमावली तथा निर्देशिका बमोजिक घर जग्गा कर असुल गर्नु पर्ने व्यवस्था छ । वडा कार्यालयमा रहेको रेकर्ड अनुसार घर जग्गा कर दर्ता संख्या २५५४ दर्ता रहेकोमा घर जग्गा कर दाताको घर जग्गा असुलीको लागि ध्यान दिएको देखिएन । नियमावलीमा भएको व्यवस्था पालना गर्नु पर्दछ । |
| 158. | **सम्पत्ति मूल्यांकन :** कार्यालयले एकिकृत सम्पत्ति करको दर परिवर्तन गरेको देखियो । फाइल परीक्षणको क्रममा करदाताहरुले स्वंमले सम्पत्तिको मूल्यांकन गरी सो अनुसारको कर लिने गरेको देखायो । सम्पत्ति मूल्यांकन गर्दा नियमले गरेको व्यवस्थाले पालना गरी मूल्यांकन गरेको नदेखिएकोले सम्पत्तिको मूल्यांकन व्यवस्थित गर्नु पर्दछ । |
| 159. | **मालपोत तथा घर जग्गा कर छुट :** स्थानिय सरकार संचालन ऐन, २०७४ र नियमावली तथा निर्देशिका बमोजिक घर जग्गा कर असुल गर्नु पर्ने व्यवस्था छ । वडा कार्यालयले दिएको विवरण अनुसार पव्लिक यूद क्याम्पस, धोवीचौर, शान्ति शिक्षा मन्दिर, नेपाल राष्ट्रिय नि.मा.वि. र बाल विकास नि.मा.वि.ले कर तिरेको देखिएन । कर छुट पाउने नेपाल सरकारको निर्णय पेश हुनुपर्ने अन्यथा करमा समावेश गरी विगत वर्ष देखि बाँकी रहेको कर असूल हुनु पर्दछ । उदाहरणार्थ |
| 160. | **श्रोत नक्साङकन :** स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली २०५६ बमोजिम प्रत्येक वडाले आफ्नो क्षेत्र भित्रको शैक्षिक भौगोलिक अवस्था, प्राकृतिक श्रोत सडक, पुल र खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङकन गरी प्रोफाइल अध्यावधिक गर्नु पर्नेमा सो बमोजिम गरेको पाइएन । नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ । |

161. **धरौटी :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १७६ मा कार्य पुरा नगरेको कारणले प्रचलित कानुन बमोजिम वा करारको शर्तनामा बमोजिम जफत गर्नुपर्ने भएमा अंधिकार प्राप्त अधिकारीले निर्णय गरी त्यस्तो धरौटी वा जमानतको रकम जफत गर्नुपर्ने उल्लेख छ ।

वडा कार्यालयले उपलव्ध गराएको विवरण अनुसार गत आ.व.मा म्याद नाघेको रिटेन्सन भनि र अन्य धरौटी वापतको रु.४,६३,४७९।९८ विगत वर्षहरु देखि जिम्मेवारी सार्दै ल्याएको तर हालसम्म पनि सदर स्याहा गरेको देखिएन । म्याद नाघेको धरौटी रकम सदर स्याहा गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

162. **व्याज आम्दानी :** धरौटी खातामा रहेको व्याज २०७४ असार महिनासम्मको रु.१२,३०३।०५ रहेकोमा सो रकम आम्दानी तर्फ आयमा नदेखाई धरौटी खातामा राखेको पाइयो । उक्त रकम आम्दानी खातामा दाखिला गर्नु पर्दछ ।

163. **घर वहाल कर :** स्थानिय सरकार संचालन ऐन, २०७४ र नियमावली तथा निर्देशिका बमोजिक घर जग्गा कर असुल गर्नु पर्ने व्यवस्था छ । वडा कार्यालयले उपलव्ध गराएको विवरण अनुसार नेपा व्याङकट, क्षेत्रपाटी पार्टी प्यालेस, क्लासिड वफे प्वाइन्ट विनायक भेनु, जस्मि पार्टी प्यालेस, पाराडाइज पार्टी प्यालेस, विगमार्ट सपिङ सेन्टर र के.के.मार्ट सपिङ सेन्टर कर वक्यौतामा रहेको वाहलकर यकिन गरी असुली गर्नु पर्दछ ।

164. **पुरानो पेश्की बाँकी :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्याद भित्र फछयौंट गर्नुपर्ने व्यवस्था छ । पेश्की बाँकीको विवरण अनुसार कार्यालयले विभिन्न कामको निमित्त गत विगतमा विभिन्न देकेदार पेश्की २४,९९,७२४।- कर्मचारी पेश्की ३७,२६०।६८ अन्य पेश्की ७,५४,७४९।४९ नाम नामेसी नखुलाएको जम्मा रु.३२,९१,७३४।१७ हालसम्म पनि फछ्यौंट गरेको देखिएन । उक्त पेश्की नियम १९० अनुसार आवश्यक कारवाही गरी असुल फछ्यौंट गर्नु पर्दछ ।

165. **आ.ले.प. वेरुजू** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६(३) मा आन्तरिक लेखापरीक्षबाट औल्याएको वेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्यौंट गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । पूर्वाधार सुधार शीर्षकमा स्वीकृत वजेट र निकासा रकम रु.३७,००,०००।- भएकोमा रु.३९,२५,६५१।९० खर्च भई वढी खर्च भएको रु.२२,५६५१।९० केन्द्रबाट स्वीकृत लिई अनुमोदन गराउनु पर्ने देखिन्छ । वडा कार्यालयले सो व्यवस्था अनुसारको आलेप वेरुजू फछ्यौंट तथा सुभाव कार्यान्वयन गरेको देखिएन ।

का.म.न.पा. वार्ड नं. १८, काठमाडौ कार्यालय प्रमुख : >L sृष्ण प्रसाद चापागांई र धर्ममुनिकार ले.पा श्री मनराज बस्नेत

166. **धरौटी** : स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७९ धरौटीको कारोबारको लेखा अध्यबधिक राख्नु पर्ने ब्यबस्था रहेको छ । कार्यालयले गत बर्षको जिम्मेवारी धरौटी रु. २८२,४९५।४१ समेत यो बर्ष सम्मको मौज्दात रु ३०५,४०२।२६ देखाएकोमा नाम नामेशीको विबरण खुलाएको छैन । नाम नामेशीको विबरण अध्यबधिक गराउनु पर्दछ ।

167. **धरौटी आम्दानी** : स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७९ धरौटीको कारोबारको लेखा अध्यबधिक राख्नु पर्ने ब्यबस्था रहेको छ । वडा कार्यालयले यो बर्ष देहाय अनुसार रु ३३,६८२।४७ धरौटी कट्टा गरेकोमा उक्त रकम धरौटीमा आम्दानी देखाएको छैन। उक्त रकम धरौटीको मौज्दातको रुपमा बैकमा पनि छैन । उक्त रकम छानविन गरी धरौटी आम्दानी दुरुषत राख्नु पर्दछ ।

| भौ नं र मिति | धरौटी कट्टा गर्नेको नाम र विबरण | रकम |
|---|---|---|
| ^7./074/2/16 | सेती देबी निमार्ण सेवा बाट कट्टी | 11711/38 |
| 69/074.3/26 | तिरुपति निमार्ण कम्पनि प्रा.ली काठमाण्डौबाट कट्टी | 21971/09 |
| | **जम्माः** | **33682.47** |

168. अग्रिम कर : आयकर ऐन २०५८को दफा ८९ अनुसार अग्रिम कर कट्टा गरी भुक्तानी गर्नु पर्ने रकममा अग्रिम कर कट्टा नगरेको तथा कट्टी गरेकोमा राजस्व दाखिला गरेको नदेखिएकोले असुल गरी रु 14,611.32 राजस्व दाखिला गर्नुपर्दछ ।

| भौ नं र मिति | कर कट्टा गर्नेको नाम र विबरण | बिल रकम | १.५रकम |
|---|---|---|---|
| ^7./074/2/16 | सेती देबी निमार्ण सेवा बाट कट्टी | 23420.0 | 3513/41 |
| 69/074.3/26 | तिरुपति निमार्ण कम्पनि प्रा.ली काठमाण्डौबाट कट्टी | 439400.0 | 6591.32 |
| 19/074.3.23 | सडक बत्ती मर्मत पशुपति इलेक्ट्रीकल भोटेबाहल काठमाण्डौ | 66066.0 | 1000.0 |
| 22/074/3/2 | क्लिन दि सिटि अधिकारी इलेक्ट्रीकल वर्कसप सोरखुट्टे काठमाण्डौ | 54000.0 | 7020.0 |

| | | | |
|---|---|---|---|
| 5 | | | |
| | जम्मा: | **582886.0** | **14611.32** |

169. **आन्तरीक लेखापरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ मा खर्च गरेको रकमको आन्तरीक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको लागि विल भरपाई सहित दुरुस्त राख्नु पर्ने ब्यबस्था रहेकोमा कार्यालयले खर्चको आन्तरीक लेखापरीक्षण गराएको छैन । नियमावलीको पालना गरी आन्तरीक लेखापरीक्षण गराउनु पर्दछ ।

का.म.न.पा. वार्ड नं. १९ bdfO+6f]n, काठमाडौ

170. **पेश्की बाकी रकम :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार पेश्की दिएको रकम आर्थिक वर्षको अन्त सम्ममा फछ्र्यौट गर्न बाकी रकम रु.४८,४१,६००।-नियमानुसार फछ्र्यौट गर्नु पर्ने देखिन्छ ।

| पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|
| जनप्रतिनिधि चन्द्रमान डंगोल | 200000.00 |
| जनप्रतिनिधि मधुसुदन प्रधान | 100000.00 |
| कर्मचारी श्यमकृष्ण मर्हजन | 100000.00 |
| शिर्द्धार्थ बैक लिमिटेड | 4441600.00 |
| **जम्मा:** | **4841600.00** |

171. **बढी पेश्की फछ्र्यौट गरेको :** आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जांच गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले भौ नं.२२ मिति २०७३।१०।२६ वाट २०७२ बैशाक १२ तथा २९ गते गएको भुकम्पवाट पिडित हरुलाई न्यानो लुगा वापत प्रति व्यक्ति रु.१०,०००। का दरले वितरण गरेको भनी गत आर्थिक वर्ष वडा सचिव रविन्द्रलाल श्रेष्ठको नाममा रहेको पेश्की बाकी रकम रु. ९००,०००। मध्ये ८३०,०००। को रकम वुझाएको फांटवारी तथा रु.३०,०००।को नगद फिर्ता गरेको आधारमा पेश्की फछ्र्यौट गरेको छ। निजको नाममा कूल पेश्की रकम रु.१९,९०,०००। मध्ये गत वर्ष रु. १०,९०,०००। र यस वर्ष रु.९००,०००। समेत कूल रु. १९,९०,०००। पेश्की फछ्र्यौट गरेकोमा रु. १९,००,०००। को रकम वुझाएको भरपाई तथा रु.७०,०००।को नगद फिर्ता दाखिला गरेको समेत वाट कूल रु. १९,७०,०००। को मात्र विल भरपाई पेश भएको छ । यसरी कूल पेश्की फछ्र्यौट गरेको रु. १९,९०,०००। को फाटवारी रु.१९,७०,०००। मात्र देखिंदा विल भरपाई भन्दा बढी पेश्की फछ्र्यौट गरेको रकम रु.२०,०००। असुल हुनु पर्दछ ।

172. **बढी भुक्तानी गरेको :** आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जांच गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले निम्न भौ नं र मितिवाट निम्न कार्य गरे वापत निम्न निर्माण व्यवसायीलाई भुक्तानी गरेकोमा निर्माण कार्य गराउन कोटेसनमागं गरी कार्य गराउदा निर्माण व्यवसायीले कोटेसन दिंदा कवोल गरेको रकम मात्र भुक्तानी दिनु पर्नेमा सो भन्दा निम्नानुसार बढी भुक्तानी गरेको रकम रु.१२३,००५।१२ असुल हुनु पर्दछ ।

| भौ नं र मिति | कार्य विवरण | कोटेसनमा कवोल गरेको रकम | भुक्तानी गरेको रकम | बढी भुक्तानी गरेको रकम | निर्माण व्यवसायी |
|---|---|---|---|---|---|
| 39/2074/3/30 | ब्लक छाप्ने काम | 129978.09 | 146875.24 | 16897.15 | सेतीदेवी निर्माण सेवा |
| 40/2073/3/25 | आर.सी.सी.ढलान | 384944.87 | 434987.70 | 50042.83 | बज्रतारा निर्माण सेवा |
| 41/2074/3/25 | ब्लक छाप्ने काम | 431269.34 | 487334.35 | 56065.14 | लावाङ्ग लामा कन्स्ट्रक्सन |
| **जम्मा:** | | **946192.3** | **1069197.29** | **123005.12** | |

173. **आन्तरीक लेखा परीक्षण प्रतिवेदनको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(३) अनुसार कार्यालयले आन्तरीक लेखापरिक्षणवाट निस्केका वेरुजु अन्तिम लेखपरिक्षण हुनु भन्दा अगाडी नै नियमित गराई, प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी बेरुजू लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरिक्षणवाट औल्याईएका वेरुजु फछ्र्यौट गराएको छैन ।

का.म.न.पा. वार्ड नं. २० led;]g:yfg, कार्यालय प्रमुख : >L cGhnL l;Nksf/, >L /fdhL >]i7 tyf ले.पा श्री टेकराज उप्रेती र शेरबहादुर ओली

174. कार्यालयले उपलब्ध गराएको राजश्व आम्दानीको ववरण तथा बैङ्क स्टेटमेन्ट अनुसार आ.व.२०७३/७४ मा कार्यालयले कुल रू.24,87,130.61 राजश्व आम्दानी गरी बैङ्क दा खला गरेको दे खन्छ। लेखापरीक्षणको क्रममा राजश्व आम्दानीको नगदी र सद, सो अनुसारको गोश्वारा भौचर र बैङ्क नगदी कताबको जोडजम्मा गर्दा वा षक कुल राजश्व आम्दानी रू.24,99,863.97 रहेको पाइयो।कार्यालयले कुल वा षक राजश्व आम्दानी भन्दा रू.12,733.36 घटी राजश्व बैङ्क दा खला गरेको दे खयो। उक्त रकम सम्बन्धित कर्मचारीबाट असूल गरी अ वलम्ब महानगरपा लकाको खातामा दा खला गर्नु पर्दछ।

175. राजश्व कारोबारको लेखाः आ र्थक कार्य वधी नियमावली, २०६४ को नियम नियम ९२(१० मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ।कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०८ र २३ राखेको दे खएन।नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं.१०८ र म.ले.प.फा.नं.२३ रा ख राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ।

महानगरपा लकाले राजश्व आम्दानीको सफ्टवेयर प्रयोग गरी र सद काट्ने व्यवस्था गरेको भएतापनी वडा कार्यालयले कम्प्यूटरको माध्यमवाट आम्दानी र सद नकाटी हात ले नै र सद काट्ने गरेको तथा र सद नियन्त्रण खाता नराखेको, दैनिक संकलित राजस्व रकम सोही दिन वा अर्को दिन बैक दाखिला नगरी लामो समय सम्म नगद बैक दाखिला नगरी राखेको पाईयो । साथै बैक नगदि किताब पुर्ण रुपमा जोड जम्मा गरी लेजर खाता संग भिडान गरेको पाईएन, केन्द्र संग हिसाव मिलान गरेको पाईएन ।

176. **विनियोजन तर्फ** : **स्टोर दाखिला गनुपर्ने** : स्थनीय निकाय आ र्थक प्रशासन नियमावली, २०६४ बमोजिम खरिद सामान जिन्सी दाखिला गर्नुपर्दछ । खरिद भएका निम्नानुसार जिन्सी सामान दाखिला गर्नुपर्दछ ।

| गो.भौ.नं. र मिति | सामानको विवरण | रकम |
|---|---|---|
| 25/2074/3/25 | वाटर पम्प | 10650 |
| 22v/2074/3/22 | पाईप खरिद | 4,600 |
| 16/2074/3/9 | मोवायल खरिद | 30,000 |
| | **जम्माः** | **45,250** |

177. **विल भरपाई सहितको लेखा** : स्थानिय निकाय आ र्थक प्रशासन नियमावली, २०६४ अनुसार खर्च गर्दा खर्चलाई प्रमाणित गर्ने विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्न कारोवारमा विलभरपाई समावेश नगरी खर्च गरेको खर्च प्रमाणित गर्ने लेखा राख्नुपर्दछ अन्यथा रु.2,04,315.81 अशुल गर्नुपर्दछ ।

| **गो.भौ.नं.** | **मिति** | **विवरण** | **रकम** |
|---|---|---|---|
| 3 | 2073/6/2 | कुकुर व्यवस्थापन खर्च बापत भुक्तानी | 50,000 |
| 15 | 2073/7/22 | टेलिफोन महशुल भुक्तानी | 1,478.81 |
| 16 | 2073/8/19 | कुकुर व्यवस्थापन खर्च बापत भुक्तानी | 30,000 |
| 18 | 2073/9/14 | नागरिक सचेतना केन्द्रलाई भुक्तानी | 30,000 |
| 26 | 2073/11/19 | निर्वाचन भत्ता वितरण | 25,500 |
| 27 | 2073/11/19 | मसलन्द सामान खरिद | 10,000 |
| 29 | 2073/11/19 | विज्ञापन वापत भुक्तानी | 2,500 |
| 2 | 2073/12/9 | जलपान खर्च भुक्तानी | 1,000 |
| 4 | 2074/12/10 | टेलिफोन महशुल भुक्तानी | 2,737 |
| 22 e | 2074/3/22 | कार्यालय सामान खरिद | 13,100 |
| 27 3 | 2074/3/25 | नागरिक सचेतना केन्द्रलाई भुक्तानी | 20,000 |
| @& 8 | 2074/3/25 | जलपान खर्च | 18,000 |
| | | **जम्मा** | **2,04,315.81** |

178. **आन्तरिक लेखापरिक्षण** : आर्थिक कार्यविधि नियमावली २06४ को नियम ९6 मा खर्च गरेको रकमको आन्तरीक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको लागि विल भरपाई सहित **स्रेस्ता दुरूस्त** राख्नु पर्ने व्यबस्था छ। आन्तरीक

| | |
|---|---|
| | लेखापरीक्षणले औल्याएको निम्न व्यहोरा आ.व.को अन्त्य सम्ममा पनि फछ्र्यौट नगरेकोले वडा कार्यालयले यस तर्फ ध्यानदिन पर्दछ । |
| 179. | धरौटीः स्थनीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७३ अनुसार प्रत्येक स्थानीय निकायले सम्बन्धित बैङ्कमा खाता खोली धरौटी जम्मा गर्नु पर्ने तथा नियम १७६ मा कार्य पूरा नगरेको कारणले प्रचलित कानुनवमोजिम वा करारको सर्तनामामावमोजिम जफत गर्नु पर्ने भएमा अधिकार प्राप्त अधिकारीले निर्णय गरी त्यस्तो धरौटी वा जमानतको रकम जफत गर्नुपर्ने उल्लेख छ।<br>वडा कार्यालयले गोश्वरा धरौटि खाता तथा व्यक्तिगत धरौटी खाता र धरौटिको बार्षिक विवरण वनाएको पाईएन । यस बाट धारौटी खाता अध्यावधिक भएन भने पुरानो धरौटीको मिति उल्लेख गरि जफतको कारवाहि गर्नसक्ने अवस्था रहेन । |
| | **का.म.न.पा. वार्ड नं. २१** hofjxfn, काठमाडौ |
| 180. | राजश्व दाखलाः स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०(२) मा नगरपालिकालाई प्राप्त भएको रकम गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोलिपल्ट सम्ममा बैंङ्क दाखला गर्नु पर्ने उल्लेख छ।कार्यालयले विभिन्न रसदहरूवाट विभिन्न मितिमा संकलन गरेको निम्नानुसारको राजश्व आम्दानी रू.२१,६१६।५५ गोश्वारा भौचर उठाउँदाको समयमा नै घटी उठाई घटी रकम बैङ्क दाखला गरेको देखयो।दाखला हुन बाँकी देखएको राजश्व आम्दानी सम्बन्धित कर्मचारीवाट असूल गरी अविलम्ब महानगरपालिकाको खातामा दाखला गर्नु पर्दछ। |

| भौ.नं./ मिति | रसद अनुसार जम्मा रकम | भौचर उठाएको रकम | घटी रकम |
|---|---|---|---|
